# बाल न्यायका सन्दर्भमा गैरहिरासतीय उपायः कानूनी व्यवस्था र अभ्यास

## अध्ययन प्रतिवेदन, २०७९

राष्ट्रिय न्यायिक प्रतिष्ठान

नेपाल

# बाल न्यायका सन्दर्भमा गैरहिरासतीय उपायः
# कानूनी व्यवस्था र अभ्यास
## अध्ययन प्रतिवेदन, २०७९

राष्ट्रिय न्यायिक प्रतिष्ठान
मनमैंजू, काठमाण्डौं, नेपाल

**अध्ययन समूहः**

संयोजक, श्री रमा देवी पराजुली, सहन्यायाधिवक्ता/फ्याकल्टी, राष्ट्रिय न्यायिक प्रतिष्ठान
सदस्य, श्री श्रीकृष्ण मुल्मी, निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
सदस्य, श्री संजीव राई, उप-निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
विज्ञ सदस्य, डा. श्री शिव पौडेल, अधिवक्ता

**तथ्याङ्क संकलन समूहः**

श्री करुणा थपलिया, अनुसन्धान अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री राजेश बास्तोला, प्रशिक्षण व्यवस्थापन अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान
श्री रोजर श्रेष्ठ, प्रशिक्षण व्यवस्थापन अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान

**प्रकाशकः**

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं
फोन नं.: ९७७-१-४०२७४४९/४०२७४५१
फ्याक्स नं.: ९७७-१-४०२७१४०
पो.व.नं.: २४८६५
इमेलः info@njanepal.org.np
वेभसाइटः www.njanepal.org.np

**सर्वाधिकारः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**प्रकाशितः** १००० प्रति
**मुद्रणः** नव प्रिन्ट सोलुसन

**सहयोगः**

संयुक्त राष्ट्रसंघीय बाल कोष

# मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठानले न्याय र कानूनको क्षेत्रका बिविध बिषयमा खोजमूलक अध्ययन अनुसन्धान तथा प्रकाशन गरी न्यायिक जानकारी प्रवाह गर्ने कार्यहरुसमेत गर्दैआएको छ। यसै सिलसिलामा यस प्रतिष्ठानबाट संयुक्त राष्ट्र संघीय बालकोषको सहयोगमा "बालन्यायका सन्दर्भमा गैरहिरासतीय उपायः कानूनी व्यवस्था र अभ्यास" को विषयमा अध्ययन गर्न एक अध्ययन समूह गठन भई प्राप्त भएको अध्ययन प्रतिवेदन प्रकाशनमा ल्याउन पाउँदा खुशी लागेको छ।

बाल अधिकार संरक्षण तथा कानूनको बिवादमा परेका बालबालिकालाई संविधान र कानूनले सुनिश्चित गरेका हक अधिकारको उपभोगको प्रत्याभूत गरी उनीहरुको सर्वोत्तम हितलाई प्रवर्द्धन गर्न बिशेष ऐनको रुपमा बालबालिकासम्वन्धी ऐन, २०७५, बालन्याय कार्य (सम्पादन) नियमावली, २०७६ र बालबालिकासम्वन्धी नियमावली, २०७८ कार्यान्वयनमा रहेका छन्। बालबालिकासम्बन्धी कानूनमा गरिएका नवीनतम व्यवस्थाहरुमध्ये मुद्दाको सुनुवाईको क्रममा गैरहिरासतीय उपाय एक महत्वपूर्ण व्यवस्थाको रुपमा रहेको छ। सुनुवाइको क्रममा गैरहिरासतीय उपायको अवलम्बन गरिनु पर्ने कुरामा यसको कार्यान्वयनको पाटो के कस्तो अवस्थामा छ भन्ने बिषय नै यस खोजमूलक कार्यको मूल अध्ययनको विषय रहेको छ। यस सम्बन्धमा काठमाडौं उपत्यकाभित्र रहेका तीनवटा जिल्लाका बाल इजलासबाट भएका प्रतिनिधिमूलक फैसलासमेतलाई आधार बनाई बिश्लेषणात्मक रुपमा यो प्रतिवेदन तयार भएको छ। बालबालिका संलग्न रहेका वा कानूनको बिवादमा परेका बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राख्ने, मुद्दाको अनुसन्धान, पुर्पक्ष र फैसला गर्दा सम्भव भएसम्म गैरहिरासतीय उपायको अवलम्बन गर्नुपर्ने र अन्तिम उपायको रुपमा मात्र नियन्त्रणमा लिनुपर्ने तथा बालसुधार गृहमा राख्नुपर्ने समेतका बिषयहरुमा यहाँ बिस्तृत बर्णन गरिएको छ। यसको सैद्धान्तिक अवधारणा, अन्तर्राष्ट्रिय कानूनी प्राबधान, राष्ट्रिय कानूनी व्यवस्था र केही देशमा यस सम्बन्धमा रहेको अभ्यासको बारेमा समेत यस प्रतिवेदनमा चर्चा गरिएको छ। यी विषयहरुमा बालन्याय सम्पादनको कार्यमा संलग्न हुने सबै पदाधिकारीहरु र सरोकारवालाहरु जानकार हुनु आवश्यक हुन्छ। अतः यस अनुसन्धान प्रतिवेदनको प्रकाशनबाट यस क्षेत्रमा रहेको स्रोत सामग्रीको अभावलाई केही हदसम्म भए पनि पूरा गर्दै बालन्याय सम्पादनको कार्यमा संलग्न हुनुहुने माननीय न्यायाधीश, समाजसेवी, बालमनोविज्ञ, सरकारी वकिल र विद्वान प्रतिपक्षी कानून व्यवसायीलगायत सरोकारवालाहरु सबैलाई यस बिषयमा थप जानकारी लिन सहयोगी सिद्ध हुनेछ भन्ने बिश्वास यस प्रतिष्ठानले लिएको छ।

मनमैंजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

अन्त्यमा, यस अनुसन्धान कार्य सम्पन्न गर्न अथक मेहनत गर्नुहुने अनुसन्धान अध्ययन समूहका संयोजक यस प्रतिष्ठानका फ्याकल्टी/सहन्यायाधिवक्ता श्री रमा देवी पराजुली, निर्देशक श्री श्रीकृष्ण मुल्मी, उपनिर्देशक श्री संजीव राई, विज्ञ सदस्य अधिवक्ता डा. शिव पौडेल, अनुसन्धान अधिकृत श्री करुणा थपलिया, प्रशिक्षण व्यवस्थापन अधिकृतद्वय श्री राजेश बास्तोला र श्री रोजर श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यसैगरी व्यवसाय विकास व्यवस्थापक श्री राजन कुमार के.सी.लाई हार्दिक धन्यवाद दिनु चाहन्छु। साथै यस अनुसन्धान कार्यको क्रममा अमूल्य सुझाब दिनुहुने प्रतिष्ठानका नायव कार्यकारी निर्देशक माननीय श्री केदार पौडेललाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस अध्ययन तथा प्रकाशनको कार्यमा प्राविधिक तथा आर्थिक सहयोग गर्नुहुने संयुक्त राष्ट्र संघीय बालकोष तथा त्यस संस्थाका बाल संरक्षण प्रमुख श्री ड्यान रोनो र बाल संरक्षण विज्ञ श्री राधा गुरुङ्गलाई पनि धन्यवाद दिन चाहन्छु।

बैद्यनाथ उपाध्याय

कार्यकारी निर्देशक

# मुद्दाहरुको सूची

- प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम थानकोट 'ण' (०७७/०७८) (मुद्दा नं.: ०७७-C१-०८०८)
- प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम २६(०७६/०७७) वृत्त कालिमाटी १क समेत (मुद्दा नं.: ०७६-C१-०१६१)
- परिवर्तित नाम वालाजुको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम वालाजु ०७६/०७७(१२०) (मुद्दा नं.: ०७६-C१-१४८५)
- परिवर्तित नाम वौद्व ६२(०७५/०७६) जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम ६२(क) ०७६/०७७ (मुद्दा नं.: ०७५-C१-१७३१)
- प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम जासेवा ३७(ख) समेत (मुद्दा नं. ०७५-C१-०५६९)
- निशा घलेको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम वृत्त नयाँ बानेश्वर २६(३७)(०७६/०७७) (मुद्दा नं. ०७६-C१-१००८)
- शंकर मालमुलको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम बौद्ध ३४ (०७६/०७७) (मुद्दा नं.: ०७६-C१-०९१९)
- भरत भट्टराईको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम वृत्त नयाँ बानेश्वर २६(४१) ०७६/०७७ (मुद्दा नं.: ०७६-C१-११२८)
- श्रृजना जोशी प्रधानको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम साँगाचोक (क) समेत (मुद्दा नं.: ०७६-C१-०१९७)
- परिवर्तित नाम थाहा (क)को जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम चित्लाङ्ग (क) (मुद्दा नं.: ०७६-C१-०१३८)
- प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार वि. चापागाउँ बहादुर (मुद्दा नं.: ०७६-C१-०३८१)
- सोममाया तामाङ्ग (कार्की) को जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम थर कुसुन्ती (क) (मुद्दा नं.: ०७५-C१-०११९)
- सुजित के. सी. को जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम वृत्त नयाँ बानेश्वर २६(२८)०७७/०७८ (मुद्दा नं.: ०७७-C१-०९३९)

- प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम वृत्त नयाँ बानेश्वर ४२ (०७७/०७८) (मुद्दा नं.: ०७७-C१-१०१७)
- प्रेम जैशीको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम २०७७ किर्तिपुर (च) (मुद्दा नं.: ०७७-C१-१०६४)
- अनरुल भन्ने अनवारुल हकको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम २०७६ किर्तिपुर (ष) समेत (मुद्दा नं.: ०७७-C१-०२९४)
- सतिस कुमार कलवारको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम २६ वृत्त कालिमाटी ०७७/०७८(४) (मुद्दा नं.: ०७७-C१-०४०२)
- प्रहरी प्रतिवेदनको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम महाराजगञ्ज २७१ (मुद्दा नं.: ०७७-C१-०६६२)
- चुडाराज भट्टराईको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम वौद्ध ६९(२०७६/०७७) (मुद्दा नं.: ०७६-C१-१९१९)
- अनुप वस्नेतको जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम महाराजगंज २०४ (मुद्दा नं.: ०७६-C१-०६०९)
- परिवर्तित नाम वौद्व ४९क (०७५/०७६) को जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम वौद्ध ४९ (मुद्दा नं.: ०७५-C१-१४७८)
- परिवर्तित नाम भक्तपुर २७ (ठ१) को जाहेरीले वादी नेपाल सरकार वि. परिवर्तित नाम भक्तपुर २७ (ढ१) (मुद्दा नं.: ०७५-C१-००९१)

# विषय सूची

पृष्ठ नं.

मन्तव्य

मुद्दाहरुको सूची

परिच्छेद - एक

१.१ अध्ययनको पृष्ठभूमि ........ १

१.२ अध्ययनको आवश्यकता र महत्त्व ........ ३

१.३ अनुसन्धानको समस्या कथन ........ ५

१.४ अनुसन्धानको उद्देश्य ........ ५

१.५ पूर्व अध्ययनको समीक्षा ........ ५

१.६ अध्ययनको सीमा ........ ६

१.७ अध्ययनको संरचना ........ ७

परिच्छेद - दुई

२. अध्ययन तथा अनुसन्धान पद्धति ........ ८

२.१ अध्ययन तथा अनुसन्धानको ढाँचा ........ ८

२.२ अध्ययनको जनसंख्या र नमुनाकरण विधि ........ ८

२.३ तथ्याङ्कको स्रोत ........ ८

२.४ तथ्याङ्कको प्रशोधन तथा विश्लेषण र व्याख्या ........ ९

परिच्छेद - तीन

३. गैरहिरासतीय उपायसम्बन्धी अवधारणागत पक्ष ........ १०

३.१ गैरहिरासतीय उपायको प्रकार ........ ११

३.२ गैरहिरासतीय उपायको क्षेत्र ........ १२

३.३ गैरहिरासतीय उपायको चरणहरु ........ १३

३.४ गैरहिरासतीय उपायसम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरु ........ १५

परिच्छेद - चार

४. गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय र राष्ट्रिय कानूनी व्यवस्था ........ ३३

४.१ संयुक्त राष्ट्र संघीय कानूनी व्यवस्था ........ ३३

४.२. राष्ट्रिय कानूनी व्यवस्था ........ ३५

**परिच्छेद - पाँच**

५. गैरहिरासतीय उपायको सन्दर्भमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण ........ ४१

**परिच्छेद - छ**

६. गैरहिरासतीय उपाय अवलम्बन गरी बाल इजलासबाट भएका फैसलाहरुबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण ........ ४४

६.१ बालबालिका कसूरदार ठहर भएका मुद्दाहरुको प्रकृति र संख्या ........ ४४

६.२ बालबालिका कसूरदार ठहर भएका मुद्दाहरुमा हिरासतीय वा गैरहिरासतीय उपाय अवलम्बनको अवस्था ........ ४५

६.३ गैरहिरासतीय उपाय अवलम्बन गरी गरिएका मुद्दामा थुनछेक आदेशको प्रकृति ........ ४६

६.४ गैरहिरासतीय उपायसम्बन्धी व्यवस्था कार्यान्वयन गरिएको मुद्दाको प्रकृति र अवस्था ........ ४६

६.५ गैरहिरासतीय उपाय अवलम्बन गरिएको मुद्दामा संलग्न रहेको बालबालिकाको उमेर समूह ........ ४७

६.६ गैरहिरासतीय उपाय अवलम्बन गरी फैसला गर्दा उल्लेख भएका आधारहरू ........ ४८

६.७ गैरहिरासतीय उपाय अवलम्बन गर्दा बालबालिकाका लागि तोकिएका शर्तहरु ........ ४९

६.८ गैरहिरासतीय उपाय अबलम्बन गरी फैसला भएका मुद्दाहरुमा सजाय स्थगनसम्बन्धी व्यवस्थाको प्रयोगको अवस्था ........ ५०

६.९ सजाय स्थगन गरिएका मुद्दाहरूमा ठहर गरिएका कैद सजायको प्रकृति ........ ५१

**परिच्छेद - सात**

७. बाल इजलासमा कार्यरत न्यायाधीश, प्रोवेशन अधिकारी, समाजसेवी र बालमनोविज्ञसँग लिएको अन्तर्वार्ताको विश्लेषण ........ ५२

**परिच्छेद - आठ**

८. अध्ययनको नतिजा तथा निष्कर्ष र सुझाव ........ ५५

८.१ अध्ययनको नतिजा ........ ५५

८.१ निष्कर्ष र सुझाव ........ ५७

**अनुसूचीहरु**

अनुसूची — १ ........ ६१

अनुसूची — २ ........ ६७

# परिच्छेद - एक

## १.१ अध्ययनको पृष्ठभूमि

बालबालिकाको शारीरिक तथा बौद्धिक स्थिति विकासशील अवस्थामा रहने हुँदा उनीहरुले कुनै काम गर्दा त्यसको असर र परिणामबारे सोच विचार गरेका हुँदैनन्। उनीहरुको आवश्यकता र चाहना पनि वयस्क व्यक्तिको भन्दा फरक हुन्छन्। त्यसैले फौजदारी कानूनले कसूर भनी परिभाषित गरेका कार्यमा संलग्न भै कानूनको बिवादमा परेका बालबालिकालाई[1] उनीहरुको बालापन अनुकूल न्याय प्रदान गर्नका लागि वयस्क व्यक्तिको लागि व्यवस्था गरिएको कानून, कार्यबिधि र संस्थागत संरचनाभन्दा फरक किसिमले बालमैत्री बातावरणमा न्यायिक प्रकृया संचालन गर्नुपर्दछ।[2] जसबाट मात्र कम उमेर तथा शारीरिक र मानसिक अपरिपक्वताको कारणले कानूनको विवादमा परेका बालबालिकाको आचरणमा सकारात्मक रुपमा सुधार गरी उनीहरुलाई एक जिम्मेवार नागरिकको रुपमा समाजमा पुनर्स्थापित गर्न सकिन्छ भन्ने मान्यताको आधारमा कानूनको एक छुट्टै विधाको रुपमा बाल न्याय प्रणालीको विकास भएको पाइन्छ। बालन्यायका लागि राज्यहरुले विशेष कानून, कार्यविधि जारी गरी सोही अनुरुपको संस्थागत संरचनाको स्थापना गरेका हुन्छन्। यसबाट कानूनको विवादमा परेका बालबालिकाको बाल अनुकूल न्यायको हकको व्यावहारिक प्रयोगमा मद्दत पुग्दछ।

कानूनको विवादमा परेका बालबालिकालाई समाजमा पुनर्स्थापना र पुनःएकीकरण गर्नु बाल न्यायको प्रमुख उद्देश्य हो। कानूनको बिवादमा परेका बालबालिकालाई संरक्षण गर्दै, गल्ती सच्याउने र समाजप्रति जिम्मेवार बनाउँदै कानूनको पालना गराउनको लागि सुधारात्मक उपाय अपनाउनु पर्दछ। बालन्यायको लागि न्यायिक प्रकृया संचालन गर्दा कानूनको विवादमा परेका बालबालिका उपर गैरहिरासतीय उपायहरुको प्रयोगमा जोड दिई तिनीहरुको हकमा हिरासतलाई अन्तिम उपायको रुपमा स्वीकार गरिएको छ।

नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रसमेत भएको हुँदा संयुक्त राष्ट्र संघबाट पारित भै नेपाल पक्ष भएका मानव अधिकारसँग सम्बन्धित विभिन्न सन्धि महासन्धिहरु कानूनसरह मानिने व्यवस्था रहेको[3] हुँदा ती व्यवस्थाहरु नेपालको हकमा उत्तिकै महत्वपूर्ण रहेका छन्। नेपालले बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरी पक्ष राष्ट्रसमेत बनेको छ। साथै संयुक्त राष्ट्र संघको महासभाले गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली) लगायत बालअधिकार तथा बालन्यायको लागि अन्य मार्गदर्शनहरु पनि पारित गरी जारी गरेको छ। यसै क्रममा उल्लिखित अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरुले बालअधिकारको संरक्षण, प्रबर्द्धन र परिपूरणका लागि स्थापित गरेका नवीनतम अवधारणा र मान्यताहरुलाई धेरै हदसम्म अंगीकार गरी नेपालले पनि कानून निर्माण गरेको

---

१ बालबालिकासम्बन्धी ऐन, २०७५, दफा २(घ) ("कानूनको विवादमा परेका बालबालिका" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्झनुपर्छ र सो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकालाई समेत जनाउँछ)।

२ नेपालको संविधान, धारा ३९ को उपधारा ८।

३ नेपाल सन्धि ऐन, २०४७, दफा ९।

पाइन्छ। नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५,बालन्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ र बालबालिकासम्बन्धी नियमावली, २०७८ यस सम्बन्धमा महत्वपूर्ण कानूनका रुपमा रहेका छन्।

कानूनको विवादमा परेका बालबालिकालाई फौजदारी कसूरको अनुसन्धानको क्रममा, अभियोजनको क्रममा र बाल अदालतमा मुद्दा पेश गरेपछि पनि दिशान्तर गर्न सकिने,[४] तोकिएका मुद्दा र अवस्था बाहेकका मुद्दामा पुर्पक्षको क्रममा चाहिएको बखतमा उपस्थित गराउने शर्तमा अभिभावक, परिवारका सदस्य वा संरक्षकको जिम्मामा लगाउन सक्ने[५], कैद स्वरूप बाल सुधार गृहमा राख्ने हिरासतीय सजाय बाहेक शर्त तोकी वा नतोकी अन्य गैरहिरासतीय उपाय तथा सजाय स्थगनसम्बन्धी अन्तिम निर्णय गर्न सक्ने[६] र कैद सजाय निलम्बन गर्न सक्ने[७] समेतका व्यवस्थाहरु प्रचलित कानूनमा गरिएका छन्।

बालन्यायको नवीनतम अवधारणाले कानूनको विवादमा परेका बालबालिकालाई अन्तिम विकल्पको रुपमा मात्र बाल सुधार गृहमा राख्नुपर्ने मान्यता स्थापित गरेको छ। यसै अनुरुप नेपालमा हाल ८ वटा बाल सुधार गृह संचालनमा रहेका छन्। देशभर संचालनमा रहेका ती बाल सुधार गृहमा २०७५ सालमा ३८२ जना बालबालिका रहेकोमा[८] २०७६ सालमा बालबालिकाको संख्या ४३९ अर्थात् करिब ११५ प्रतिशतले बृद्धि हुन गएको देखिन्छ।[९] त्यसैगरी आ.व. २०७६/०७७ मा ३६ किसिमका बिज्याँइका कारण जम्मा १,०५३ जना बालबालिका बाल सुधार गृहमा रहेकोमा कोभिड-१९ को जोखिम बढ्दै गएपछि बाल सुधार गृहमा धेरै बालबालिका रहँदा जोखिम बढ्न सक्ने सम्भावनालाई मध्यनजर गरी महान्यायाधिवक्ताको कार्यालय, कारागार व्यवस्थापन विभाग र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा बिज्याँइको प्रकृतिका आधारमा ३५२ जना बालबालिकालाई बिज्याँइको कसूरमा भएको कैद सजाय मिनाहा गरी परिवारमा पठाइए पश्चात बाल सुधार गृहमा रहेका बालबालिकाको संख्या ७०१ रहेको थियो।[१०] यसबाट कोभिड-१९ को महामारीको समयमा गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको सान्दर्भिकताका सम्बन्धमा अलि बढी ध्यानाकर्षण भएको अवस्था देखिन्छ।

यसै सन्दर्भमा प्रस्तुत अध्ययनमा बालबालिकाको सर्वोत्तम हितका लागि नेपालले बालन्यायको सन्दर्भमा अंगीकार गरेको गैरहिरासतीय उपायसम्बन्धी कानूनी व्यवस्थाको प्रयोगको अवस्था र यस कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरु पहिल्याई यस ब्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा ल्याउन गरिनुपर्ने प्रवन्धको बारेमा चर्चा गर्ने जमर्को गरिएको छ। यस अध्ययनका लागि काठमाण्डौ उपत्यकामा रहेका तीन वटा जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आर्थिक वर्ष (आ.व.

---

४ पूर्व पादटिप्पणी १, दफा २७।

५ ऐ. दफा २४(३)।

६ ऐ. दफा ३६(५)।

७ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, दफा २४(५)।

८ नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७५, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, हरिहरभवन, पुल्चोक, ललितपुर, पृ. ६३।

९ नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् श्रीमहल, पुल्चोक, ललितपुर, पृ. ६३।

१० नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, हरिहरभवन, पुल्चोक, ललितपुर, पृ. ५२।

२०७५/०७६, २०७६/०७७ र २०७७/०७८) मा फैसला गर्दा कसूर ठहर गरी तोकिएको सजाय स्थगन भएका मुद्दाहरुलाई नमुनाको रुपमा लिई सोबाट प्राप्त भएको सूचना, जानकारी र तथ्यांकका साथै सम्बन्धित सरोकारवाला व्यक्तिहरुसँग अन्तर्वार्तासमेत गरी प्राप्त भएको जानकारी र सूचनालाई बिश्लेषण गरी गैरहिरासतीय उपायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरु पहिल्याई सो कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन गरिनु पर्ने कार्यलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ।

## १.२ अध्ययनको आवश्यकता र महत्त्व

नेपालको संविधान, २०७२ को धारा ३९ को उपधारा ८ मा प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ भनी बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरिएको र राज्यको नीतिमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने उल्लेख गरिएको छ। त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरी बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नको लागि[११] जारी भएको बालबालिकासम्बन्धी ऐन, २०७५ ले बाल न्यायको सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकास भएका नवीनतम अवधारणा र मान्यताहरुलाई अंगीकार गरिएको छ। ती प्रावधानहरुमध्येः

(१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई अनुसन्धानका लागि सामान्यतया नियन्त्रणमा नलिने।[१२] नियन्त्रणमा नलिई नहुने देखेमा मात्र नियन्त्रणमा लिई निगरानी कक्षमा राख्नुपर्ने।[१३]

(२) मुद्दाको पुर्पक्षका सिलसिलामा बालबालिकालाई थुनामा नराखिने। बाल सुधारगृहमा राख्नुपर्ने भनी तोकिएका शर्त पूरा गरेका बालबालिकालाई पनि अदालतले बाबुआमा, परिवारका अन्य व्यक्ति तथा संरक्षकको जिम्मामा छाड्न सक्ने।[१४]

(३) मुद्दाको अन्तिम फैसला हुँदा बालबालिकाले कसूर गरेको ठहरे पनि गैरहिरासतीय सजाय वा सामुदायिक सजाय र बाल सुधार गृहमा राख्न मिल्ने गरी फैसला गरिनुपर्ने देखिन्छ। साथै अन्तिम फैसलाले तोकेका कुनै पनि सजाय अदालतले स्थगन गर्न सक्ने[१५] प्रमुख प्रावधानको रुपमा रहेको छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ आउनु पूर्व नै नेपालको अन्तरिम संविधान, २०६३ अनुसार सर्वोच्च अदालतबाट १४ वर्षमुनिका बालबालिकालाई कुनै पनि अवस्थामा बाल सुधार गृहमा राख्न वर्जित गर्ने फैसला

---

[११] पूर्व पादटिप्पणी १, प्रस्तावना।

[१२] Tikaram Pokhrel v. Kathmandu District Court, Writ No. 0077 of the year 2069, Decision Date- 2070/03/11 B.S. (2013.06.25) Puspa Raj Paudel v. District Administration Office, Kathmandu, Writ No. 0076 of the year 2071, Decision Date- 2072/05/23 B.S. (2015.11.09), Udaya Shankar Mandal v. Surkhet District Court, Writ No. 0095 of the year 073. साबिकका बालबालिकासम्बन्धी ऐन अन्तर्गत निगरानी कक्षको व्यवस्था नभएकाले अनुसन्धानका क्रममा बालबालिकालाई थुनामा नराखी बाल सुधारगृहमा मात्र राख्नुपर्ने भन्ने निर्णय भएका थिए। हेर्नुहास् Ashish Adhikari ex rel. Keshav Khadka v. Dhanakuta District Court, Writ No. 3685/2057, Puspa Raj Poudel ex rel. Abram Tamang v. Dhading District Court, Writ No. 0061 of the year 2069.

[१३] पूर्व पादटिप्पणी १, दफा २१।

[१४] ऐ. दफा २४।

[१५] ऐ. दफा ३६।

गरेको थियो।[१६] त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ मा बालबालिकाको हकमा धरौटी वा जमानत लिन नहुने व्यवस्था गरेको छ।[१७] प्रचलित कानुनमा जरिवाना लिन सक्ने प्रशस्त व्यवस्थाहरू भए पनि बालबालिकासम्बन्धी ऐनले जरिवाना लिन सक्ने व्यवस्था गरेको देखिँदैन। बालबालिकाले जरिवाना तिर्न सकेन भने त्यसको सट्टामा बाल सुधार गृहमा राख्न नपाइने[१८] गरी व्याख्यासमेत भएको पाइन्छ। यसबाट बालबालिकाको हकमा थुना तथा कारागार पूर्ण रूपमा वर्जित रहेको छ। १४ वर्षमाथिका बालबालिकालाई बाल सुधार गृहमा राख्ने कार्यलाई अन्तिम विकल्पको रुपमा मात्र अंगीकार गरिनुपर्ने देखिन्छ। यसै सन्दर्भमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा उल्लिखित सजाय स्थगनसम्बन्धी व्यवस्था र सजायको स्वरुपको रुपमा रहेका दफा ३६(५) को (क)(ख)(ग)(घ) र (ङ) मा उल्लिखित अन्य गैरहिरासतीय उपायसम्बन्धी[१९] कानूनी व्यवस्थाहरुको प्रयोगको अवस्थाबारे अध्ययन आफैमा एक महत्त्वपूर्ण कार्यको रुपमा रहेको छ।

बालबालिकासम्बन्धी ऐन लागु भएको विगत तीन वर्षको अवधिमा उक्त कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सोको प्रभावकारिताको सम्बन्धमा अध्ययन गरिनुपर्ने आवश्यकता देखी रहेको सन्दर्भमा यो अध्ययन एक महत्वपूर्ण प्रयासको रुपमा रहेको छ। यस अनुसन्धान प्रतिवेदनले सो रिक्तता पूर्ति गर्ने अपेक्षा राखिएको छ। सीमित संख्याका जिल्लाहरुबाट भएका फैसलाहरुको मात्र अध्ययन गरी तीनै निकायहरुका पदाधिकारी सरोकारवाला सूचनादाताहरुसँग अन्तर्वार्ता गरी सोको आधारमा प्राप्त तथ्यांक, सूचनालाई बिश्लेषण गरी यो अध्ययन सम्पन्न भएको भए तापनि छनौटमा परेका जिल्लाहरु र सूचनादाताहरुबाट समस्याहरु पत्ता लगाउन गहिराईसम्म पुग्ने भरपुर प्रयास गरिएको छ।

यस अध्ययनबाट बाल न्यायमा चासो राख्ने सम्बन्धित सरोकारवाला पदाधिकारीहरुलाई प्रचलित गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको सम्बन्धमा सैद्धान्तिक एवं अवधारणागत पक्षमा स्पष्टता ल्याउन, कानूनको बुझाइमा एकरुपता र समानता कायम गर्न केही हदसम्म मद्दत पुग्दछ भन्ने अपेक्षा गरिएको छ। साथै बाल न्याय सम्पादनको क्रममा गैरहिरासतीय उपाय अवलम्बनमा देखिएका समस्या र चुनौतीहरुको पहिचान गरी सो को निराकरणका लागि सुझावहरुसमेत दिईएको हुँदा यस अनुसन्धान प्रतिवेदनले यस विषयमा नीतिगत, प्रकृयागत, कार्यविधिगत र व्यवहारगत जटिलताहरुलाई सम्बोधन गर्न सघाउ पुऱ्याउने विश्वास गरिएको छ। साथै यो अनुसन्धान प्रतिवेदन बाल न्याय सम्पादन कार्यमा संलग्न न्यायाधीश, सरकारी वकिल, अनुसन्धान अधिकारी, कानून व्यवसायी, कानूनका विद्यार्थी तथा कानून र न्यायको क्षेत्रमा कार्यरत सम्पूर्ण सरोकारवालाहरुका लागि एउटा महत्त्वपूर्ण अध्ययन सामग्रीको रुपमा रहनेछ भन्ने अपेक्षा गरिएको छ।

---

१६ *Puspa Raj Paudel ex rel. Jiban Ramtel and Prit Pariyar v. Jhapa District Court,* Writ No. 0026 of the year 2069.

१७ पूर्व पादटिप्पणी १, दफा २४(१)।

१८ *Udaya Shankar Mandal v. Surkhet District Court,* Writ No. 0095 of the year 2073.

१९ यस अध्ययनको प्रयोजनका निमित्त ऐनको दफा ३६(५) को (क)(ख)(ग)(घ) र (ङ) मा उल्लिखित सामुदायिक सजाय सम्बन्धी व्यवस्थाहरूलाई गैरहिरासतीय उपाय मानिएको छ। बाल सुधारगृहका उद्देश्य बालबालिकालाई सुधार कार्यक्रममा सहभागी गराई बानीमा परिवर्तन ल्याउने भए तापनि हाम्रो देशमा ती कार्यक्रमहरू अपेक्षित रूपमा सञ्चालन हुन सकेका छैनन्। तसर्थ यस अध्ययनले दफा ३६(५)(च) का सजायलाइ हिरासतीय सजायका रूपमा नै लिएको छ।

### १.३ अनुसन्धानको समस्या कथन

प्रस्तुत अनुसन्धान निम्नलिखित समस्याहरुमा केन्द्रित रहेको छ।

१.३.१ बाल इजलासबाट गरिएका फैसलाहरुमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क)(ख)(ग)(घ) र (ङ) मा भएका गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था तथा प्रवृत्ति (Trend) कस्तो रहेको छ?

१.३.२ बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क)(ख)(ग)(घ) र (ङ) मा रहेको गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न अपनाउनु पर्ने उपायहरु के के हुन सक्दछ?

### १.४ अनुसन्धानको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेको छः

१.४.१ बाल न्यायको सन्दर्भमा गैरहिरासतीय उपायसम्बन्धी सैद्धान्तिक तथा अवधारणगत पक्ष, संयुक्त राष्ट्र संघीय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यासहरुको संक्षिप्त रुपमा विश्लेषण गर्नु।

१.४.२ गैरहिरासतीय उपायसम्बन्धी नेपालको कानूनी व्यवस्थाको उल्लेख गर्नु।

१.४.३ गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको कार्यान्वयनको सन्दर्भमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोणको बारेमा संक्षिप्त रुपमा विश्लेषण गर्नु।

१.४.४ बाल इजलासबाट गरिएका फैसलाहरुमा गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था बारे विश्लेषण गर्नु।

१.४.५ गैरहिरासतीय उपायसम्बन्धी नेपालको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा रहेका समस्या र चुनौतीहरु पहिल्याई यसको प्रभावकारिता बढाउन सुझाव दिनु।

### १.५ पूर्व अध्ययनको समीक्षा

गैरहिरासतीय उपायसम्बन्धी केही व्यवस्थाहरु बालबालिकासम्बन्धी ऐन, २०७५ मा समावेश गरिएको छ। यो व्यवस्था बाल न्याय प्रशासनको सन्दर्भमा नवीनतम अवधारणा भएको र हालसम्म पनि यस विषयमा पर्याप्त अध्ययन तथा अनुसन्धान भएको पाइँदैन। यद्यपि यस अनुसन्धानको विषयसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बन्धित हुने देखिएका केही महत्वपूर्ण राष्ट्रिय स्तरमा प्रकाशित प्रतिवेदन र स्रोत सामग्रीहरु निम्नानुसार रहेका पाइएको हुँदा ती प्रतिवेदन तथा स्रोत सामग्रीहरुलाई निम्नानुसार संक्षिप्त रुपमा समीक्षा गरिएको छ।

#### १.५.१ नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७[२०]

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई नेपालले सन् १९९०, सेप्टेम्बर १४ मा अनुमोदन गरेपश्चात् सो अनुरुप हुने गरी यस महासन्धिले प्रत्याभूत गरेका बालबालिकाको अधिकारहरु नेपालको संविधान, कानून,

[२०] पूर्व पादटिप्पणी १०।

नीति तथा योजनामा समावेश गरिएकोमा ती कानूनी व्यवस्थाहरुको कार्यान्वयनको अवस्थालाई यस प्रतिवेदनले प्रस्तुत गरेको छ। त्यसैगरी बाल बिज्यौँइका विभिन्न घटनाहरुमा अदालतबाट दोषी ठहर भएका बालबालिकालाई तोकिएको कैद सजायको भुक्तानको लागि देशभर संचालनमा रहेका ८ ओटा बाल सुधार गृहहरुमा रहेका बालबालिकाको तथ्याङ्कहरु पनि यस प्रतिवेदनमा समेटिएको छ। कोभिड-१९ को जोखिम बढ्दै गएकोले बाल सुधार गृहमा अत्यधिक बालबालिका रहँदा थप जोखिम बृद्धि हुन सक्ने अवस्थालाई मध्यनजर गरी महान्यायाधिवक्ताको कार्यालय, कारागार व्यवस्थापन विभाग र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा बाल बिज्यौँइको प्रकृतिको आधारमा १,०५३ जना बालबालिकाहरुमध्ये ३५२ जनालाई बिज्यौँइको कसूर मिनाहा गरी परिवारमा पठाइएको भन्ने समेत उल्लेख भए तापनि गैरहिरासतीय उपाय अवलम्बनको अवस्थासमेतको बारेमा यस प्रतिवेदनमा उल्लेख गरेको पाइँदैन।

### १.५.२ बाल न्याय तथा बाल अधिकार (स्रोत सामग्री), २०७७[२१]

बाल न्याय प्रणाली सुदृढीकरण गर्नका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशन भएको यस स्रोत सामग्रीमा ६ वटा परिच्छेदहरु रहेका छन्। यसमा बाल न्याय प्रणालीसँग प्रत्यक्ष रुपमा सरोकार राख्ने विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरु र राष्ट्रिय कानूनी व्यवस्थाहरुलाई समावेश गरिएको छ। गैरहिरासतीय उपायको बारेमा उल्लेख भएको टोकियो नियमावली, संयुक्त राष्ट्रसंघीय बालअधिकार समिति र यसको सामान्य टिप्पणी नं. २४ को पनि चर्चा गरिएको छ। बालन्यायको अवधारणागत र सैद्धान्तिक पक्षलाई केन्द्रमा राखी तयार पारिएको यस स्रोत सामग्रीमा गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको कार्यान्वयन र प्रभावकारिताको सम्बन्धमा भने चर्चा गरेको देखिँदैन।

### १.५.३ बाल न्यायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु (२०७८)[२२]

महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको यो अध्ययन अनुसन्धान मुख्य रुपले बालबालिका संलग्न भएका मुद्दामा गरिने अनुसन्धान र अभियोजनको अवस्थाका सम्बन्धमा केन्द्रित रहेको छ। दिशान्तरको प्रयोग गर्ने कुरामा सरकारी वकिलको जिम्मेवारी स्पष्ट रुपमा कानूनले निर्धारण गरे तापनि यसको प्रयोग अत्यन्त न्यून मुद्दामा मात्र भएको, सावालक र बालबालिका संलग्न रहेका मुद्दामा अलग मिसिल तयार गरी अभियोगपत्र दायर गरिनुपर्ने कानूनको प्रयोगमा कानून कार्यान्वयन गर्ने पदाधिकारीहरुसमेत अझै स्पष्ट रहेको नदेखिएको भन्ने समेत निष्कर्ष रहेको यस अध्ययनमा गैरहिरासतीय उपायसम्बन्धी विषयमा खासै उल्लेख भएको पाइँदैन।

## १.६ अध्ययनको सीमा

**यस अनुसन्धानको सीमालाई देहायनुसार उल्लेख गरिएको छः**

- बालबालिकासम्बन्धी ऐन, २०७५ कार्यान्वयन भएपश्चात् काठमाण्डौ उपत्यकाभित्र रहेका तीन वटा जिल्ला अदालतहरु काठमाण्डौ जिल्ला अदालत, भक्तपुर जिल्ला अदालत र ललितपुर जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आ. ब. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा कानूनको

[२१] बाल न्याय तथा बाल अधिकार (स्रोत सामग्री) २०७७, प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैंजू, काठमाण्डौ।

[२२] बालन्यायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु (२०७८), प्रकाशनः महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौ।

विवादमा परेका बालबालिकाले कसूर गरेको ठहर गरी भएका १३३ वटा फैसलाहरु मात्र अध्ययन गरिएको थियो। ती मध्ये ऐनको दफा ३६(५) बमोजिम सजाय स्थगन गरिएका र दफा ३६(५)(क)(ख)(ग)(घ) र (ङ) मा भएको व्यवस्था अनुरुप सजाय स्वरुप अन्य निर्णय गरिएका (बाल सुधार गृहमा नपठाई गैरहिरासतीय उपायको अबलम्बन गरी गरिएका) ३४ वटा फैसलाहरु रहेकोमा प्रस्तुत अध्ययनमा २२ वटा फैसलाहरुको मात्र विस्तृत अध्ययन गरिएको छ।

- यस अध्ययनमा अनुसन्धानको क्रममा अनुसन्धानकर्ता, अभियोजनको क्रममा अभियोजनकर्ता र बाल इजलासबाट दिशान्तर गरिएका मुद्दाहरु समावेश गरिएका छैनन्।
- कानूनको विवादमा परेका बालबालिकाले कसूर गरेको ठहर गरी सजाय स्थगन भएका मुद्दामा निर्धारण गरिएको कैद सजाय न्यून भएको, अध्ययन हुँदाको समयमा ती बालबालिका उपर ठहरेको कैद सजाय कार्यान्वयन हुने समयावधिसमेत भुक्तान भैसकेको र निज बालबालिकाको अभिभावक र संरक्षकसँगसमेत सम्पर्क स्थापित गर्न कठिनाइ भएको हुँदा सजाय स्थगनबाट निज बालबालिकाहरुमा परेको प्रभावको बारेमा अध्ययन गरिएको छैन।

## १.७ अध्ययनको संरचना

प्रस्तुत अनुसन्धान अध्ययन प्रतिवेदनलाई आठ परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद - एकमा अध्ययनको पृष्ठभूमि, अध्ययनको आवश्यकता र महत्त्व, अध्ययनको क्षेत्र र उद्देश्य, पूर्व साहित्यको समीक्षा, अध्ययनको सीमा र अध्ययनको संरचना समावेश गरिएको छ। परिच्छेद - दुईमा अध्ययन तथा अनुसन्धान पद्धति (तथ्याङ्क संकलन र तथ्याङ्कका स्रोत) लाई समावेश गरिएको छ। परिच्छेद - तीनमा गैरहिरासतीय उपायसम्बन्धी अवधारणागत पक्ष, प्रकार, क्षेत्र, चरण र अन्तर्राष्ट्रिय अभ्यासहरू संक्षिप्त रुपमा चर्चा गरिएको छ। परिच्छेद - चारमा संयुक्त राष्ट्र संघीय र राष्ट्रिय कानूनी व्यवस्था प्रस्तुत गरिएको छ। परिच्छेद - पाँचमा गैरहिरासतीय उपायसम्बन्धी विषयमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोणको संक्षिप्त रुपमा चर्चा गरिएको छ। परिच्छेद - छमा गैरहिरासतीय उपाय अवलम्बन गरी बाल इजलासबाट गरिएका फैसलाहरुबाट प्राप्त सूचना र तथ्यांक विश्लेषण गरिएको छ। परिच्छेद - सातमा बाल इजलासको मुद्दा सुनुवाई गर्नु हुने न्यायाधीश, प्रोवेशन अधिकृत, समाजसेवी र बालमनोविज्ञसँग लिएको अन्तर्वार्ताको विश्लेषण र परिच्छेद - आठमा अध्ययनको नतिजा तथा निष्कर्ष र सुझाव समावेश गरिएको छ।

# परिच्छेद - दुई

## २. अध्ययन तथा अनुसन्धान पद्धति

यस अध्ययन तथा अनुसन्धानमा आवश्यकताअनुसार निम्नलिखित अनुसन्धान विधिहरू अवलम्बन गरिएका छन्।

### २.१ अध्ययन तथा अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययन सैद्धान्तिक, प्रयोगात्मक तथा गुणात्मक अनुसन्धान (Doctrinal, Empirical as well Qualitative Research) हो। त्यसैगरी यस अध्ययन तथा अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा (Descriptive and Analytical Research Design) को प्रयोग गरिएको छ।

### २.२ अध्ययनको जनसंख्या र नमुनाकरण विधि

नेपालका ७७ जिल्ला अदालतका बाल इजलासबाट गैरहिरासतीय उपायलाई अवलम्बन गरी गरिएका सबै फैसलाहरू यस अध्ययनका निमित्त अध्ययनका सम्पूर्ण जनसंख्या भए पनि सबै बाल इजलासबाट गरिएका फैसलाहरुको अध्ययन तोकिएको समय, श्रोत र साधनबाट सम्भव नभएकाले समय तथा श्रोतका सीमितता र मुद्दाका चापलाईसमेत दृष्टिगत गर्दै उद्देश्यपरक रुपमा नमुना छनौट गरिएको छ। यसका लागि नमुनाको रुपमा काठमाण्डौ, ललितपुर र भक्तपुर गरी तीनवटा जिल्ला अदालतहरुका बाल इजलासहरुले विगत तीन आ. व. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम कैद सजाय स्थगन गरी र सजायस्वरुप सोही दफा ३६(५)(क)(ख)(ग)(घ) र (ङ) अनुसार गर्ने गरी गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको कार्यान्वयन गरी गरिएको ३४ वटा मुद्दाहरुमध्ये २२ वटा (६४.७० प्रतिशत) मुद्दाका फैसलाहरु अध्ययन गरिएको छ।

### २.३ तथ्याङ्कको स्रोत (Source of Data)

प्रस्तुत अध्ययन तथा अनुसन्धान कानून तथा न्याय क्षेत्रको अनुसन्धान भएकाले आवश्यकताअनुसार प्राथमिक र गौण स्रोतहरू (Primary and Secondary Sources) बाट तथ्याङ्क तथा सूचनाहरू देहायनुसार संकलन गरिएका छन्।

#### २.३.१ प्राथमिक तथ्याङ्क (Primary Data )

अन्तर्राष्ट्रिय दस्तावेज, संविधान, ऐन, नियम र बाल इजलासबाट गैरहिरासतीय उपाय अबलम्बन गरी भएका फैसलाहरूको अध्ययन, अन्तर्वार्ता र समस्या केन्द्रित सामूहिक छलफलको माध्यमबाट प्राथमिक तथ्याङ्क तथा सूचनाहरू संकलन गरी विश्लेषण गरिएका छन्।

### २.३.२ गौण तथ्याङ्क (Secondary Data)

प्रस्तुत अनुसन्धान प्रतिवेदन तयारीको क्रममा बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न अनुसन्धानमूलक अन्तर्राष्ट्रिय तथा राष्ट्रिय लेख रचना, पुस्तक र पूर्व अनुसन्धान तथा अध्ययन प्रतिवेदनबाट गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको सन्दर्भमा आवश्यक तथ्याङ्क तथा सूचनाहरुको संकलन गरिएको छ।

## २.४ तथ्याङ्कको प्रशोधन तथा विश्लेषण र व्याख्या (Processing, Analysis and Interpretation of Data)

यस अनुसन्धानका प्राथमिक तथा गौण तथ्याङ्कीय स्रोतहरूबाट संकलित तथ्याङ्क तथा सूचनाहरूलाई प्रशोधन तथा विश्लेषण गरी आवश्यकतानुसार तथ्याङ्कहरूलाई स्तम्भ चित्रहरूमा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ।

# परिच्छेद - तीन

## ३. गैरहिरासतीय उपायसम्बन्धी अवधारणागत पक्ष

बाल न्यायको सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकास भएका नवीनतम अवधारणाको रुपमा रहेको गैरहिरासतीय उपायसम्बन्धी अवधारणागत पक्ष र मान्यताहरु निम्नानुसार रहेको छ।

सजाय भनेको अभियुक्त दोषी प्रमाणित भएपश्चात् अदालतले औपचारिक रुपमा घोषणा गर्ने निर्णय हो। यो कसूरको लागि दण्डको न्यायिक निर्धारण हो। त्यसैले कसूरदारलाई सजाय दिइन्छ। परम्परागत मान्यतामा कसूर गर्ने कसूरदारलाई कारागारमा पठाउने गरिन्छ। तर सामान्यतयाः गैरहिरासतीय उपाय भनेको कसूर गरेको ठहर भएको ब्यक्तिलाई कारागारमा नराखी सामुदायिक सजायका अन्य उपायहरूको अवलम्बन गरी आपराधिक दायित्व वहन गराउनु हो। यस अवधारणाले कानूनले निर्धारण गरेको मापदण्डभित्र रही कारागार बाहिर नै रही सजाय भुक्तान गर्न सकिन्छ भन्ने मान्यता राख्दछ। गैरहिरासतीय उपायलाई “गैरहिरासतीय प्रतिबन्धहरु" वा "गैरहिरासतीय सजाय" वा "कैदको विकल्प" वा "कैद प्रतिबन्ध/सजाय" आदि भनेर पनि बुझ्न सकिन्छ।[२३]

गैरहिरासत (Non-Custodial) लाई विभिन्न अंग्रेजी शब्दकोषहरुमा देहायनुसार उल्लेख गरिएको पाइन्छः

Oxford Advanced Learner’s Dictionary मा Non-custodial लाई *"(of a punishment) that does not involve a period of time in prison:"*[२४] अर्थात् गैरहिरासतीय भनेको यस्तो सजाय हो जसमा कारागारको समयावधि कारागारमा बिताउनु पर्दैन भनी उल्लेख गरिएको छ।

BLACK’S LAW DICTIONARY मा Non-Custodial लाई "not taking a place while a person is in custody"[२५] अर्थात् व्यक्तिलाई हिरासतमा लिइँदैन भनी उल्लेख गरिएको छ।

Collins Dictionary मा Non-custodial Sentence लाई "a punishment given by a court of law that does not involve a prison term, such as a fine or a restriction order"[२६] अर्थात् अदालतले दिएको सजायमा जरिवाना र प्रतिबन्धात्मक आदेश जस्तो कैद सजाय समावेश गरिएको हुँदैन भनी उल्लेख गरिएको छ।

उल्लिखित शब्दार्थबाट गैरहिरासत भन्नाले कुनै पनि कसूरदारलाई हिरासतमा वा कैदमा नराखिएको अवस्थालाई बुझाउँदछ। अतः गैरहिरासतीय उपाय भन्नाले अभियुक्त वा दोषी व्यक्तिलाई कारागारभित्र नराखी उसलाई कारागार बाहिर नै अन्य उपायहरु अवलम्बन गरी कैद सजायको अवधि व्यतित गर्न लगाउनु हो।

---

[२३] https://nji.gov.ng/images/Workshop_Papers/2017/Orientation_Newly_Appointed_Magistrates/s5.pdf. हेरिएको मितिः २०७८/१२/०९।

[२४] Oxford Advanced Learner’s Dictionary (Eighth edition). OXFORD UNIVERSITY PRESS.p.1036

[२५] BLACK’S LAW DICTONARY (EIGHTH EDITION). THOMSON WEST. pg. 1079

[२६] https://www.collinsdictionary.com/dictionary/english/noncustodial-sentence. हेरिएको मितिः २०७८/१२/०९।

## ३.१ गैरहिरासतीय उपायको प्रकार

गैरहिरासतीय उपायका प्रकारलाई देहायनुसार उल्लेख गर्न सकिन्छ।[२७] अदालतका आदेशमा एकै प्रकारका उपाय मात्र नभएर एकभन्दा बढी प्रकारका उपाय अवलम्बन गरिनुपर्ने पनि हुन सक्दछ।

### ३.२.१ जरिवाना (Fine)

गैरहिरासतीय सजायको रुपमा जरिवाना आम रुपमा प्रचलित सजायहरुमध्ये एउटा स्वरुप हो। जरिवाना भनेको कानूनद्वारा निर्धारण गरिएको यस्तो रकम हो, जुन कसूरदारले आफूले गरेको अपराधको सजायको रुपमा आधिकारिक निकायहरुलाई तिर्नुपर्ने हुन्छ। सामान्यतया कसूरदारले कुनै पनि कसूर गरेवापत तिर्नुपर्ने रकमको सीमा कानूनद्वारा निश्चित गरिएको हुन्छ। यस्तो जरिवाना राज्य कोषमा जम्मा हुन्छ।

### ३.२.२ प्रतिस्थापन र क्षतिपूर्ति (Restitution and Compensation)

प्रतिस्थापन वा क्षतिपूर्ति यस्तो रकम हो, जुन रकम प्रतिवादीले पीडितलाई पीडितको क्षति भएको सम्पत्ति वापत भुक्तान गर्दछ वा राज्यको पुनर्स्थापना कोषमा जम्मा गर्दछ। यस अन्तर्गत कसूरदारले क्षतिग्रस्त सम्पति फिर्ता वा प्रतिस्थापन गर्ने, पीडितको शारीरिक वा मानसिक वा मनोसामाजिक उपचार तथा सामाजिक पुनस्थार्पना गर्ने कार्यहरू पर्दछन्। साथै पीडितको मृत्यु भएको अवस्थामा निजका आश्रितलाई दिइने क्षतिपूर्ति तथा मृतकको अन्त्येष्टिमा लाग्ने खर्च व्यहोर्नुपर्ने वा सो वापत तिर्नुपर्ने रकमसमेत पर्दछ।

### ३.२.३ पुनर्स्थापन (Restoration)

यो पनि एक प्रकारको प्रतिस्थापन नै हो। प्रतिस्थापनमा आर्थिक दायित्व वहनलाई जोड दिइन्छ भने पुनर्स्थापनमा कसूरजन्य कार्यका सामाजिक तथा मनोवैज्ञानिक पीडालाई पुनर्स्थापन गर्न जोड दिइन्छ। उदाहरणका निमित्त कुनै कसूरजन्य कार्यले कसैका हात भाँचिएर घरका काम गर्न सक्दैन वा मोटर चलाउन सक्दैन भने कसूरजन्य कार्य गर्ने व्यक्तिलाई पीडितको सहयोगको लागि खटाइन्छ। जसले गर्दा एकातर्फ पीडक र पीडितको सम्बन्ध सुमधुर भई शत्रुता अन्त्य हुन्छ भने अर्कातर्फ पीडकलाई पनि आफ्ना कार्यका परिणाम बोध भई निजको व्यवहारमा सुधार हुन पुग्दछ।

### ३.२.४ सामुदायिक सेवा आदेश वा सामुदायिक सजाय (Community Service Order or Community Sentencing)

सामुदायिक सेवा भनेको कसूरदारले आफूले गरेको कसूरको क्षतिपूर्तिको रुपमा समुदायमा निःशुल्क सेवा प्रदान गर्नु हो। यो कसूरदारलाई अदालतबाट निर्धारण गरिएको सजायको वैकल्पिक सजायको रुप हो। सामुदायिक सेवाको सजाय विशेष गरी अपराध पीडितप्रति लक्षित हुन्छ। यसबाट समुदाय प्रत्यक्ष रुपमा लाभान्वित र पीडक आफ्नो कसूरप्रति जवाफदेही हुन्छ। सामुदायिक सेवाको लागि तोकिएका शर्तहरु पूरा नगरिएको अवस्थामा कसूरदारले कैद सजाय भुक्तान गरिनुपर्ने अवस्था आउन सक्दछ। सामुदायिक सेवाको लागि गरिएको आदेशमा सामुदायिक सजायका प्रकृति, निश्चित समय अवधि, विधि र प्रकृया तोकिएको हुन्छ। यसअन्तर्गत बालबालिकालाई उसले गरेको कामको परिणाम, यसको सामाजिक र कानूनी अस्वीकार्यता बताई

---

[२७] https://nji.gov.ng/images/Workshop_Papers/2017/Orientation_Newly_Appointed_Magistrates/s5.pdf. हेरिएको मितिः २०७८/१२/०९।

उसलाई आफूले गरेका कार्य अस्वीकार्य र गर्न नहुने हो भन्ने बोध गराउने, आमाबाबु वा संरक्षकको जिम्मा लगाउने, उपचार, मनोविमर्श गराउने आदि कार्य पर्दछन्।

### ३.२.५ प्रोवेशन (Probation)

प्रोवेशन भन्नाले कसूरदारलाई कसूर गरेवापत तत्काल कैद नपठाई तोकिएको शर्त पालना गर्ने गरी अदालत वा तोकिएको प्रोवेशन अधिकारीको निरीक्षणमा निश्चित अवधिसम्म बस्नुपर्ने पद्धति हो। प्रोवेशनमा रहेको व्यक्तिले तोकिएको अवस्था वा शर्तहरु प्रोवेशन अबधिमा उल्लंघन गरेको अवस्थामा पूर्व निर्धारित गरिएको कैद सजाय भोग्नु पर्दछ। कसूरदारले प्रोवेशन अवधिभर प्रोवेशन अधिकारीबाट नियन्त्रण र उपचार दुवै प्राप्त गर्दछ। प्रोवेशन आदेशलाई सामुदायिक सजायका आदेशको एक प्रकारको रूपमा पनि हेरिन्छ।

### ३.२.६ प्यारोल (Parole)

प्यारोल भनेको कसूरदारले आफूलाई तोकिएको सजायको केही अवधि कारागारमा भुक्तान गरेपश्चात बाँकी सजाय अवधि असल आचरणमा रही समाजमै बसेर पूरा गर्ने पद्धति हो। यो सजायको एउटा भाग नै हो, जसमा कसूरदारले प्यारोल अधिकारीको नियन्त्रण र निर्देशनमा रहनुपर्दछ। कसूरदारले तोकिएको शर्तहरु उल्लंघन गरेको अवस्थामा पुनः कैदमा पठाइन्छ। अदालतले फैसला गर्दा कसूरदार ठहराई हिरासतमा पठाएका कैदीहरूलाई नै प्यारोल बोर्डले निर्धारण गरेको निर्देशिका वा मार्गदर्शनबमोजिम उनीहरूको सुधारका निमित्त कारागारबाट निकाली सामुदायिक सजायमा पठाउने कार्य यसअन्तर्गत पर्दछन्। कैदीहरूको संख्या घटाउन र कैदीहरूलाई राम्रो व्यवहार प्रदर्शन गर्न र बानी व्यहोरा सुधार गर्न प्रोत्साहन गर्ने यो एउटा उपयुक्त उपाय हो।

### ३.२.६ सजाय स्थगन (Suspended Sentence)

कसूरदारलाई अदालतबाट कैद सजाय गरिएको, तर सो कैद सजाय तत्काल कार्यान्वयन नगरी निश्चित शर्त तोकी निलम्बन गरिएको अवस्था नै सजाय स्थगन हो। सजाय स्थगनको सुविधा प्राप्त गरेको कसूरदारले सजाय स्थगनको अवधि भर तोकिएको शर्तहरु उल्लंघन गरेमा पहिले निर्धारण गरिएको कैद सजाय भुक्तान गर्नको लागि कारागार पठाइन्छ। यदि सम्बन्धित बालबालिकाले सजाय स्थगन गरिएको मितिबाट एक वर्षसम्म पुनः कसूर गरेन भने बालबालिकाको सर्वोत्तम हितसम्बन्धी सिद्धान्तको आधारमा स्थगन गरिएको फैसला ब्युर्तिदैन, न त निजलाई वयस्क भएपछि नै स्थगन गरिएको फैसलाबमोजिम पुनः सजाय गर्न मिल्दछ।[२८]

## ३.२ गैरहिरासतीय उपायको क्षेत्र[२९]

गैरहिरासतीय उपायका क्षेत्रका सम्बन्धमा संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली) ले स्पष्ट उल्लेख गरेको छ। गैरहिरासतीय उपायहरू मुद्दाका अनुसन्धानका चरणदेखि सजाय

---

[२८] *Government of Nepal v. Kumar Prasad*, Criminal Appeal No. 0009 of the year 2073, Decision Date- 2074/04/26 B.S. (2017.08.10).

[२९] बालअधिकार महासन्धि, १९८९ को समग्र अध्ययनले बालबालिकाहरुका अधिकारहरूलाई विश्वव्यापी रूपमा स्थापित गरी ती अधिकारहरूको कार्यान्वयनमा जोड दिन्छ। महासन्धिले सुनिश्चित गरेका अधिकारहरूको कार्यान्वयनले बाल अपराध रोकथाम गर्ने मान्यता लिएको देखिन्छ। बालबिज्याँई रोकथामका निमित्त संयुक्त राष्ट्रसंघीय मापदण्ड (रियाद मार्गदर्शन) ले अपराध वा बिज्याँई

भुक्तानको चरणसम्म समान रूपमा आकर्षित हुन्छ र सबै बालबालिकालाई समान रूपमा लागु हुन्छ। यस सम्बन्धमा टोकियो नियमावलीका मार्गदर्शन देहायनुसार उल्लेख गरेको पाइन्छ।[३०]

- गैरहिरासतीय उपाय फौजदारी न्याय प्रशासनको सबै चरण (अभियोजन, पुर्पक्ष वा सजायको कार्यान्वयन) मा रहेका सबै व्यक्तिहरुलाई लागु हुने।
- गैरहिरासतीय उपाय विना भेदभाव सबै व्यक्तिलाई समान रूपमा आकर्षित हुने। यी उपायको कार्यान्वयनमा जातजाति, वर्ण, लिङ्ग, उमेर, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै भेदभाव राख्न नपाइने।
- कसूरको प्रकृति र गम्भीरता, कसूरदारको व्यक्तित्व र पृष्ठभूमि तथा समाजको संरक्षण र कैद सजायको अनावश्यक प्रयोगको परित्यागको सामान्जस्यमा बृहत्तर लचिलोपना उपलब्ध गराउनका लागि फौजदारी न्याय प्रणालीले पुर्पक्ष पूर्वको अवस्थादेखि सजायपछिको अवस्थासम्मको व्यवस्थापनमा गैरहिरासतीय उपायको फराकिलो दायरा वा क्षेत्र उपलब्ध गराउनुपर्ने।
- नयाँ गैरहिरासतीय उपायहरुको विकासलाई उत्प्रेरित-अभिप्रेरित एवं राम्ररी अनुगमन गरिनुपर्ने र ती उपायहरुको प्रयोगको व्यवस्थित मूल्याङ्कन हुनुपर्ने।
- कानूनी सुरक्षा र विधिको शासनअनुसार यथासम्भव औपचारिक प्रक्रिया वा अदालतद्वारा पुर्पक्ष गरी टुङ्ग्याउने कुरालाई टार्ने गरी कसूदारलाई समुदायमै सम्हाल्नेतर्फ विचार पुऱ्याइनुपर्ने।
- गैरहिरासतीय उपायको प्रयोग न्यूनतम हस्तक्षेपको सिद्धान्त हुनुपर्ने।
- गैरहिरासतीय उपायहरु निर्दण्डीकरणको दिशाका प्रयत्नमा अंकुश लगाउने वा विलम्ब पार्ने कुराको सट्टा निर्दण्डीकरण र निरपराधीकरणतर्फको अभियानको अङ्ग बन्नुपर्ने।

## ३.३ गैरहिरासतीय उपायको चरणहरु

गैरहिरासतीय उपाय देहायनुसारका चरणहरुमा लागु गर्न सकिने व्यवस्था टोकियो नियमावलीमा उल्लेख भएको पाइन्छ।

### क. अनुसन्धान वा पुर्पक्ष पूर्वको चरण

उपयुक्त र कानूनी व्यवस्थासँग अनुकूल भएसम्म समाजको संरक्षण, अपराध रोकथाम वा कानूनको सम्मान र पीडितको अधिकारको प्रवर्द्धनका निमित्त मुद्दाको कारवाही अगाडि बढाउन आवश्यक छैन भन्ने देखेमा प्रहरी, अभियोजन सेवा वा फौजदारी मामिला सम्हाल्ने अन्य निकायलाई कसूदारलाई छुटकारा दिने अधिकार दिइने, छुटकारा दिने कुराको उपयुक्तता वा कारवाही चलाउने निर्णय गर्ने प्रयोजनका लागि कानूनी व्यवस्थामा सोको स्थापित शर्त-आधारको एक समुच्चा (सेट) विकास गरिने, सानातिना मामिलामा अभियोजनकर्ताले

रोकथामका विषय समेटेको हुनाले टोकियो नियमावलीले बालबालिका कानूनसँग विवादमा आइसकेपछिको गैरहिरासतीय उपायका बारेमा मात्र समेट्दछ।

[३०] गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली), नियम १(२)।

उपयुक्त गैरहिरासतीय उपाय लागु गराउन सक्ने, त्यसैगरी आरोपित कसूरदारको अनुसन्धान र समाज तथा पीडितको संरक्षणलाई उचित ध्यान पुऱ्याई पुर्पक्षपूर्वको थुनछेकलाई फौजदारी प्रक्रियामा अन्तिम साधनको रुपमा प्रयोग गरिने व्यवस्था रहेको छ।[३१]

## ख. पुर्पक्ष तथा अदालती प्रक्रियाका चरण

न्यायिक अधिकारी वा न्यायाधीशले निम्न बमोजिमका उपायहरूलाई गैरहिरासतीय उपायको रूपमा अवलम्बन गर्न सक्नेछन्।

(क) मौखिक सजाय (जस्तै, सम्झाई बुझाई गर्ने, चेतावनी दिने वा सावधान गराउने),

(ख) शर्त तोकी छुटकारा दिने,

(ग) स्टाटस पेनाल्टिज (Status Penalties),[३२]

(घ) जरिवानालगायतका आर्थिक दण्ड,

(ङ) सामान जफत वा अधिग्रहण गर्ने,

(च) पीडितको पुनर्स्थापन वा क्षतिपूर्ति,

(छ) सजाय निलम्बन वा सजाय स्थगन,

(ज) प्रोवेशन र न्यायिक सुपरिवेक्षण,

(झ) सामुदायिक सेवा आदेश,

(ञ) तोकिएका ठाउँमा उपस्थित हुने गरी पठाउने,

(ट) घरबन्दी (House Arrest),

(ठ) अन्य कुनै गैरसंस्थागत कार्य गर्ने व्यवहार,

(ड) माथिका एक वा एकभन्दा बढी उपायहरुको संयोजन गरी बनाइएका उपाय।

माथि उल्लिखित तरिकाद्वारा मुद्दा किनारा लगाउन सक्ने व्यवस्था यस नियमावलीमा रहेको छ।[३३]

## ग. अदालती निर्णयपश्चातका चरण वा आदेश कार्यान्वयनका चरण

यदि कुनै व्यक्तिलाई हिरासतीय सजाय भएको छ भने पनि निजले सजाय काट्ने वा पूरा गर्ने क्रममा पनि गैरहिरासतीय उपायहरूको अवलम्बन गरिनुपर्दछ। यी उपायहरू सम्भव भएसम्म सुरूवातदेखि नै कार्यान्वयन गरिनुपर्छ। ती उपायहरू देहायनुसार हुन सक्दछन्:

---

[३१] ऐ. नियम २।

[३२] वयस्कले सामान्यतः गर्न पाउने तर बालबालिकाले गर्न नपाउने कार्यहरूलाई स्टाटस अफेन्स भनिन्छ। बालबालिकालाई चुरोट नखानु, गाडी नचलाउनु, नियमित रूपमा विद्यालयमा हाजिर हुनु जस्ता आदेश गर्ने कार्यलाई यस आदेश अन्तर्गत समावेश गर्ने कुरा यस शब्दाबलीले इंगित गरेको अनुमान गर्न सकिन्छ।

[३३] पूर्व पादटिप्पणी ३०, नियम ३।

(क) समय समयमा घर जान पाउने अवसर तथा थुना वा उपचार गृहबाट छुट्नु पूर्वका केही समय कुनै केन्द्र वा घरमा बसी सुध्रन पाउने,

(ख) काममा जान पाउने वा शिक्षा लिन पाउने गरी छुट्ने,

(ग) प्यारोलमा छुट्न पाउने,

(घ) सजाय मिनाहा,

(ङ) माफी पाउने।

माफी बाहेकका अन्य उपायहरू अवलम्बन गर्दा कसूरदारको निवेदनको आधारमा अदालत वा अन्य न्यायिक निकायले निर्णय गर्नुपर्दछ।

## ३.४ गैरहिरासतीय उपायसम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरु

माथि उल्लेख भएबमोजिम नेपालको सन्दर्भमा सजाय वा सुधारका आदेशहरुमध्ये गैरहिरासतीय उपायलाई अन्तिम उपायको रुपमा स्थापित गरिएको छ। सजाय स्थगनलाई पनि स्थायी गैरहिरासतीय उपाय मान्दा नेपाल कानूनमा गैरहिरासतीय उपायहरु ६ वटा छन्। बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकालाई जरिवाना गर्न मिल्ने व्यवस्था गरेको छैन। तसर्थ जरिवानालाई गैरहिरासतीय उपायका रूपमा संलग्न गर्न मिल्दैन।

फौजदारी कसूरका बारेमा चर्चा गर्दा कसूर गर्नबाट रोकथाम, अनुसन्धान, अभियोजन, न्यायिक प्रक्रिया र सजायको कार्यान्वयन गरी ५ मुख्य चरणहरु रहेका छन्। बालबालिकालाई कसूरजन्य कार्यमा संलग्न भएपछि मात्र उपचार खोज्नु भन्दा त्यस किसिमका कार्यमा संलग्न हुन सक्ने वातावरणलाई नै निमिट्यान्न पार्नुपर्ने आजको प्रथम आवश्यकता हो। गैरहिरासतीय उपायसम्बन्धी अवधारणाले अपराध रोकथामलाई नजनाउने भए पनि यसले बालबालिकालाई कानूनको विवादमा पर्नबाट रोक्ने एक दीर्घकालीन उपायको रुपमा लिइने गरिएको पाइन्छ।

बालबालिकालाई कानूनको विवादमा पर्नबाट रोक्ने उपाय बाल न्यायको क्षेत्रमा उदयमान क्षेत्र हो। खानपान, लत्ताकपडा, बासस्थान तथा शिक्षा जस्ता आधारभूत आवश्यकतामा पहुँच नभएका बालबालिका आफ्नो न्यूनतम आवश्यकता पूरा गर्न चोरी, लुटपाट जस्ता कसूरजन्य कार्यमा संलग्न हुनुपर्ने परिस्थिति हुन सक्छ। वर्तमान समयमा स्मार्ट फोन र इन्टरनेट पनि न्यूनतम आवश्यकता भइसकेका छन्। बालबालिकाले फोन र इन्टरनेटका निमित्त पनि चोरीलगायत कार्यहरु गरेको पाइएको छ। त्यसैगरी कतिपय अवस्थामा विविध कारणले एकल हुन पुगेका आमा वा बाबुसँग मात्र हुर्केका बालबालिकालाई सही मार्गदर्शनको अभाव र उनीहरुको विकासशील स्वभावका कारणले कसूरजन्य कार्यमा संलग्न भएको पाइन्छ। तसर्थ बालबालिकालाई सही मार्गदर्शनलगायतका न्यूनतम आवश्यकता र सामाजिक वातावरणले पारेको प्रभावका कारणले आवश्यकता जस्तै बनेका चाहनाहरु पूरा गर्न राज्यका विभिन्न निकायहरुले बालबालिका र उनीहरुको परिवारसँग सहकार्य गर्न जरुरी भएको पाइन्छ। तलका अनुच्छेदहरुमा केही देशहरुले यस सम्बन्धमा गरेका अभ्यासहरुको चर्चा गरिनेछ।

### ३.४.१ भारत

भारतमा बाल न्यायका निमित्त ३१ डिसेम्बर २०१५ देखि बाल न्याय (बालबालिकाको हेरचाह तथा संरक्षण) ऐन, २०१५ लागु गरिएको छ। यस ऐनले यस पहिला रहेको बाल न्याय (बालबालिकाको हेरचाह तथा संरक्षण) ऐन, २००० लाई खारेज गरेको हो। भारतीय कानूनको मस्यौदाको प्रचलन नेपाली कानून मस्यौदाको भन्दा पृथक छ। भारतीय ऐनहरुको प्रस्तावनामा जुन अन्तर्राष्ट्रिय कानूनलाई कार्यान्वयन गर्न ऐन बनाइएको हो ती कानूनहरु उल्लेख गर्ने चलन छ। सन् २०१५ को बाल न्याय ऐनमा बालअधिकार महासन्धि, १९८९, बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली, १९८५ (बेइजिङ नियमावली), स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमावली, १९९० र अन्तरदेशीय धर्म सन्तान प्रक्रियामा बालबालिकाको संरक्षण तथा आपसी सहयोगसम्बन्धी हेग महासन्धि, १९९३ लाई उल्लेख गरिएको छ। यसरी अन्तर्राष्ट्रिय कानूनहरुलाई नै ऐनको प्रस्तावनामा उल्लेख गर्दा ऐनका व्यवस्थाहरुलाई बुझ्न र व्याख्या गर्न सजिलो हुन्छ। ऐनको नाममा बाल न्याय उल्लेख भए पनि यस ऐनले बालबालिकाको हेरचाह र संरक्षण दुवै क्षेत्रलाई समेट्दछ। संघीय राज्य भारतमा बालबालिकासम्बन्धी विषय राज्यको क्षेत्राधिकारभित्र पर्ने भएकाले अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयनको दायित्व अन्तर्गत केन्द्र सरकारले बालबालिकाको विषयमा आफ्नो क्षेत्राधिकारको समेत प्रयोग गर्दैआएको छ।

#### १. गैरहिरासतीय उपायको प्रयोगसम्बन्धी सिद्धान्तहरु

ऐनको दफा ३ मा सिद्धान्तहरुको चर्चा गरिएको छ। सिद्धान्तहरु एक अर्कासँग अन्योन्याश्रित सम्बन्ध राख्ने भए पनि ६ वटा सिद्धान्तहरु गैरहिरासतीय उपायहरुसँग प्रत्यक्ष सरोकार राख्दछन्। यी सिद्धान्तहरुलाई संक्षिप्तमा निम्नानुसार चर्चा गरिएको छ;

**क. निर्दोषिताको अनुमानः** यस सिद्धान्तले अनुसन्धान र पुर्पक्षका सिलसिलामा बालबालिकालाई बाल सुधारगृहमा राख्नबाट हतोत्साही गर्दछ।

**ख. बालबालिकाको सर्वोत्तम हितः** बालबालिकालाई अपराध गरेको दोषका आधारमा वा प्रमाणित नै भए पनि निजको सुधार र उज्ज्वल भविष्यका निमित्त थुना, बाल सुधारगृह वा निजले आफ्नो स्वतन्त्रताको उपभोग गर्न नपाउने गरी राख्नु बालबालिकाको हितमा हुँदैन भन्ने अवधारणा रहेको छ।

**ग. पारिवारिक दायित्वः** बालबालिकाको हेरचाह गर्ने प्राथमिक दायित्व बाबुआमा वा उनीहरुको हेरचाह गर्ने दायित्व भएका अभिभावकहरुको नै हो। कसूरजन्य कार्य गरेको आरोप लागेका वा दोष प्रमाणित भएकै आधारमा बालबालिका तथा वैधानिक अभिभावकलाई उनीहरुको जिम्मेवारीबाट पन्छाउन सकिँदैन।

**घ. संस्थागत स्याहार अन्तिम उपायः** बालबालिकालाई अन्य कतै राख्न नसकिने व्यहोरा पक्का भएपछि मात्र उसलाई संस्थागत स्याहारमा राख्नुपर्दछ। संस्थागत स्याहारले पारिवारिक स्याहार तथा पारिवारिक वातावरणमा गरिने स्याहारको विकल्पलाई बुझाउँछ। बालबालिकालाई निगरानी कक्षमा राख्नु वा सुधार गृहमा राख्नु वा अन्तिम आदेशबाट अन्य कुनै संस्थागत स्याहारमा राख्नु पूर्व पारिवारिक हेरचाहको सम्भावना नभएको सुनिश्चित गर्नुपर्दछ। भारतीय कानूनले अंगीकार गरेको यस सिद्धान्तले संस्थागत स्याहारको विकल्प छैन भन्ने विवेकपरक छानविनले टुंगोमा पुऱ्याउनुपर्ने कुरालाई जोड दिन्छ।

**ङ. पुनर्स्थापना र क्षतिपूर्तिः** बालबालिकालाई कानूनसँग सम्पर्कमा आउनु पूर्वको आफ्नो सामाजिक, आर्थिक तथा पारिवारिक अवस्थामा पुऱ्याउनुपर्ने कुरालाई यस सिद्धान्तले जोड दिन्छ। बालबालिकालाई अहित हुने अवस्थामा बाहेक उसको पुनर्स्थापना परिवारमा नै गरिनुपर्ने कुरा यस सिद्धान्तको महत्वपूर्ण पक्ष हो।

**च. दिशान्तरणः** बालबालिकाका मुद्दाहरुलाई सकेसम्म औपचारिक प्रक्रियाबाट बाहिर टुंग्याउनुपर्ने एवं औपचारिक प्रक्रियाभित्र पनि सकेसम्म अनौपचारिक ढंगले चाँडोभन्दा चाँडो टुंग्याउनुपर्ने कुरामा यस सिद्धान्तले जोड दिन्छ।

माथि उल्लिखित सिद्धान्तहरुले समग्रमा बालबालिकालाई परिवारमा नै राखेर विवाद तथा समस्याको सम्वोधन गर्ने कुरामा जोड दिन्छ।

## २. बालमैत्री वा बाल संवेदनशील संस्थाको सिर्जना

फौजदारी कानूनका नियमित संस्थाहरुले बालबालिकाको विषयको संवेदनशीलता बुझ्न नसक्ने र अपराध अनुसन्धान, अभियोजन, न्यायिक प्रशासन तथा सजाय पालनाका अभ्यासहरु उपयुक्त नहुने भएकाले कानूनको विवादमा आएका बालबालिकाको निमित्त भारतमा निम्न संस्थाहरुको सिर्जना गरिएका छन्।

### क. बालन्याय बोर्ड

कानूनको विवादमा परेका बालबालिकाहरुको मुद्दा हेर्नका निमित्त राज्य सरकारले प्रत्येक राज्यमा एक वा एकभन्दा बढी बोर्डहरु गठन गर्न सक्दछ। उक्त बोर्डमा कम्तीमा तीन वर्षको अनुभव भएको न्यायिक म्याजिष्ट्रेट तथा बाल मनोविज्ञान, बालमनोचिकित्सा, सामाजिक शास्त्र तथा कानूनमा स्नातक गरी कम्तीमा सात वर्ष बालबालिकाको स्वास्थ्य, शिक्षा तथा कल्याणको क्षेत्रमा कार्य अनुभव भएका एक जना महिला पर्ने गरी दुई जना सामाजिक कार्यकर्ता गरी तीन सदस्यहरु हुन्छन्। नियुक्तिपश्चात न्यायिक म्याजिष्ट्रेट तथा सामाजिक कार्यकर्ताहरुलाई बालबालिकाको हेरचाह, संरक्षण, पुनर्स्थापना तथा कानून तथा न्यायका क्षेत्रमा अभिमुखीकरण वा तालिम दिने गरिन्छ।[३४]

### ख. बालन्याय प्रहरी युनिट वा बालकल्याण प्रहरी अधिकारी

बालबालिकाको मुद्दाको अनुसन्धान गर्न नियमित रुपमा अनुसन्धान गर्ने प्रहरीहरुमा सुझबुझ नहुने भएकाले अनुसन्धानका निमित्त बालन्याय प्रहरी युनिट वा बाल कल्याणमा काम गर्ने प्रहरी अधिकारीले मात्र अनुसन्धान गरिनुपर्ने व्यवस्था गरिएको छ।[३५]

### ग. प्रोवेशन अधिकारी, उपयुक्त व्यक्ति तथा सेवा

ऐनले बालबालिकाको अवस्थाको निगरानी गर्न प्रोवेशन अधिकारी तथा बालबालिकालाई जिम्मामा राख्नको निमित्त राज्यले तोकेको प्रकृया पूरा गरी "उपयुक्त व्यक्ति" नियुक्ति गर्ने व्यवस्था गरेको छ।[३६] उपयुक्त

---

[३४] बालन्याय (बालबालिकाको हेरचाह तथा संरक्षण) ऐन, २०१५, दफा ४।

[३५] ऐ. दफा १०।

[३६] ऐ. दफा २ (२८)। (ऐनको परिभाषा खण्डमा बालबालिकाको हेरचाह गर्न उपयुक्त भनी बालकल्याण समिति वा बालन्याय बोर्डले छानविनपश्चात् उपयुक्त ठहराएको व्यक्ति सम्झनुपर्दछ भनिएको छ)।

व्यक्तिको मूल जिम्मेवारी बोर्डले पठाएका बालबालिकालाई अभिभावक जसरी हेरचाह गर्नु हो।[३७] त्यसैगरी बोर्डले अन्तिम आदेशका रुपमा "उपयुक्त सेवा" लिने गरी बालबालिकालाई छाड्न पनि सक्दछ।[३८] उपयुक्त सेवामा खास प्रकारको सेवा नभई बालबालिकाको अवस्था सुधारका रुपमा विभिन्न प्रकारका सेवाहरु रहने गर्दछन्। प्रोवेशन अधिकारीले अनुसन्धान तथा न्यायिक प्रकृयामा रहेका वा आफ्ना निगरानीमा छुटेका बालबालिकाको स्थितिबारे जानकारी लिने गर्दछन्।[३९]

## ३. अनुसन्धानका क्रममा प्रयोग हुने गैरहिरासतीय उपाय

अनुसन्धानका क्रममा बालबालिकालाई आफू रहे बसेको ठाउँमा आमाबाबु वा अभिभावकसँग राख्नुपर्ने वा उनीहरुलाई कुनै उपयुक्त व्यक्तिको जिम्मामा छाडिनुपर्ने वा अवलोकन गृहमा राख्नुपर्ने गरी तीन वटा अवस्था भारतीय कानूनले सिर्जना गरेको छ।[४०] भारतीय कानूनले कुनै पनि अवस्थामा अनुसन्धानका क्रममा बालबालिकालाई प्रहरी हिरासत वा जेलमा राख्न निषेध गरेको छ।[४१] सामान्य कानूनअन्तर्गत धरौटीमा रिहा गर्न मिल्ने वा नमिल्ने जे भए पनि बालबालिकाको हकमा धरौटी लिई वा नलिई प्रोवेशन अधिकारीको निगरानीमा छाडिनु पर्ने अनिवार्य व्यवस्था पनि ऐनमा छ। अवलोकन गृह पनि बालबालिकाको निमित्त प्राथमिकतामा राखिएको ठाउँ भने होइन। बालबालिकालाई राख्ने अन्य स्थान नभएको अवस्थामा तथा यदि बालबालिकालाई छाड्दा कुनै कसूर ठहर भएको व्यक्तिसँग सम्पर्क हुने वा नैतिक, शारीरिक वा मनोवैज्ञानिक खतरामा पर्ने वा निजको छुटाईले न्याय मर्ने भएमा बोर्डले ती बालबालिकालाई नछाडी अवलोकन गृहमा राख्नुपर्ने व्यवस्था गरिएको छ।[४२]

## ४. मुद्दा फैसला हुँदा प्रयोग हुने गैरहिरासतीय उपाय

ऐनको दफा १८ ले बालबालिकाको मुद्दा निर्णय गर्दा बालबालिका दोषी पाइए भने बालबालिकालाई आफूले गरेको कामप्रति जिम्मेवार बनाउन निम्न बमोजिमको आदेशहरु जारी गरी उनीहरुको सुधार गर्ने भनी उल्लेख गरेको छ।[४३]

(क) बालबालिकासँग उपयुक्त सोधपुछ तथा बालबालिका तथा निजका आमाबाबु वा अभिभावकलाई मनोविमर्श गरेपश्चात् सम्झाई बुझाई घर पठाउने।

[३७] ऐ. दफा ११।

[३८] ऐ. दफा २ (२७)।

[३९] ऐ. दफा १२।

[४०] ऐ. दफा १० (२)।

[४१] ऐ. दफा १० (१)।

[४२] ऐ. दफा १२ (१)।

[४३] ऐ. (यस ऐनले कानूनको विवादमा भएको बालबालिकाको उमेर १६ वर्ष माथि छ र उसले गम्भीर (Heinous) अपराध गरेको आरोप छ भने बोर्डले प्रारम्भिक मूल्यांकन मार्फत उक्त बालबालिकासँग अपराध गर्न सक्ने शारीरिक र मानसिक अवस्था छ वा छैन, निजले आफूले गरेको अपराधको परिणाम बुझ्न सक्छ वा सक्दैन र अपराधको परिस्थितिको विश्लेषण गरी १६ वर्ष पुगेको उक्त बालबालिकालाई वयस्क सरह मुद्दा चलाउनलाई बाल अदालतमा सिफारिस गर्न सक्दछ भन्ने व्यवस्था गरेको छ। यस व्यवस्थाले अन्तर्राष्ट्रिय कानूनको पालना नगरेको भनी आलोचनासमेत भएको छ)। हेर्नुहोस, Ved Kumari, The Juvenile Justice System: Critical Analyses, Universal /Lexis Nexis (2016).

(ख) बालबालिकालाई एकल वा सामूहिक मनोविमर्शमा सहभागी गराउन वा समान कार्यका लागि निर्देशन दिने।

(ग) बालबालिकालाई बोर्डले पहिचान गरेको कुनै व्यक्ति, व्यक्तिहरु वा व्यक्तिहरुको समूह वा कुनै संघ वा संस्थाको सुपरिवेक्षणमा रही सामुदायिक सेवा गर्नका निमित्त आदेश दिने।

(घ) बालबालिका वा निजको आमाबाबु वा अभिभावकलाई जरिवाना तिर्न लगाउने। तर यदि सम्बन्धित बालक वा बालिकाले श्रमिकका रुपमा काम गरिरहेका छन् भने प्रचलित श्रमसम्बन्धी कानूनको उल्लंघन नभएको सुनिश्चित गर्ने।

(ङ) बढीमा तीन वर्षसम्मका निमित्त बालबालिकाको आचारण सुधार गर्ने र उसको हितका लागि धरौटी लिई वा नलिई आमाबाबु वा अभिभावक वा अन्य कुनै उपयुक्त व्यक्तिको जमानीमा छाड्ने।

(च) बढीमा तीन वर्षसम्मका लागि बालबालिकाको आचारण सुधार गर्ने र उसको हितका निमित्त धरौटी लिई वा नलिई आवश्यक सेवा सुविधा प्रदान गर्ने उपयुक्त संस्थाको जिम्मामा छाड्ने।

माथि उल्लिखित खण्ड (क) देखि खण्ड (च) सम्मका आदेशहरु बाहेक बोर्डले निम्न बमोजिमको हिरासतीय प्रकारको आदेश पनि दिन सक्दछः

(छ) बालबालिकालाई बढीमा तीन वर्षको निमित्त शिक्षा, सिपमूलक तालिम, मनोविमर्श, आचरण सुधार उपचार वा थेरापी तथा मनोचिकित्सा सहयोग प्रदान गर्ने गरी बालबालिकाको सुधार सेवाका निमित्त विशेष गृह (बाल सुधार गृह) मा राख्ने। तर यदि उक्त बालक वा बालिकाको व्यवहार हेर्दा निजलाई विशेष गृहमा राख्दा निजको वा विशेष गृहमा बस्ने अन्य बालबालिकाको हितमा हुँदैन भन्ने लागेमा उक्त बालबालिकालाई अन्य सुरक्षित स्थानमा राख्ने गरी आदेश दिन सकिन्छ।

माथिका खण्ड (क) देखि खण्ड (छ) सम्मका आदेशहरु जारी गर्दा बोर्डले बालबालिकालाई देहायका कुनै एक आदेशसमेत दिन सक्नेछः

(अ) विद्यालय जानुपर्ने,

(आ) कुनै व्यावसायिक तालिम लिनुपर्ने,

(इ) उपचार केन्द्र जानुपर्ने,

(ई) कुनै स्थानमा जान नपाउने वा धेरै पटक जान वा उपस्थित हुन नपाउने,

(उ) कुलत हटाउने उपचार कार्यक्रममा सहभागी हुने।

### ३.४.२ संयुक्त अधिराज्य बेलायत[४४]

संयुक्त अधिराज्य बेलायतमा बालबालिकाको लागि मात्र नभएर वयस्कसमेतका लागि गैरहिरासतीय उपायहरुको प्रवर्द्धन गरिएको छ। न्याय मन्त्रालयको एक प्रतिवेदनले दोषीलाई हिरासतमा पठाउँदा

[४४] यस अध्ययनमा बेलायती व्यवस्था भन्नाले इंगलैण्ड र वेल्समा लागु हुने कानूनी व्यवस्था बुझ्नुपर्दछ।

सामुदायिक सेवामा पठाएको भन्दा करिब चार गुणा बढी खर्च लाग्नेसमेत उल्लेख गरेको छ।[४५] फौजदारी न्याय ऐन, २००३ ले अत्यन्त गम्भीर प्रकारका अपराधमा मात्र कैद तोक्ने व्यवस्था गरेको छ। संयुक्त अधिराज्य बेलायतमा कैद तोकेर गरिने फैसला एवं कैद तोकेर गरिने फैसलाको स्थगन दुवैलाई हिरासतीय उपायको रुपमा लिइन्छ।[४६] गैरहिरासतीय उपायका रुपमा कैदमा बस्न नपर्ने गरी छाड्ने, जरिवाना तिराउने र सामुदायिक सजाय गर्ने गरी तीन उपायहरुको प्रयोग बेलायतमा गरिन्छ।[४७] एक बिधायिकी प्रतिवेदनअनुसार बेलायतमा ९० प्रतिशतभन्दा बढी फैसलाहरुमा गैरहिरासतीय उपायहरुको प्रयोग भएको छ।[४८]

बालबालिकाको हितसम्बन्धी कानूनमा बालबालिका भन्नाले १८ वर्ष पूरा नभएको व्यक्ति भनी परिभाषा गरिएको छ।[४९] बेलायती फौजदारी न्याय प्रणालीमा बालबालिकाभन्दा युवा शब्दको बढी प्रयोग हुन्छ। युवा भन्नाले १५ देखि १८ वर्ष पूरा नभएका व्यक्ति भनी बुझ्नुपर्दछ।[५०] युवा पनि बालबालिका नै हुन्। बेलायतमा बालन्याय प्रणाली बालबालिका अपराधमा संलग्न भएपछि मात्र राज्यका तर्फबाट गरिने प्रतिउत्तरात्मक कार्यक्रमलाई बुझाँउदैन, बालन्याय अपराध रोकथामबाट नै प्रारम्भ हुन्छ। बालबालिकालाई कसूरजन्य कार्यको चंगुलमा फस्नु पूर्व नै जोगाउन वा रोकथाम गर्नका निमित्त राज्यले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेको छ। जसमा युवा समावेशी कार्यक्रम (युवाबाट हुने कसूरजन्य कार्यलाई रोकथाम गर्ने) टिम निर्माण गरी उनीहरुले विद्यालय तथा समुदायको सहयोगमा जोखिममा भएका ८ देखि १७ सम्मका बालबालिका पहिचान गरी उनीहरुसँग प्रत्यक्ष कार्यक्रम सञ्चालन गरी अपराध नियन्त्रण गर्ने, युवा समावेशी तथा सहयोग समिति (विद्यालय, प्रहरी, स्वास्थ्यकर्मी तथा सामाजिक कार्यकर्ताको समिति बनाई उनीहरु मार्फत ८ देखि १३ वर्षसम्मका जोखिममा भएका बालबालिकालाई उपलब्ध सार्वजनिक सेवा तथा सुविधा प्रदान गर्ने काम), असल अभिभावकत्व सिप विकास (जोखिममा भएका बालबालिकाका आमाबाबु वा अभिभावकलाई सक्षम अभिभावकत्वसम्बन्धी क्षमता विकास), सुरक्षित विद्यालय कार्यक्रम (विद्यालयमा प्रहरी अधिकारी नियुक्त गरी प्रहरी र विद्यार्थी मिलेर अपराध र जोखिम न्यूनीकरण गर्ने कार्यक्रम), साथीद्वारा सिकाई (स्वयंसेवकलाई जोखिममा भएको बालबालिकालाई सम्झाई, बुझाई, सिप तथा क्षमता विकास गरी अपराधबाट जोगाउने) कार्यक्रमहरु मुख्य हुन्।[५१]

## १. गैरहिरासतीय उपायको प्रयोगसम्बन्धी सिद्धान्त तथा मार्गदर्शन

अपराध र अव्यवस्था नियन्त्रणसम्बन्धी (क्राइम एण्ड डिसअर्डर) ऐन, १९९८ ले बाल वा युवा न्याय प्रणालीको मुख्य उद्देश्य नै बालबालिकालाई पुनः कसूरजन्य कार्य गर्न उन्मुख हुनबाट जोगाउने भनेको छ। बेलायतमा

---

[४५] सन् २०१४।१५ मा एक व्यक्तिलाई थुनामा राख्दा ३६५०० पाउण्ड लागेको पाइयो भने “सामुदायिक सजाय” गर्दा १०००० पाउण्ड मात्र लागेको पाइयो। हेर्नुहोस् Ministry of Justice, Costs Per Place and Costs Per Prisoner (London: Ministry of Justice, 2015).

[४६] नेपालमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (५) ले सजाय स्थगनलाई हिरासतीय मात्र नभएर गैरहिरासतीय उपायको रुपमा समेत राखेको छ। तर यसको प्रयोग भने बालबालिकासम्बन्धी ऐन, २०४८ (खारेज भइसकेको) बमोजिम हिरासतीय सजायलाई स्थगन गर्नका निमित्त मात्र प्रयोग भएको छ।

[४७] बेलायतमा गैरहिरासतीय उपायहरुलाई “सामुदायिक दण्ड वा उपाय” (Community Sanctions or Measures) पनि भनिन्छ।

[४८] हेर्नुहोस् https://researchbriefings.files.parliament.uk/documents/POST-PN-0613/POST-PN-0613.pdf.

[४९] बालबालिकासम्बन्धी ऐनहरू, १९८९ र २००४।

[५०] अपराध र अव्यवस्था नियन्त्रणसम्बन्धी (क्राइम एण्ड डिसअर्डर) ऐन, १९९८, दफा ११७।

[५१] Ian Balkeman, The Youth Justice System of England and Wales, https://www.unafei.or.jp/ publications /pdf/RS_ No78/No78_13VE_Blakeman.pdf.

१८ वर्ष पूरा नभएका र १८ वर्ष वा सो भन्दा माथिका वयस्कका निमित्त भिन्दाभिन्दै सजाय (निर्धारण) निर्देशिका जारी गरिएको छ। सन् २०१७ जुन १ का दिन र त्यसपछि पहिलो सुनुवाई हुने बालबालिकाका मुद्दाहरुमा सजाय निर्देशिका मान्नुपर्ने बाध्यात्मक व्यवस्था छ।[५२] यसमा भएका व्यवस्थाहरुलाई छोटकरीमा निम्न बमोजिम प्रस्तुत गरिएको छः

क. बालबालिकालाई सजाय गर्दा बालबालिकालाई पुनः कसूरजन्य कार्य गर्नबाट रोक्ने तथा उनीहरुको हित गर्ने कुरामा ध्यान पुऱ्याउने।[५३] सन् २००८ को संशोधनले फौजदारी न्याय ऐन, २००३ मा दफा १४२क थप गरिएको छ, जुन अझै लागु भैसकेको छैन। यस दफाले बालबालिकालाई सजाय गर्नुको उद्देश्य उनीहरुबाट हुन सक्ने कसूरजन्य कार्यको पुनरावृत्तिमा कमी वा रोकथाम नभईकन उनीहरुको हित र सामाजिक पुनर्स्थापना भएको कुरालाई जोड दिएको छ।

ख. बालबालिकालाई सजाय निर्धारण गर्दा अपराधको गाम्भीर्यताका साथसाथै बालबालिकाको सुधार, पुनर्स्थापना र उसलाई दिइएको सजायले उसलाई पुऱ्याउने दुरुत्साहन र उसलाई पार्ने नकारात्मक वा सकारात्मक प्रभावमा ध्यान पुऱ्याउने।

ग. बालबालिकाका निमित्त पुनर्स्थापकीय न्यायको प्रवर्द्धन गर्ने। यसले बालबालिकालाई आफ्नो कार्यको परिणाम थाहा पाउने र सोको उत्तरदायित्व लिन सक्ने बनाउँदछ।

घ. बालबालिकालाई अपराधीकरण वा कलंकित नगरिकन तिनीहरुलाई आफूले गरेको कार्यप्रति उत्तरदायी बनाउँदै समाजमा नै पुनर्स्थापना गराउने।

ङ. बालबालिकाको बारेमा सजाय निर्धारण गर्दा उनीहरुको उमेर वा शारीरिक विकास मात्र नहेरेर उनीहरुको मानसिक परिपक्वता (बालबालिकाको मानसिक विकास नभइसकेको हुनाले उनीहरुले सही र गलत छुट्याउन सक्दैनन्, उनीहरु आवेगपूर्ण हुन्छन्, जोखिम मोल्न सक्दछन्, अपरिपक्व निर्णय गर्दछन् भन्ने तथ्य) को विचार गर्ने।

च. बालबालिकालाई समाजमा पुनःएकीकरण हुने, आफ्ना शिक्षालगायतका विकासका अवसरहरु निरन्तरता हुने किसिमले सजाय निर्धारण गर्ने।

छ. बढी जोखिममा भएका बालबालिकालाई हिरासतीय सजायमा पठाउने कार्य बालबालिकाको मनोविज्ञान र परिस्थिति अनुरुप नहुने हुँदा बढी जोखिममा भएका बालबालिकाले हिरासतीय अवस्थामा आत्महत्यालगायत आफैलाई हानि गर्ने सम्भावना भएकाले यस किसिमका बालबालिकालाई गैरहिरासतीय सजाय उपयुक्त हुने। समान सजायले एक समूहका बालबालिकामा अर्को समूहका बालबालिकाभन्दा बढी नकारात्मक असर पर्ने कुरामा सचेत रहनुपर्ने।

ज. सजायको उद्देश्य बालबालिकालाई आफ्ना गल्तीहरुबाट सिक्ने अवसर पाउन् भन्ने हुनुपर्ने।

झ. गैरहिरासतीय उपाय उपयुक्त नभएमा मात्र अन्तिम उपायको रुपमा बालबालिकालाई कैदमा राख्नुपर्ने।

---

[५२] Sentencing Children and Young People: Overarching Principles and Offence Specific Guidelines for Sexual Offences and Robbery Definitive Guideline, 1 June 2017, https://www.sentencingcouncil.org.uk/wp-content/uploads/Sentencing-Children-and-young-people-Definitive-Guide_FINAL_WEB.pdf.

[५३] ऐ. पृ. ४। (बालबालिकालाई बाध्यात्मक जन्मकैद, ऐनले तोकेको न्यूनतम कैद र खतरनाक अपराधसम्बन्धी व्यवस्थाअन्तर्गत आजीवन कारावास तथा मानसिक स्वास्थ्यसम्बन्धी ऐन अन्तर्गत आदेश दिनुपर्ने अवस्थामा यो नियम लागु हुँदैन)।

ञ. बालबालिका तथा युवासम्बन्धी ऐन, १९३३ ले बालबालिकाको कल्याण वा हितका सम्बन्धमा गरेका व्यवस्थाहरु जस्तै बालबालिकाको शिक्षा तथा तालिमको निरन्तरता, बालबालिकाको मानसिक तथा शारीरिक स्वास्थ्यको उचित हेरचाह र उपचार, बालबालिकाको पारिवारिक पृष्ठभूमि र निजलाई स्याहार, सहयोग तथा मार्गदर्शनको आवश्यकता र अदालतले ठहर गरेको सजायले बालबालिकामा पार्न सक्ने नकारात्मक असरको समेत ख्याल गरी अदालतले सजाय आदेश गर्नुपर्ने।

## २. बालमैत्री वा बाल संवेदनशील संस्थाको सिर्जना

**क. युवा अदालतः** गम्भीर कसूरमा बाहेकका बालबालिकाको मुद्दालाई युवा अदालत (युथ कोर्ट) मा हेरिने कानूनी व्यवस्था बेलायतमा छ। युथ कोर्टमा मेजिष्ट्रेटहरु वा जिल्ला न्यायाधीशले सुनवाई गर्दछन्।

फौजदारी न्याय ऐनको अनुसूची १५ मा गम्भीर अपराधलाई सूचीवद्ध गरिएको छ। जसमा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, ज्यान मार्ने धम्की, जघन्य कुटपिट, अपहरण, वेरितसँग थुन्दा, ३ वर्षभन्दा माथि सजाय तोकिएका हातहतियारसम्बन्धी मुद्दा (१६ वर्षभन्दा माथि बालबालिकाको हकमा) आदि पर्दछन्। त्यसैगरी अपराध र व्यवस्थासम्बन्धी (क्राइम एण्ड अर्डर) ऐन, १९९८ अन्तर्गत युवा अदालतले सिफारिस गरी पठाएका गम्भीर र जटिल प्रकृतिका तथा किर्ते तथा जालसाजीसम्बन्धी मुद्दाहरु पनि सामान्य अदालत (क्राउन अदालत) ले नै हेर्दछन्।[५४] वयस्कसँगै बालबालिकाको समेत मुद्दा भएका सामान्यतः बालबालिकाको मुद्दा युवा अदालतले नै हेर्ने, तर यदि न्याय सम्पादनमा प्रतिकूल अवस्था भएमा सामान्य अदालतले नै उक्त मुद्दा हेर्न सक्ने।[५५] जुनै अदालतले हेरे पनि सजाय निर्धारणसम्बन्धी माथि उल्लेख गरिएका सिद्धान्त तथा मार्गदर्शनहरु सबै अदालतका निमित्त समान रुपमा लागु हुन्छ।

**ख. युवा न्याय बोर्डः** अपराध र व्यवस्थासम्बन्धी (क्राइम एण्ड अडर) ऐन, १९९८ को दफा ४१ अन्तर्गत युवा न्याय बोर्डको स्थापना गरिएको छ। युवालाई अपराधबाट जोगाउने समूहसहितको कार्यक्रमलाई बेलायतमा बाल न्याय सेवा भनेर भन्ने गरिन्छ। युवा न्याय बोर्ड अन्तर्गत नै विभिन्न समूह तथा सेवाहरुले बालन्याय सेवाका कामहरू गरेका हुन्छन्। बेलायतका युवा न्यायप्रणालीको कार्यान्वियन र समग्र अनुगमन मूल्यांकन गर्ने यसको प्रमुख काम हो। यो मन्त्रालयका इकाइ वा अङ्ग नभई सार्वजनिक प्रकृतिको कार्यालय हो। यसले मन्त्रालयको युवा न्याय इकाईसँग मिलेर कार्य गर्दछ। कानूनको विवादमा आएका बालबालिकाका सम्बन्धमा हिरासतीय आदेश दिएपछि ती बालबालिकालाई कस्ता स्थानमा राख्ने भनी सेवाहरुको बन्दोबस्त गर्ने काम पनि युवा न्याय बोर्डको क्षेत्राधिकारमा पर्दछ।

**ग. युवालाई अपराधबाट जोगाउने समूह (युथ अफेन्डिङ टिम)ः** अपराध र व्यवस्थासम्बन्धी (क्राइम एण्ड अर्डर) ऐन, १९९८ को दफा ३९ अन्तर्गत प्रहरी, प्रोवेशन अधिकारी, स्वास्थ्य कार्यालय आदि मिलेर युवालाई अपराधबाट जोगाउने समूह निर्माण गर्ने कुरालाई महत्व दिइएको छ। यस कार्यक्रम अन्तर्गत युवा दिशान्तरण

---

[५४] अपराध र व्यवस्था (क्राइम एण्ड अर्डर) सम्बन्धी ऐन, १९९८, दफा ५१(ख) र ५१(ग)।

[५५] साक्षीलाई पर्ने असुविधा हटाउनका निमित्त बालबालिका र वयस्कका मुद्दा सँगै हेर्न सकिने। मूलतः कसूरजन्य कार्यको आरोपमा पुनःन्यायिक प्रक्रियामा आएका, माथिल्ला उमेरका बालबालिका, वयस्कसँगको ज्यादा उमेर फरक नभएका र वयस्कसँगै आए पनि सामान्य आरोप लागेका बालबालिका मुद्दा वयस्कसँगै राखेर हेर्न सकिने व्यवस्था छ। साक्षीको भिडियो रेकर्डिङ्गसम्बन्धी प्रावधानका लागि हेर्नुहोस् युवा न्याय तथा फौजदारी प्रमाण ऐन, १९९९, दफा २७ र २८।

कार्यक्रम, प्रहरी समावेशी वा सहयोग कार्यक्रम, विद्यालय सुरक्षा कार्यक्रम जस्ता विभिन्न कार्यक्रमहरु गरी बालबालिकालाई अपराधको चंगुलमा फस्नबाट जोगाउने कार्य गरेको हुन्छ।

बालबालिकाले साहसिक तर जोखिमपूर्ण कामहरु गरे वा आफैप्रति खतरा र दुर्घटना हुने कार्यहरु गरे वा असामाजिक कार्य गरे भने उनीहरुलाई गैरहिरासतीय उपायहरु प्रयोग गरी अपराधबाट जोगाउने कार्य गर्ने उद्देश्यले प्रहरीले "युवा दिशान्तरण कार्यक्रम" सञ्चालन गरेको हुन्छ। यी सबै कार्यक्रमहरु युवालगायत समुदायसँगको सहकार्यमा गरिएको हुन्छ र ती कार्यक्रमको लक्ष्य बालबालिकालाई अपराधबाट जोगाउनु र तिनीहरुको व्यवहारमा सुधार ल्याउनु नै हो। यसैगरी प्रहरी समावेशी वा सहयोग कार्यक्रम, विद्यालय सुरक्षा कार्यक्रम बालबालिकाका जीवनमा प्रत्यक्ष सरोकार राख्ने अन्य निकाय वा संस्थासँग मिली बाल बिज्याँई वा कसूर रोकथाम गर्ने काम हो।

**घ. युवाका लागि हिरासतीय सेवाः** यो सन् २०१७ मा कारागार तथा प्रोवेशन सेवा अन्तर्गत स्थापना गरिएको सरकारी निकाय हो।[५६] यस निकाय अन्तर्गत बालबालिकाका निमित्त बेलायतमा स्थापित र सञ्चालित सबै हिरासतीय संस्थाहरु पर्दछन्। निजी संस्थासँग करारद्वारा हिरासतीय सेवा सञ्चालन गर्ने जिम्मेवारी पनि यस हिरासतीय सेवाको नै हो। युवा न्याय सेवा वा युथ अफेन्डिङ टिमले पेश गरेको मूल्यांकन तथा सिफारिस, बालबालिकाको आवश्यकता तथा उसको उमेर र लिंगको आधारमा कस्तो हिरासतीय उपाय गर्ने भन्ने बारेमा निर्णय गरिन्छ। हिरासतीय सेवाहरु सकेसम्म बालबालिकाको आफ्नो घरभन्दा नजिक हुनुपर्दछ।[५७]

## ३. गैरहिरासतीय उपायको प्रयोग

अधिकांश मुद्दामा अदालतले वा दिशान्तरण अन्तर्गत अनुसन्धान गर्ने निकायबाट नै गैरहिरासतीय उपायद्वारा बालबालिकाको मुद्दाको छिनोफानो गर्ने प्रचलन भए तापनि बेलायतमा बालबालिकाको निमित्त अन्तिम उपायका रुपमा हिरासतीय उपायहरुको प्रयोग हुन्छ।[५८] मार्च २०२० देखि मार्च २०२१ सम्मको तथ्यांकअनुसार बालबालिकाविरुद्धको उजुरीको संख्या ५४,४९,७५८ मध्ये ५०,७८४ (०.९३ प्रतिशत) जना बालबालिकालाई अनुसन्धान गर्ने निकायले नियन्त्रणमा लिएको देखिन्छ। जसमध्ये पनि १८,६४९ जना (०.३६ प्रतिशत)

---

[५६] https://www.gov.uk/government/organisations/youth-custody-service.

[५७] https://www.gov.uk/children-in-custody.

[५८] अपराध र अव्यवस्था (क्राइम एण्ड डिसअर्डर) सम्बन्धी ऐन, १९९८ को दफा ४१ को उपदफा ५ अन्तर्गत बालबालिकाका निमित्त सुरक्षित बासस्थान (सेक्योर अकोमोडेसन) को व्यवस्था गरिएको छ। युवा न्याय बोर्ड अन्तर्गत सुरक्षित बासस्थानका कार्यक्रमहरु चल्दछन्। सुरक्षित बासस्थान तीन प्रकारका छन्। अदालतको आदेशबमोजिम यी तीनै प्रकारका बासस्थान कानूनको विवादमा परेका बालबालिकाका निमित्त प्रयोग हुन्छन्। (क) सुरक्षित बालबालिका गृहः यी गृहहरु स्थानीय निकाय अन्तर्गतका सामाजिक सेवा विभागले वा स्वास्थ्य मन्त्रालय र बालबालिका, विद्यालय र परिवार मन्त्रालयको रेखदेखमा निजी कम्पनीहरुले सञ्चालन गरेका हुन्छन्। यस गृहमा १२ देखि १४ वर्षसम्मका बालबालिका, १६ वर्षमुनिका बालिकाहरु र विशेष हेरचाह चाहिने १४ देखि १६ वर्षसम्मका बालकहरु राखिन्छन्। यी गृहमा ६ देखि ४० जना बालबालिका सुत्न मिल्ने हुन्छ। (ख) सुरक्षित तालिम केन्द्रः कानूनको विवादमा परेका बालबालिकाका विशेष सेवा दिने उद्देश्यले सुरक्षित तालिम केन्द्रहरु बालन्याय बोर्ड अन्तर्गत खोलिएका हुन्छन्। यी केन्द्रहरुले बालबालिकाको सुधारका निमित्त विभिन्न तालिम कार्यक्रमहरुको आयोजना गर्दछन्। (ग) कानूनको विवादमा परेका युवाहरु राख्ने संस्था (योङ अफेन्डर इन्सटिट्युसन): यस संस्थामा १५ देखि माथिका र २१ वर्षमुनिका बालबालिकाहरु राखिन्छ। यसै गृहमा १७ र १८ वर्षका बालकहरु र १७ वर्षका बालिकाहरुलाई पनि राखिन्छ। तर उनीहरुका निमित्त भिन्नै कक्षहरुको व्यवस्था गरिन्छ।

बालबालिकाविरुद्ध मात्र मुद्दा चलाएको देखिन्छ। अदालतले हिरासतीय सजाय दिएको बालबालिकाको संख्या मात्र ६७३ जना (०.०३६ प्रतिशत) छ। अदालतले ८,४७२ जना (०.१६ प्रतिशत) बालबालिकालाई सामुदायिक सजायमा पठाएको र अरु ३,०७२ जना (०.१६ प्रतिशत) लाई जरिवाना वा सम्झाई बुझाई जस्ता अन्य सजाय दिएको पाइन्छ।[५९]

## अ. दिशान्तरणको क्रममा प्रयोग हुने गैरहिरासतीय उपायहरु

दिशान्तरणको क्रममा प्रहरी, स्थानीय निकाय तथा अन्य अर्धसरकारी निकायले प्रयोग गर्ने गैरहिरासतीय उपायहरु निम्न छन्:[६०]

**क. सम्झाई बुझाई गर्नुः** बालबालिकालाई अबदेखि कसूरजन्य वा गैरसामाजिक कामहरु नगर्नु भनी सम्झाउने काम।

**ख. चेतावनी दिनु वा सावधान गर्नुः** बालबालिकालाई अवदेखि कसूरजन्य वा गैरसामाजिक कामहरु गर्यौं भने प्रहरी तथा अदालती कारबाही गरिनेछ भनेर चेतावनी दिने वा सावधान गर्ने काम गर्दछ।

**ग. स्वीकार्य व्यवहारसम्बन्धी करार वा सम्झौताः** १० माथि र १८ वर्ष नपुगेको बालबालिकाले प्रहरी वा स्थानीय निकाय समक्ष तोकिएका नराम्रा कसूरजन्य वा गैरसामाजिक कामहरु गर्दिन भनी गरिएको सम्झौता यस श्रेणीमा पर्दछन्।

**घ. असामाजिक व्यवहार नियन्त्रण आदेशः** असामाजिक व्यवहार, अपराध र प्रहरी नियन्त्रणसम्बन्धी ऐन, २०१४ अन्तर्गत यस प्रकारको आदेश प्रहरी, स्थानीय निकाय तथा अदालतले पनि दिन सक्दछन्। यस आदेशले बालबालिकालाई हर्न नबजाउने, हल्ला नगर्ने, भित्ताहरुमा चित्र नकोर्ने तथा नाम उल्लेख गरेर कुनै व्यक्ति वा व्यक्तिहरुलाई हैरानी नदिने जस्ता आदेश दिन सक्दछ। यो आदेशको उल्लंघन गरेमा बालबालिकालाई हिरासतीय सजाय हुने वा अदालतमा मुद्दा चल्ने हुन सक्दछ।

**ङ. वैयक्तिक सहायता आदेशः** बालबालिकाले असामाजिक काम गर्नुको कारण पत्ता लगाई उपचार गर्ने उद्देश्यले यस किसिमको आदेश दिइन्छ। यो आदेश बढीमा ६ महिनासम्मको हुन्छ। उदाहरणका निमित्त बालबालिकालाई उसको रिस नियन्त्रण गर्न तोकिएको स्थानमा तोकिएको समयमा सञ्चालन हुने कार्यक्रममा भाग लिनु भन्ने खालको आदेश यसमा पर्दछन्।[६१]

## आ. अदालतबाट प्रयोग हुने गैरहिरासतीय उपायहरु

अदालत आउनु पूर्व बालबालिकाका मुद्दा टुंग्याउने माथिको प्रक्रिया बाहेक युवा अदालतमा आइसकेपछि अदालतले दुई प्रकारका आदेशहरु गर्दछन्। पहिलो प्रकारको आदेश हिरासतीय प्रकारको आदेश हो। यस आदेश अन्तर्गत बालबालिकालाई दुई वर्षसम्म नियन्त्रणमा राखी तालिम दिने आदेश (डिटेन्सन एण्ड ट्रेनिङ अर्डर) हुन्छ। यस आदेशलाई नेपालको बाल सुधारगृहमा राख्ने आदेश समान नै बुझ्नुपर्दछ।

---

[५९] Youth Justice Statistics 2020/21 England and Wales, 2021, p.7, https://assets.publishing.service.gov.uk/ government/ uploads/system/uploads/attachment_data/file/ 1054236/Youth_Justice_Statistics_2020-21.pdf.

[६०] पूर्व पादटिप्पणी ५१, पृ. ८२।

[६१] फौजदारी न्याय र अध्यागमन ऐन, २००८, दफा १२४।

दोस्रो प्रकारका आदेश अन्तर्गत अदालतले बालबालिकालाई शर्तसहित वा रहित छाड्ने, जरिवाना गर्ने वा बालबालिकालाई सामुदायिक सजायका आदेशहरु दिन्छन्। अदालतले एकै प्रकारको आदेश नदिइकन हिरासतीय र गैरहिरासतीय आदेशहरुलाई मिसाएर दिने पनि गर्दछन्। अर्थात पहिलो एक वर्ष तोकिएको हिरासतमा बस्ने र त्यसपछिको एक वर्ष सामुदायिक सजाय काट्ने गरी आदेश दिन सक्दछ।

आदेशको प्रकृति बालबालिकाको उमेर र निजले गरेको कसूरजन्य कार्यको अनुपातमा हुने गर्दछ। कतिपय आदेशहरु दोहोऱ्याएर कसूरजन्य कार्य गर्ने बालबालिकाको निमित्त बढी आकर्षित हुन्छ। अदालतको मूल लक्ष्य बालबालिकालाई पुनः कसूरजन्य कार्य गर्नुबाट जोगाउनु र सुधारको बाटोमा लगाउनु नै हो।[६२] बेलायतमा प्रयोग भएका गैरहिरासतीय उपायहरु निम्न बमोजिम छन्।[६३]

**क. शर्तसहित वा बिना शर्त छाड्नेः** सामान्य प्रकृतिका अपराधमा कानूनको विवादमा आएका बालबालिका दोषी पाइए पनि अदालतले निजलाई कुनै सजाय नगरी छाड्न सक्दछ। त्यसैगरी अदालतले शर्त तोकेर पनि छाड्न सक्दछ। शर्त पालन गर्ने अवधि तीन वर्षभन्दा बढी हुनु हुँदैन। तर यदि सम्बन्धित बालक वा बालिकालाई पछिल्ला २४ महिनाभित्र दुई पटकसम्म सावधान गराइएको हो वा पहिलो पटक सशर्त सावधान र दोस्रो पटक सावधान गराइएको हो भने बालबालिकालाई सशर्त वा विना शर्त छाड्न पाइँदैन।[६४]

**ख. असल अभिभावकत्व निर्वाह गर्ने सम्बन्धी आदेश र जरिवानाः** अदालतले बालबालिकाको साथै अभिभावकलाई पनि असल अभिभावकत्व निर्वाह गर्ने सम्बन्धी आदेश (प्यारेन्टल बाइन्ड ओभर वा पेरेन्टिङ अर्डर) जारी गर्न सक्दछ। बालबालिकालाई विशेष स्याहार गर्ने आदेश जारी गर्न सक्दछ। यस आदेशमा अभिभावकलाई आफूले गरिनुपर्ने भूमिकाका बारेमा उल्लेख गरिएको हुन्छ। यदि त्यस्तो भूमिका अभिभावकले निर्वाह गरेनन् भने अभिभावकलाई अदालतले जरिवाना तिराउन सक्दछ। १६ वर्षमुनिका बालबालिकाको सम्बन्धमा यी आदेशहरु जारी गर्नु अदालतको कर्तव्य हो भने १६ र १७ वर्षका बालबालिकाको निमित्त पनि अदालतले आफ्नो स्वविवेकमा यी आदेशहरु जारी गर्न सक्दछ।[६५]

### ग. सामुदायिक सजाय

सामुदायिक सेवा आदेशलाई फौजदारी न्याय र अदालती सेवा ऐन, २००० को दफा ४४ ले सामुदायिक सजाय आदेश भन्ने गरी नाम परिवर्तन गरेको छ। सामुदायिक सजायका विभिन्न उपाय हुन्छन्। एकै आदेशमा एकभन्दा बढी उपायहरु पनि संलग्न गरिन्छन्। यसलाई छोटकरीमा तल चर्चा गरिएको छ।

### १. युवा पुनर्स्थापना आदेश

दोहोऱ्याएर कानूनको विवादमा आउने बालबालिकालाई अदालतले युवा पुनर्स्थापना आदेश दिन सक्दछ।[६६] यो आदेश १२ वर्षदेखि माथिका बालबालिकालाई दिने गरिन्छ। यो आदेश बढीमा तीन वर्षका निमित्त

---

[६२] पूर्व पादटिप्पणी ५२, पृ. २१ देखि २३।

[६३] https://www.sentencingcouncil.org.uk/sentencing-and-the-council/types-of-sentence/types-of-sentences-for-young-people/.

[६४] अपराध र अव्यवस्था ऐन, १९९८, दफा ६६(ख) र सजाय निर्धारण गर्ने ऐन, २०२० को दफा २५(५)।

[६५] फौजदारी अदालतको अधिकार (सजायसम्बन्धी) ऐन, २०००, दफा १५० र अपराध र अव्यवस्था ऐन, १९९८, दफा ८ र सजाय निर्धारण गर्ने सम्बन्धी ऐन, २०२० को दफा २५(५)।

[६६] सजाय निर्धारण गर्ने ऐन, २०२०, दफा १७३ देखि १७६।

दिइन्छ। अदालतले आदेश दिँदा नै आदेश अवधि भर बालबालिकाले गर्न हुने, गरिनुपर्ने र गर्न नहुने कामहरु तोकेर आदेश दिइन्छ। यस आदेशमा प्रायः निम्न कुराहरु हुन्छन्ः

- सहभागी हुनुपर्ने कार्यक्रम वा गरिनुपर्ने भनी तोकिएका क्रियाकलापहरु तथा उपस्थित हुनुपर्ने ठाउँ।
- पूरा गरिनुपर्ने शिक्षा वा तालिम वा मनोविमर्श वा अन्य उपचारसम्बन्धी शर्तहरु।
- धुमपान, मद्यपान, लागुऔषध वा अन्य कुलतहरुको निषेध शर्त र त्यसको उपचारसम्बन्धी शर्त। यदि लागुऔषध सेवनसम्बन्धी परीक्षण गरिनुपर्ने हो भने सो सम्बन्धी शर्त।
- बालबालिकालाई कुनै स्थानमा जान रोक लगाइएको छ वा घर वा परिसरभन्दा बाहिर निस्कन रोक लगाइएको छ भने सो सम्बन्धी शर्तहरु।
- भरणपोषणसम्बन्धी (पीडितलाई) शर्त। भरणपोषणका निमित्त वा सिकाईका निमित्त बालबालिकालाई काम गर्न लगाइयो भने उक्त काम स्वयंसेवी हुनुपर्ने र उक्त काम बापत पैसा नपाइने पनि सुनिश्चित गरिन्छ।
- वासस्थानसम्बन्धी शर्त। प्राकृतिक परिवार वाहेक अन्यत्र बसाई व्यवस्थापन गरिएको हो भने उक्त व्यवस्थासम्बन्धी व्यहोरा। बालबालिका कसैको पालनपोषण (फोस्टरिङ) मा रहेको छ भने सो कुरा। स्थानीय निकायले सोको व्यवस्था गर्ने हो भने सो कुरा।
- सुपरिवेक्षणसम्बन्धी (कसले सम्बन्धित बालबालिकाले आदेशअनुसार काम गरेको छ छैन रेखदेख गर्दछ) व्यवस्था।
- बालबालिकाको आवतजावतलाई नियन्त्रण गरिएको छ भने त्यसलाई अनुगमन गर्ने सम्बन्धी शर्त। विद्युतीय औजारको प्रयोग गरेर अनुगमन गरिएको छ भने सो सम्बन्धी शर्त।
- आदेश उल्लंघन भयो भने त्यसको परिणाम।

## २. रेफरल आदेश

सामान्य प्रकृतिका कसूर गर्ने बालबालिकाका सम्बन्धमा यो आदेश सम्बन्धित हुन्छ। सुरुवातमा पहिलो पटक कसूरजन्य कार्य गरेका र आफूले गरेको कसूरजन्य कार्य स्वीकार गर्ने (गिल्टी प्ली सरह) १० वर्ष माथिका बालबालिकालाई यो आदेश दिइन्थ्यो। सन् २०१२ मा गरिएको कानूनी परिवर्तनपछि यो आदेश दोहोऱ्याएर कसूरजन्य कार्य गर्ने बालबालिकाका सन्दर्भमा पनि लागु हुन्छ।[६७] पुनर्स्थापकीय न्यायलाई प्रवर्द्धन गर्न दोहोऱ्याएर कानूनको विवादमा आएका बालबालिकाको निमित्त पनि यो प्रकृतिको सामुदायिक सेवा खुला गरिएको हो।

बालबालिकाले पुनर्स्थापना तथा पुनर्स्थापकीय न्यायसँग सम्बन्धित करार गर्न सहमत भएपछि मात्र अदालतले यो ओदश जारी गर्दछ। बालबालिकालाई कस्तो प्रकारको आदेश दिने भन्ने कुरा निर्धारण गर्न अदालतले

---

[६७] The Legal Aid Sentencing and Punishment of Offenders Act 2012 (LASPOA) removed restrictions on the repeated use of the referral order with the aim of promoting its use for the delivery of restorative justice conference.

एउटा समितिमा बालबालिकाको मुद्दालाई पठाउँदछ वा रेफर गर्दछ। उक्त समितिमा युवालाई अपराधबाट रोकथाम गर्ने समितिका सदस्य तथा समुदायमा काम गर्ने तालिम प्राप्त दुई स्वयंसेवकहरु गरी तीन जना सदस्यहरु हुन्छन्। यस समितिले बालबालिकालाई तीन महिनादेखि बाह्र महिनासम्मको पुनर्स्थापना आदेश दिन सक्दछ। यो आदेश जारी गर्नु पूर्व समितिले बालबालिका र पीडित पक्षसँग समेत परिपूरणका सम्बन्धमा छलफल गर्दछ। यो आदेशमा पीडितमा परेको पीडालाई कम गर्न वा परिपूरण गर्न कामहरु गर्न बालबालिकालाई लगाइन्छ। ती कामहरुले पीडितलाई आर्थिक रुपमा क्षतिपूर्ति दिलाउने खालका पनि हुन सक्दछन्। यस आदेशमा कानूनको विवादमा आएका बालबालिकाको बानी सुधार्ने आदेशहरु पनि समावेश हुन सक्दछन्। दोहोऱ्याएर कसूरजन्य कार्य गर्ने बालबालिकाको मुद्दालाई पुनः गर्दा अदालतले बालबालिकासँग गरिएको पुनर्स्थापना तथा परिपूरणसम्बन्धी पुरानो करारको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा वेलायती कानूनमा पनि केही अन्यौलहरु देखापरेका छन्।[६८]

## ३. पुनर्स्थापकीय आदेश

बालबालिकाले पीडा दिएको व्यक्ति तथा समुदायलाई आफूले दिएको पीडालाई कम गर्ने वा पूर्वावस्थामा फर्काउने गरी अदालतले दिने आदेशलाई पुनर्स्थापकीय आदेश भनिन्छ। यो जरिवाना होइन। यस आदेशमा सम्बन्धित बालबालिकाले कामहरु गरेर परिपूरण गरिनुपर्ने हुन्छ। अदालतले परिपूरण आदेश दिनु पूर्व पीडित पक्षको सहमति लिनुपर्ने अनिवार्य हुन्छ। यस आदेश गर्नु पूर्व अदालतले युवालाई अपराधबाट जोगाउने टिमले दिएको प्रतिवेदनहरु हेर्नुपर्ने हुन्छ। पुनर्स्थापकीय आदेश दिने अधिकार भएको अदालतले उक्त आदेश नदिएको खण्डमा कारणहरु उल्लेख गर्नुपर्दछ।[६९]

## ३.४.३ संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा बालबालिकाको स्याहारसम्बन्धी विषय राज्यको क्षेत्राधिकारको विषय हो। अमेरिकी सर्वोच्च अदालतले विभिन्न ऐतिहासिक फैसलाहरुमार्फत अमेरिकी संघीय कानून र संविधानका व्यवस्थाहरु (संशोधनसहित) बालबालिकाको निमित्त उपयुक्त अर्थका साथ कार्यान्वयन गरेको छ। बालन्यायका सन्दर्भमा मूलतः बालबालिकाको मृत्युदण्डविरुद्धको हक, गैरहिरासतीय उपाय अपनाउनुपर्ने राज्यको दायित्वलगायतका फौजदारी न्यायसम्बन्धी हक पर्दछन्।[७०] गैरहिरासतीय उपायको प्रयोग अमेरिकामा बढ्दै गए पनि अझै

---

[६८] https://assets.publishing.service.gov.uk/government/uploads/system/uploads/ attachment data/file/322209/ fact-sheet-youth-referral-orders.pdf.

[६९] पूर्व पादटिप्पणी ५२, पृ. १ र २।

[७०] हेर्नुहोस्, बाबुआमा वा अभिभावकको उपस्थिति विनाको बालबालिकाको अपराध स्वीकार गर्ने बयान स्वीकार्य नहुने सम्बन्धी Haley v. Ohio, 332, U.S. 596 (1948), अमेरिकी संविधानको चौधौं संशोधनको उल्लँघन गरी लिइएका बयानहरु स्वीकार्य नहुने सम्बन्धी Gallegos v. Colorado, 370, U.S. 49 (1962), कानून व्यवसायीको उपस्थिति बिनाका अदालती प्रकृयाहरुको अस्वीकारोक्तिसम्बन्धी Kent v. United States, 383, U.S. 541 (1966), अमेरिकी संविधानको चौधौं संशोधनले सुनिश्चित गरेका फौजदारी न्यायका सबै मापदण्डहरु बालबालिकाका निमित्त समान रुपमा लागु हुने सम्बन्धी In re Gault, 387, U.S. 1 (1967), बालबालिकाको हकमा जुरी सहितको सुनवाईसम्बन्धी संवैधानिक व्यवस्था आकर्षित नहुने सम्बन्धी Mc Kiever v. Pennsylvania, 332, U.S. 596 (1948), बालबालिकालाई मृत्युदण्ड दिने, कर्तव्य ज्यानको आरोप लागेका वा अन्य मुद्दामा आजीवन कारावासमा राख्न अनुमति दिने वा परोल (कारागारको सट्टा सामुदायिक सजायमा छुट्न पाउने अभ्यास)मा छुट्न अनुमति नदिने कानूनी व्यवस्थाहरु अमेरिकी संविधानको आठौं संशोधनको उल्लघंन हुने सम्बन्धी Roper v. Simmons, 543, U.S. 551 (2005), Graham v. Florida, 560, U.S. 551 (2010) and Miller v. Alabama, 567 U.S. 460.

अमेरिकी राज्यहरुमा हिरासतीय उपायको प्रयोग पनि प्रशस्तै गरिन्छ र धेरै बालबालिका हिरासत मै राखिन्छन्।[७१] हालसम्म अमेरिकाका २० राज्यमा मात्र बालबालिका तथा २१ वर्षमुनिका युवालाई एकल काराबासमा राख्न कानूनतः बन्देज लगाइएको छ।[७२]

बालबालिकाका निमित्त समुदायमा आधारित कार्यक्रम, सुविधा वा सेवालाई बालबालिकाको घर वा परिवारको नजिक सञ्चालन गरिएका साना एवं खुला बालगृहहरु वा अन्य ठाउँ वा सेवाहरु र समुदायको रेखदेख वा सहभागितामा सञ्चालित चिकित्सकीय, शैक्षिक, व्यावसायिक, सामाजिक र मनोसामाजिक मार्गदर्शन, तालिम, विशेष शिक्षा, मनोविमर्श, मादक पदार्थको कुलत हटाउने उपचार, लागुऔषधको कुलतविरुद्धका उपचार र पुनर्स्थापनाका अन्य सेवाहरु लगायतका कार्यक्रमहरु पर्दछन् भनी अमेरिकी कानूनले परिभाषा गरेको छ।[७३]

संघीय सरकारले बालन्यायका निमित्त विभिन्न अनुदानहरुमा सहभागी बनाउन प्रोत्साहन गरी बालन्यायका विभिन्न क्षेत्रमा काम गर्दैआएको छ।[७४] अमेरिकी अनुसन्धानहरुले बालबालिकालाई थुना वा कारागारमा राख्दा बालबालिकामा मानसिक समस्या, शैक्षिक अवसर भए पनि शैक्षिक उन्नतिमा कमी, अपराध पुनः दोहोर्‍याउने दरमा वृद्धि हुने तथा थुना वा कारागारमा राख्ने वा अन्य कुनै स्वतन्त्रताबाट वञ्चित गर्ने हिरासतीय प्रकारका केन्द्रमा राख्दा खर्च पनि गैरहिरासतीय उपायहरुभन्दा बढी हुने देखाएका छन्।[७५] अमेरिकामा गैरहिरासतीय उपायको प्रयोग अदालतले मात्र गर्ने नभैकन दिशान्तरको अभ्यास अन्तर्गत अनुसन्धान गर्ने निकाय वा प्रहरी, अभियोजनकर्ता, अदालतका कर्मचारी र न्यायाधीशहरुले पनि बालबालिकालाई गैरहिरासतीय सेवाका अवसर दिने गर्दछन्।[७६]

कानूनको विवादमा पर्नुभन्दा पहिले नै युवाहरुमा देखिने प्रतिबन्धित वा प्रतिबन्ध नगरिएको लागु पदार्थ, सुर्तीजन्य पदार्थ, मादक पदार्थ एवं लागु औषधको प्रयोगलाई कम गर्न कार्यक्रमहरु सञ्चालन गरिएको पाइन्छ। ती कार्यक्रमहरु मूलतः विद्यालय, समुदाय, परिवार तथा जोखिममा रहेका युवाहरुलाई लक्षित गरेर सञ्चालन गरिएका हुन्छन्।[७७]

---

[७१] Juvenile Justice and Delinquency Prevention Act Reauthorization 2018, p. 1 and 2, https://ojjdp.ojp.gov/sites/g/ files/ xyckuh 176/files/media/document/jjdpa-as-amended_0.pdf.

[७२] विस्तृत जानकारीका निमित्त हेर्नुहोस https://www.nyclu.org/en/legislation/humane-alternatives-long-term-halt-solitary-confinement-act.

[७३] पूर्व पादटिप्पणी ७१, दफा १०३।

[७४] ऐ. पृ. ३।

[७५] २००९ मा प्रकाशन गरिएको एक अध्ययनले औसतमा एक बालबालिकालाई परिवारबाट छुट्याएर राख्दा वार्षिक ८८,००० अमेरिकी डलर खर्च हुने देखाएको छ। परिवारबाट छुट्याएर राखिएका यी बालबालिका सबै गम्भीर अपराधमा संलग्न नभएर तीमध्ये एक तिहाई अहिंसात्मक स्टयाटस अफेन्स (यसको अर्थ वयस्कले गर्दा कसूरजन्य कार्य नहुने तर बालबालिकाले गर्दा कसूरजन्य कार्य मानिने मादक पदार्थ सेवन तथा धूम्रपान गर्ने आदि कार्यहरु बुझिन्छ) मा समातिएका हुन्। हेर्नुहोस्, थुना वा स्वतन्त्रताबाट वञ्चित गर्नेको विकल्प, https://ojjdp.ojp.gov/model-programs-guide/literature-reviews/alternatives _to_detection _and_confinement.pdf, पृ.२।

[७६] ऐ. पृ. २ र ५।

[७७] हेर्नुहोस्, लागु पदार्थ (सबस्टयान्स एब्युज) रोकथाम कार्यक्रम, https://ojjdp.ojp.gov/model-programs-guide/literature-reviews/ substance-use-prevention-programs#6.

## १. गैरहिरासतीय उपायको प्रयोगसम्बन्धी सिद्धान्त एवं सिकाइ

गैरहिरासतीय उपायका निमित्त संघीय कानूनहरुले सिद्धान्त भनी अनुसरण गरेका स्पष्ट मापदण्डहरु पाइँदैनन् तर १९७४ मा बाल न्याय तथा बाल अपराध रोकथाम कार्यक्रम सञ्चालन भएपछिका प्राथमिकताका आधारमा निम्न कुराहरुलाई सिद्धान्तका रुपमा प्रस्तुत गर्न सकिन्छ।[७८]

**क. अपराध रोकथाम कार्यक्रममा जोडः** बालबालिकालाई अपराध भइसकेपछि दिशान्तरण, पुनर्स्थापना तथा उपचार, सामुदायिक सजायमा लगानी गर्नुभन्दा अपराधको रोकथामका निमित्त बालबालिका, निजका परिवार तथा समुदाय एवम् विद्यालयसँग सहकार्य गर्नु उपयुक्त हुने।

**ख. स्टयाटस अफेन्डरलाई हिरासतमा नराख्नेः** स्टयाटस अफेन्स (वयस्कले गर्दा कसूरजन्य कार्य नहुने तर बालबालिकाले गर्दा कसूरजन्य कार्य मानिने- मादक पदार्थ सेवन तथा धूमपान गर्ने आदि कार्यहरु) मा आरोपित बालबालिकालाई हिरासतमा नराख्ने र सामुदायिक सेवा (सजाय) का विकल्पमा पठाउने।

**ग. कारागारलाई बालबालिका मुक्त गर्नेः** १८ वर्ष पूरा नभएका बालबालिकालाई वयस्कका रुपमा मुद्दा चलाएर वयस्क कारागारमा राखिएका बालबालिकालाई कारागार मुक्त गर्ने। २०१८ मा संघीय कानूनमा संशोधन आउँदासम्म अमेरिकाका ९ राज्यहरुमा अझै पनि १७ वर्षका बालबालिकालाई वयस्कका रुपमा मुद्दा चलाउन सकिने कानूनी व्यवस्था थियो।[७९]

**घ. आपराधिक दायित्व वहन गर्ने उमेर बढाउनेः** १८ वर्षलाई आपराधिक दायित्व निर्धारण गर्ने उमेरका रुपमा निर्धारण गर्ने। यसको अर्थ १८ वर्षमुनिका बालबालिकालाई गम्भीर फौजदारी अपराध बाहेक अन्य अहिंसात्मक अपराध (नन भाइलेन्ट क्राइम) मा निजको आवश्यकताका आधारमा उपचारात्मक वा सुधारात्मक व्यवस्था गर्ने भन्ने हो। २०१९ फेब्रुअरीसम्म अमेरिकाका ४ राज्यहरु (जोर्जिया, मिचिगन, टेक्सस र विसकन्सिन) मा मात्र १८ वर्षमुनिका बालबालिकालाई आपराधिक दायित्व वेहोर्नुपर्नेसम्बन्धी कानून थियो। त्यसबेलासम्म अन्य ५ राज्यमा आपराधिक दायित्व वहन गरिनुपर्ने उमेर बढाउन संशोधन भइरहेको थियो।[८०]

**ङ. अध्ययन अनुसन्धानमा जोडः** अमेरिकी कार्यक्रमले बालबालिकालाई कस्तो कार्यक्रम गर्दा उनीहरुको सुधार हुन्छ भन्ने कुरामा गहन अध्ययन गरी उक्त अध्ययनको निष्कर्षका आधारमा गैरहिरासतीय उपाय तथा गैरहिरासतीय उपाय अन्तर्गत उपचारात्मक तथा पुनर्स्थापनात्मक कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ।

## २. बालमैत्री वा बाल संवेदनशील संस्थाको सिर्जना

अमेरिकी कानूनी व्यवस्थाले बालन्याय, शिक्षा, स्वास्थ्य उपचार तथा बालकल्याणका अधिकांश विषयहरु राज्यहरुको क्षेत्राधिकारभित्र राखेकाले अमेरिकाका ५० राज्यमा भएका बालन्यायसम्बन्धी बालमैत्री तथा बाल

---

[७८] विस्तृत जानकारीका निमित्त हेर्नुहोस् https://ojjdp.ojp.gov/about/legislation.

[७९] Getting to Zero: A 50-State Study of Strategies to Remove Youth from Adult Jails, https://drive.google.com/file/d/1LLSF8uBlrcqDaFW3ZKo_k3xpk_DTmltV/view.

[८०] विस्तृत जानकारीका निमित्त हेर्नुहोस्, http://www.act4jj.org/sites/default/files/resourcefiles/Jail प्रतिशत 20 Removal प्रतिशत 20 and प्रतिशत 20 Sight प्रतिशत 20 and प्रतिशत 20 Sound प्रतिशत 20 Separation प्रतिशत 20Fact प्रतिशत 20 Sheet_0.pdf. (पछिल्लो पटक हेरिएका मिति अगष्ट ४, २०२२)

संवेदनशील संस्थाहरुको उल्लेख गर्न छुट्टै अध्ययनको आवश्यकता पर्दछ। संघीय सरकारले १९७४ देखि बालन्याय र बाल बिज्यौँई वा अपराध रोकथाम ऐन जारी गरेर बाल अपराध रोकथामका निमित्त संघीय तथा राज्य तथा स्थानीय निकायका विभिन्न निकायसँग सहकार्य गरी थुप्रै कार्यक्रम सञ्चालन गर्दैआएको छ। यस ऐन अन्तर्गत बाल न्याय तथा बाल अपराध रोकथाम कार्यक्रम कार्यालय, संघीय सरकार अन्तर्गतका विभिन्न निकायहरुविचको समन्वय सुनिश्चित गर्न स्वतन्त्र प्रकृतिको बालन्याय तथा बाल अपराध रोकथाम समन्वय परिषद् स्थापना भएको छ।[८१] यो परिषद्मा संघीय संसदका विभिन्न समितिलगायत राष्ट्रपतिले मनोनयन गरेका व्यक्तिहरुसमेत सदस्य रहन्छन्।

राज्य स्तरमा पनि प्रायः सबै राज्यले बाल सुधार सेवाका निमित्त बाल अपराध रोकथाम, बाल अपराधको अनुसन्धान, न्यायिक प्रक्रियाका निमित्त विशिष्ट युवा अदालत, युवा कारागार, बालबालिका तथा युवा पुनर्स्थापना, प्रोवेशन तथा सुधारका सेवाहरु सिर्जना गरेको पाइन्छ।

## ३. अनुसन्धान, पुर्पक्ष तथा मुद्दाको फैसला हुँदा प्रयोग हुने गैरहिरासतीय उपाय

गैरहिरासतीय रुपमा संयुक्त राज्य अमेरिकामा निम्न उपायहरुको प्रचलनमा छ। ती प्रचलनहरु एक अर्कासँग सम्बन्धित छन् र एउटा बालबालिकालाई अदालतले एकभन्दा बढी उपायहरु अवलम्बन गर्न आदेश दिन पनि सक्दछ। तलका उपायहरुमध्ये पहिलो चारवटा उपायहरू अनुसन्धानका क्रममा प्रयोग हुन सक्दछन् भने सबै उपायहरु मुद्दाको फैसला हुँदा प्रयोग हुन सक्दछन्।

**क. घरबन्दी वा घरमा नजरबन्द गर्ने आदेश (हाउस अरेष्ट)ः** यस आदेशलाई दिशान्तरणका उपायका रुपमा र अदालतबाट दिइने अन्तिम आदेश दुवैका रुपमा प्रयोग गर्ने गरिन्छ। यस आदेशमा बालबालिका आफ्नो पूर्ववतः घरमा नै बस्न पाउँदछन्। आफू गइरहेको विद्यालय नै जान पाउँदछन्। यदि बालबालिकाले काम गर्दथे भने उनीहरु काममा पनि जान पाउँदछन्। त्यस बाहेक बालबालिकालाई समुदायका अन्य बालबालिका वा व्यक्तिहरुसँग घुलमिल हुन वा तोकिएका बाहेक अन्य क्रियाकलापमा भाग लिन बन्देज गरिएको हुन्छ। यसरी बन्देज गर्नुको उद्देश्य बालबालिकाबाट हुन सक्ने हानिबाट समुदायलाई जोगाउने र बालबालिकालाई आफ्नो गल्तीप्रति पश्चाताप हुने अवसर प्रदान गर्ने हो।

यस आदेश अन्तर्गत रहेका बालबालिकालाई या त विद्युतीय माध्यमबाट वा तोकिएको कर्मचारीमार्फत निगरानी गरिन्छ वा रेखदेख वा नियमित सम्पर्कमा राखिन्छ। उदाहरणको निमित्त अमेरिकी राज्य फ्लोरिडामा वयस्क एवं बालबालिका जसलाई हाउस एरेष्ट आदेशमा छाडिएको छ उसको आवतजावतलाई निगरानी गर्न उसको हात वा खुट्टामा इलेक्ट्रिक ब्रेसलेट प्रयोग गरिन्छ।

**ख. दिवा तथा साँझ उपचार कार्यक्रममा सहभागी हुने आदेश (डे अर इभिनिङ ट्रिटमेन्ट)ः** बालबालिकालाई पूर्ववतः अवस्थामा छाडी दिउँसो वा बेलुका निजलाई पायक पर्ने गरी हप्ताको पाँच दिन वा तोकिएका दिनहरुमा तोकिएको उपचारात्मक कार्यक्रममा सहभागी हुने गरी बालबालिकालाई छाड्ने आदेश यस अन्तर्गत पर्दछ। माथिको जस्तै यो आदेश पुर्पक्षका सिलसिलामा वा सो पूर्व पनि प्रयोग गर्न सकिन्छ। उदाहरणका निमित्त “एएमआइ समुदायमा आधारित दिवा उपचार केन्द्र” फ्लोरिडा राज्यमा सञ्चालित यस प्रकृतिको कार्यक्रम

[८१] पूर्व पादटिप्पणी ७१, दफा २०१ र २०६।

हो। यस केन्द्रले कानूनको विवादमा परेका बालबालिकाको निमित्त मात्र नभएर जोखिममा रहेका बालबालिकाको निमित्त पनि कार्यक्रमहरु सञ्चालन गर्दछन्। यस कार्यक्रममा दिन वा साँझमा बालबालिकाका अतिरिक्त निजका परिवारका सदस्य पनि सहभागी हुने गर्दछन्। यस केन्द्र अन्तर्गत दिउँसोभरि बालबालिकाले नियमित शैक्षिक वा आफूले गरिरहेको व्यावसायिक क्रियाकलापका अतिरिक्त उपचारात्मक कार्यक्रममा सहभागी हुने र राति घर फर्कने गर्दछन्।[८२]

**ग. आवासीय हेरचाहमा बस्नुपर्ने आदेश (सेल्टर केयर):** बढीमा ३० दिनसम्मको निगरानी वा उपचारमा राख्नुपर्ने बालबालिकालाई आवासीय हेरचाहमा पठाइन्छ। माथिका उपायमा भन्दा अझ बढी निगरानी वा स्याहार चाहिने वा बाबुआमा वा परिवारका अन्य सदस्यले आवास उपलब्ध गराउन नसक्ने बालबालिकालाई यस कार्यक्रममा राखिन्छ। माथिका उपायहरु जस्तै यो उपाय पनि अनुसन्धान वा पुर्पक्ष दुवै अवस्थामा प्रयोग गर्ने गरिन्छ। यस कार्यक्रममा पनि बालबालिकाले तोकिएको कार्यतालिका (रुटिन) मा बसेर शैक्षिक, मनोरञ्जनात्मक तथा उपचारात्मक कार्यक्रमहरुमा सहभागी हुनुपर्दछ।[८३]

**घ. आवासीय बालगृहमा बस्नुपर्ने आदेश (ग्रुप होम):** बालबालिकालाई आफ्नो घरमा नपठाइकन तोकिएको आवासीय बालगृहमा रहने गरी सञ्चालित कार्यक्रमलाई यस अन्तर्गत राखिन्छ। यस किसिमको गृहमा अदालतको आदेश वा बालबालिकाको हेरचाह गर्न तोकिएका सरकारी निकायहरुको सिफारिसमा बालबालिकालाई राखिन्छ। यस किसिमको बालगृहमा बसेका बालबालिका नियमित विद्यालय जाने वा काममा जाने वा विद्यालय वा काम दुवैमा जान सक्दछन्। उनीहरु समुदायसँग वा साथीभाइसँग प्रशस्त मात्रामा भेटघाट गर्न पाउँदछन्। यस किसिमको गृहहरु सुधार गृह वा थुना केन्द्रमा जस्तो चाबी लगाएर राखिँदैन। तर यस गृहबाट भित्र बाहिर आवतजावत गर्ने कार्य कर्मचारीहरुद्वारा व्यवस्थित गरिएको हुन्छ। उदाहरणका निमित्त नर्थ क्यारोलाईन राज्यमा "मेथडिस्ट बालबालिका गृह" द्वारा सञ्चालित "मूल्यमा आधारित उपचारात्मक वातावरण नमुना" लाई लिन सकिन्छ।[८४] यस कार्यक्रममा पनि कानूनको उल्लंघन गर्ने जोखिममा रहेका तथा अदालतबाट आदेश प्राप्त भएका बालबालिकालाई राखिन्छ। यस कार्यक्रममा बालबालिकालाई कसरी सामाजिक मूल्य मान्यताविरुद्ध काम नगर्ने तर सामाजिक मूल्य मान्यता अनुकूल कसरी व्यवहार गर्ने भन्ने सिकाइन्छ।

**ङ. गहिरो निगरानी कार्यक्रम (इन्टेन्सिभ सुपरभिजन प्रोग्राम):** हिरासतको विकल्पको रुपमा तथा समाजका लागि खतरा पुऱ्याउन सक्ने भनी मानिएका कानूनको विवादमा परेका बालबालिकालाई मुद्दाको फैसलाद्वारा यस कार्यक्रममा पठाइन्छ। यस आदेश पाएका बालबालिकाले प्रोवेशन अधिकारी वा अन्य हेरचाहकर्ताको प्रत्यक्ष निगरानीमा बस्नुपर्दछ। बालबालिकाबाट समुदायमा पर्न सक्ने खतरालाई रोकथाम गर्न कानूनको विवादमा परेका बालबालिकालाई विभिन्न उपायहरु अपनाइन्छन्।यस्ता उपायहरु अन्तर्गत हरेक साँझ तोकिएका व्यक्तिसँग भेट्नुपर्ने, लागुऔषध सेवनलाई नियन्त्रण गर्न पिसाव परिक्षण गरिनुपर्ने, विद्युतीय निगरानीमा

---

[८२] विस्तृत जानकारीका निमित्त हेर्नुहोस् https://youth.gov/content/amikids-community-based-day-treatment-services (पछिल्लोपटक हेरिएका मिति अगष्ट ४, २०२२)।

[८३] विस्तृत जानकारीका निमित्त हेर्नुहोस् https://ojjdp.ojp.gov/library/publications/model-programs-guide-literature-review-shelter-care.

[८४] The program is called "The Methodist Home for Children's (MHC) Value-Based Therapeutic Environment (VBTE) Model".

बस्नुपर्ने, साप्ताहिक रुपमा प्रत्यक्ष भेटघाट गरिनुपर्ने आदि पर्दछन्। उदाहरणका निमित्त न्यू जर्सी राज्यले वयस्क तथा बालबालिका दुवैको निमित्त यो कार्यक्रम सञ्चालन गरेको छ। अदालतबाट हिरासतमा राख्ने भनी आदेश भएका कानूनको विवादमा परेका बालबालिकाले आफू यस कार्यक्रममा भाग लिनका निमित्त निवेदन दिई अदालतको आदेशअनुसार यस गैरहिरासतीय कार्यक्रममा स्थानान्तरण हुन सक्दछन्।[८५]

**च. विशिष्ट पालनकर्ता नियुक्त कार्यक्रम (स्पेशलाइज्ड फोष्टर केयर):** मुद्दाको फैसलाद्वारा यो कार्यक्रममा बालबालिकालाई पठाइन्छ। यस कार्यक्रममा मध्यम खालका अपराधमा तथा दोहोऱ्याएर कानूनको विवादमा पर्ने बालबालिकालाई पनि पठाउने गरिन्छ। बालबालिकालाई स्याहार पुऱ्याउन योग्य पालनकर्ताहरु (फोष्टर केयर प्रोभाइडर) लाई कानूनको विवादमा परेका बालबालिकाको स्याहार गर्ने विधिका सम्बन्धमा तालिम दिई तयार गरिन्छ। आवश्यक परेको खण्डमा स्याहारकर्ताहरुलाई थप जानकारी र सहयोगको व्यवस्था पनि गरिन्छ। यस कार्यक्रम अन्तर्गत पठाइएका प्रत्येक बालबालिकालाई कानूनी अभिभावक वा स्याहारकर्ताले सल्लाह तथा सुझाव दिन्छन् तथा अनुशासनमा राख्न मद्दत गर्दछन्। उदाहरणका निमित्त अमेरिकी संघीय सरकारका विभिन्न निकायहरुको सहकार्यमा सञ्चालित युवाहरुको निमित्त बहुपक्षीय उपचार स्याहारकर्ता (मल्टिडाइमेन्सनल ट्रिटमेन्ट फोष्टर केयर (एडोलसेन्ट)ले यो कार्यक्रम सञ्चालन गर्दछ।[८६]

---

[८५] विस्तृत जानकारीका निमित्त हेर्नुहोस https://www.state.nj.us/defender/structure/isp/.

[८६] विस्तृत जानकारीका निमित्त हेर्नुहोस् https://youth.gov/content/multidimensional-treatment-foster-care.

# परिच्छेद - चार

## ४. गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय र राष्ट्रिय कानूनी व्यवस्था

### ४.१ संयुक्त राष्ट्र संघीय कानूनी व्यवस्था

यस शीर्षकमा बालबालिकासँग प्रत्यक्ष रुपमा सम्बन्धित गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्र संघीय कानूनी व्यवस्थाहरुलाई मात्र उल्लेख गरिएको छ।

### ४.१.१ बालअधिकारसम्बन्धी महासन्धि, १९८९

संयुक्त राष्ट्र संघको महासभाले २० नोभेम्वर १९८९ मा पारित गरेको बालअधिकारसम्बन्धी महासन्धि बालअधिकारको प्रत्याभूति र संरक्षण सम्बन्धमा रहेको एक प्रमुख दस्तावेज हो। यसको प्रस्तावनामा नै बालबालिकाको विकास र कल्याणका निमित्त परिवारलाई आधारशीला मानेको छ। साथै यस महासन्धिले अंगीकार गरेका सिद्धान्तहरुमा बालबालिकाको सर्वोत्तम हित, बालबालिकाका विचारका उचित मान्यता, बालबालिकाका दीर्घजीवन र विकास तथा भेदभावरहितता रहेका छन्। महासन्धिको धारा ३७ मा कुनै पनि राज्य पक्षले १८ वर्षभन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका कसूरहरुका लागि रिहाई पाउनै नसकिने गरी आजीवन कारावासको सजाय नदिइने,[८७] बालबालिकाको गिरफ्तारी, थुना वा कारावास कानून अनुकूल तबरबाट मात्र हुने र सम्भव भएसम्म छोटो समयको लागि र अन्तिम उपायको रुपमा मात्र अपनाइने[८८] कुरा निश्चित गरिनुपर्ने उल्लेख छ। साथै राज्य पक्षले आरोपित, अभियुक्त वा फौजदारी कानूनको उल्लंघन गरेको भनी मानिएका बालबालिकाहरुलाई निजको मर्यादा र महत्वको भावनालाई संवर्द्धन गर्ने किसिमबाट ती बालबालिकालाई मनमा अरुहरुको मानवअधिकार र मौलिक स्वतन्त्रताहरुप्रतिको आदर जागृत हुने एवम् ती बालबालिकाको उमेर एवम् पुनर्स्थापना र समाजमा उनीहरुको सिर्जनात्मक भूमिकाको संवर्द्धन हुने कुरालाई ध्यानमा राखी व्यवहार गरिनुपर्नेछ[८९] भनी उल्लेख गरिएको छ।

### ४.१.२ बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ नियमावली), १९८५

संयुक्त राष्ट्रसंघीय महासभाद्वारा १९८५ नोभेम्बर २९ मा जारी भएको यस नियमावलीमा कानूनअन्तर्गत हस्तक्षेप गर्ने आवश्यकतालाई घटाउने र कानूनको विवादमा परेका बालबालिकाको हकमा प्रभावकारी, स्वच्छ र मानवीय रुपले व्यवहार गर्ने जस्ता प्रमुख उद्देश्य रहेको छ। अदालत, न्यायाधिकरण, समिति, परिषद[९०] जस्ता सक्षम अधिकारीद्वारा औपचारिक पुर्पक्ष गर्ने प्रक्रियातर्फ नलागी बाल कसूरदारलाई सम्हाल्ने कुरामा विचार गरिने,[९१] बालबिज्याँईकर्ताको मुद्दा हेर्ने प्रहरी, अभियोजन वा अन्य निकायलाई आफ्नो कानूनी प्रणाली सो प्रयोजनका लागि कायम गरिएका शर्त र आधारबमोजिम र यस नियमावलीमा रहेका सिद्धान्तबमोजिम

---

[८७] बालअधिकारसम्बन्धी महासन्धि १९८९, धारा ३७(क)।

[८८] ऐ. धारा ३७(ख)।

[८९] ऐ. धारा ४०(१)।

[९०] बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ नियमावली), १९८५, नियम १४.१।

[९१] ऐ. नियम ११.१।

समेत औपचारिक सुनुवाईको उपचार विना नै ती निकायको तजविजमा यस्ता मुद्दा निप्टारा गर्न सशक्त तुल्याइने,[९२] उपयुक्त सामुदायिक वा अन्य सेवामा पठाउने कुरा समावेश रहेको कुनै पनि दिशान्तरका लागि बालबिज्याँईकर्ता, वा निजका आमाबाबु वा संरक्षकको मञ्जुरी चाहिने,[९३] बालबिज्याँईकर्ताको मुद्दाको तजविजी समाधानलाई सहजता प्रदान गर्नका लागि अस्थायी सुपरिवेक्षण तथा मार्ग निर्देशन, प्रतिपूर्ति र पीडितलाई क्षतिपूर्ति जस्ता सामुदायिक कार्यक्रमहरुको व्यवस्था गर्न प्रयास गरिने[९४] जस्ता कुराहरु सदस्य राष्ट्रहरुले अवलम्बन गरिनुपर्ने उल्लेख छ।

### ४.१.३ गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली), १९९०

संयुक्त राष्ट्र संघको महासभाबाट १९९० डिसेम्बर १४ मा प्रस्ताव नं. ४५/११० द्वारा पारित गरिएको यस नियमावलीमा गैरहिरासतीय उपायहरुको सुरुवात, परिभाषा र कार्यान्वयन कानूनद्वारा तोकिने, गैरहिरासतीय उपायको छनौट, कसूरको प्रकृति र गम्भीरता तथा कसूरदारको व्यक्तित्व, पृष्ठभूमि, सजाय गर्नुको परिलक्ष्य र पीडितको अधिकार दुवैतर्फ विचारसमेत पुऱ्याई स्थापित आधारको लेखाजोखामा आधारित हुने, न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीद्वारा प्रक्रियाका सबै चरणमा दायित्वको पूर्ण सुनिश्चित गरी र विधिको शासनअनुसार मात्र तजबिजको प्रयोग हुने, औपचारिक प्रक्रिया वा पुर्पक्षपूर्व वा सोको सट्टामा कसूरदारउपर दायित्व बहन गराउने गरी कार्यान्वयन हुने गैरहिरासतीय उपायका लागि कसूरदारको मञ्जुरी आवश्यक हुने, कसूरदारले निवेदन गरेमा गैरहिरासतीय उपाय लगाउने निर्णय न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीबाट पुनरावलोकन हुने विषय हुने, गैरहिरासतीय उपायको कार्यान्वयनबाट आफ्नो व्यक्तिगत अधिकारलाई असर गर्ने मामिलामा न्यायिक वा अन्य सक्षम स्वतन्त्र अधिकारीसमक्ष अनुरोध वा उजुर गर्ने हक कसूरदारलाई हुने, अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानवअधिकारसँग मेल नखाएको कुरामा उपचार र सम्भव भए पुनःउद्धारको गुनासो सुन्ने उपयुक्त संयन्त्र उपलब्ध गराइने, गैरहिरासतीय उपायमा कसूरदारको चिकित्साजन्य वा मनोवैज्ञानिक प्रयोग परीक्षण वा शारीरिक वा मानसिक चोटको अनुचित जोखिम समावेश नगरिने, गैरहिरासतीय उपायको कार्यान्वयनमा सुरु किनाराका लागि सक्षम अधिकारीलाई प्रदत्त अधिकारभन्दा बढी कसूरदारको अधिकारलाई बन्देज नलगाइने, गैरहिरासतीय उपाय लागु गर्दा पारिवारिक गोपनीयताको अधिकारसरह कसूरदारको गोपनीयताको अधिकारको सम्मान गरिने, कसूरदारको व्यक्तिगत अभिलेख कडाईका साथ गोप्य राखिने र तेस्रो पक्षका निमित्त खुला नहुने, कसूरदारको मुद्दाको व्यवस्थापनमा प्रत्यक्ष सरोकार भएको व्यक्ति वा उचित रुपले अधिकारप्रदत्त अन्य व्यक्तिको मात्र यस्तो अभिलेखमा पहुँच रहने[९५] समेतका व्यवस्था रहेको छ।

गैरहिरासतीय उपायहरुको विकासलाई उत्प्रेरित- अभिप्रेरित एवं राम्ररी अनुगमन गरिनुपर्ने र ती उपायहरुको प्रयोगको ब्यवस्थित मूल्यांकन हुनुपर्ने[९६] तथा यी नियमहरुको कार्यान्वयन गर्दा सदस्य राष्ट्रहरुले आफ्नो

---

९२ ऐ. नियम ११.२।

९३ ऐ. नियम ११.३।

९४ ऐ. नियम ११.४।

९५ पूर्व पादटिप्पणी ३०, नियम १(३)।

९६ ऐ. नियम २.४।

मुलुकको राजनीतिक, आर्थिक तथा सांस्कृतिक अवस्थाका साथै मुलुकको न्याय प्रणालीको लक्ष्य र उद्देश्यसमेत विचार गरी कसूरदारको व्यक्तिगत अधिकार, पीडितको अधिकार, सार्वजनिक निर्भयता र अपराध रोकथामको लागि समाजको सरोकारबिच उपयुक्त सन्तुलन निश्चित पार्ने प्रयत्न गर्नेछन्[९७] भन्ने समेतका व्यवस्था यस नियमावलीमा रहेको छ।

### ४.१.४ संयुक्त राष्ट्रसंघीय बालअधिकार समिति र यसको सामान्य टिप्पणी नं. २४

बालअधिकार समितिबाट १८ सेप्टेम्बर २०२० मा जारी भएको यस सामान्य टिप्पणी नं. २४ सन् २००७ मा जारी भएको सामान्य टिप्पणी नं. १० लाई प्रतिस्थापन गरी जारी गरिएको हो। गैरहिरासतीय उपाय सम्बन्धमा सामान्य टिप्पणी नं. २४ का व्यवस्थाहरू निम्न छन्;

- सामाजिक कारणहरूको सम्बोधन गरी अपराध रोकथाममा जोड दिनुपर्ने। गैरहिरासतीय उपायहरूमा पुनर्स्थापकीय न्याय पद्धतिलाई प्रोत्साहन गरिनुपर्ने। (अनुच्छेद ११२)
- अनुसन्धानको क्रमदेखि नै गैरहिरासतीय उपायहरूको प्रयोग गरिनुपर्ने। (अनुच्छेद ९७ र १०२)
- बालबालिकाको हकमा दिशान्तरलाई व्यापक रुपमा अबलम्बन गर्दै औपचारिक न्याय प्रक्रियाबाट अलग गरिनुपर्ने[९८]। दिशान्तरण प्रक्रियाले स्वतः गैरहिरासतीय प्रक्रियाको प्रवर्द्धन गर्ने। सम्भव भएसम्म गम्भीर फौजदारी अभियोगमा पनि दिशान्तरणलाई लागु गर्ने। (सेक्सन बी)
- गैरहिरासतीय उपायको प्रयोगलाई विस्तार गर्दै बालबालिकाको लागि हिरासत अन्तिम उपायको रुपमा हुनुपर्ने।[९९]
- शारीरिक सजाय, मृत्युदण्ड र आजीवन कारावासको प्रयोगलाई अन्त्य गरिनु पर्ने समेतका विषय यस सामान्य टिप्पणीको उद्देश्य र क्षेत्र रहेको पाइन्छ।[१००]

त्यसैगरी यस सामान्य टिप्पणीमा सम्भाव्य वयस्क (Appropriate Adult), बालन्याय प्रणाली (Child Justice System), स्वतन्त्रताबाट बञ्चित गरिनु (Deprivation of Liberty), दिशान्तर (Diversion), फौजदारी दायित्वको लागि न्यूनतम उमेर (Minimum Age of Criminal Responsibility), सुनवाई पूर्वको हिरासत (Pretrial Detention) र पुनर्स्थापकीय न्याय (Restorative Justice) आदि शब्दहरुको[१०१] परिभाषा समावेश गरिएको छ।

## ४.२ राष्ट्रिय कानूनी व्यवस्था

नेपालको संविधानमा बालबालिकालाई बाल अनुकूल न्यायको हक मौलिक हकको रुपमा उल्लेख रहेको देखिए पनि प्रत्यक्ष रुपमा बालबालिकाको सन्दर्भमा गैरहिरासतीय उपायको सम्बन्धमा उल्लेख गरिएको छैन।

---

[९७] ऐ. नियम १.३ र १.४।

[९८] General Comment No.24 (2019) on children's rights in the child justice system, II (6)(c)(ii).

[९९] ऐ. II (6)(c)(iii).

[१००] ऐ. II (6)(c)(iv).

[१०१] ऐ. II (7).

बालबालिकासम्बन्धी ऐन, २०७५ मा यस सम्बन्धी केही व्यवस्थाहरु गरिएको पाइन्छ। ती व्यवस्थाहरु निम्नानुसार रहेका छन्।

### ४.२.१ नेपालको संविधान

नेपालको संविधानमा प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने[१०२] उल्लेख गरी मूल कानूनको रुपमा रहेको सविधानमा नै बाल अनुकूल न्यायको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको पाइन्छ। त्यसैगरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिका रूपमा लिइएको छ।

### ४.२.२ मुलुकी अपराध संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४ ले फौजदारी न्यायका सिद्धान्तका रुपमा दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नहुने तर कसैले बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउनेलाई कसूर गरेसरह सजाय हुने व्यवस्था गरेको छ।[१०३] संहिताको दफा ४५ मा बालबालिकालाई हुने सजायसम्बन्धी प्रावधान रहेको छ।

### ४.२.३ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

यस संहिताले कसूरको अनुसन्धानका क्रममा शंकित बालबालिकालाई कसूरको प्रकृति हेरी अनुसन्धान अधिकारीले निगरानीमा राखी अनुसन्धान गर्न मनासिव देखेमा सोको कारण खुलाई पर्चा खडा गरी अदालतसँग अनुमति लिई निगरानीमा राखी अनुसन्धान गर्न सक्ने व्यवस्था गरेको छ।[१०४] बालबालिकालाई अन्तिम विकल्पको रुपमा मात्र थुनामा राख्ने मान्यतालाई यस संहिताले समेत अंगीकार गरेको छ।

### ४.२.४ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

यस ऐनमा कुनै कसूरजन्य कार्यमा आरोपित बालबालिकालाई सजाय गर्दा बाल अदालतले विचार गरिनुपर्ने अन्य कुराहरुका साथै जघन्य कसूर, गम्भीर कसूर वा पटके रुपमा कसूर गरेकोमा बाहेक १६ वर्ष उमेर पूरा नभएका बालबालिकालाई कैदको सजाय गर्न नहुने समेतका व्यवस्थाहरु रहेका छन्।[१०५] साथै यस ऐनमा सजाय निलम्बन गर्न सक्ने व्यवस्था रहेको छ।

एक वर्षभन्दा कम कैद सजाय निर्धारण भएको बालबालिकाको हकमा निजको उमेर आचरण विचार गरी कैदमा नराखी भएको कैद तत्काल कार्यान्वयन नगरी निलम्बन गर्न सकिने र यसरी कैद निलम्बन गर्दा निजको उमेर तथा कसूर गर्दाको परिस्थितिसमेतलाई विचार गरी शर्त तोकी वा नतोकी परिवारका सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा सम्झाउन तथा बुझाउन लगाउने समेतका निर्णय बाल अदालत वा वाल इजलासले गर्न सक्ने व्यवस्था गरिएको छ।[१०६] साथै फौजदारी कसूरसम्बन्धी (सजाय

---

[१०२] पूर्व पादटिप्पणी २, धारा ३९(८)।

[१०३] मुलुकी अपराध संहिता, २०७४, दफा १३ र दफा २८।

[१०४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा १४(१०)।

[१०५] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, दफा १६।

[१०६] ऐ. दफा २४(५)।

निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ मा ठहर भएको कैद सजाय निलम्वन गर्दा त्यस्तो व्यहोरा फैसलामा उल्लेख गरिनुपर्ने, कैद सजायको निलम्वन गर्दा सो अवधिभर तोकिएका शर्तहरु पालना गरे नगरेको अनुगमन गर्ने अधिकारी तोक्नुपर्ने, अनुगमन गर्ने अधिकारी अनुगमन गर्ने तरिका र कसूरदारले तोकिएको शर्त पालना नगरेमा कैद सजाय निलम्वन गर्ने आदेश बदर गर्न प्रतिवेदन दिनुपर्ने समेतका व्यवस्था रहेको छ।[१०७]

## ४.२.५ बालबालिकासम्बन्धी ऐन, २०७५

गैरहिरासतीय उपाय प्रवर्द्धनका सम्बन्धमा बालबालिकासम्बन्धी ऐन, २०७५ मा मुख्य रुपमा निम्न लिखित व्यवस्थाहरू छन्ः

### ४.२.५.१ पुर्पक्षसम्बन्धी व्यवस्था[१०८]

- बालबालिकाको जिउज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानि नोक्सानी पुऱ्याउने, त्यस्तो बालबालिका भागी वा अन्य कुनै कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा बाहेक कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा बाल सुधार गृहमा नराखिने र निजसँग धरौटी वा जमानत नमागिने।[१०९]

- तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गरिनुपर्ने कसूरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मानसिव आधार भएमा[११०] बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हकहित संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाइने,

- सुधार गृहमा राख्न सकिने भनी माथि उल्लेख भए तापनि बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरु तोकी बालबालिकालाई निजको बाबु, आमा, परिवार अन्य सदस्य वा संरक्षक निजहरु नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिने।[१११] यसरी बालबालिका जिम्मा लगाउँदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको शर्तहरु र तिनको पालना नगरेमा निजले व्यहोर्ने परिणामको बारेमा जानकारी गराउनु पर्ने,[११२] जिम्मा लगाइएको बालबालिकाले बाल अदालतद्वारा तोकिएको शर्तको पालना नगरेमा बालबालिकालाई बाल सुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिने[११३] समेतका व्यवस्था यस ऐनमा रहेको छ।

---

[१०७] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी नियमावली, २०७५, नियम ५।

[१०८] पूर्व पादटिप्पणी १, दफा २४।

[१०९] ऐ. दफा २४(१)।

[११०] ऐ. दफा २४(२)(ख)।

[१११] ऐ. दफा २४(३)।

[११२] ऐ. दफा २४(४)।

[११३] ऐ. दफा २४(५)।

### ४.२.५.२ दिशान्तरसम्बन्धी व्यवस्था[११४]

बालबालिकासम्बन्धी ऐन, २०७५ ले पहिलो पटक दिशान्तरसम्बन्धी व्यवस्था गरेको छ। कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई औपचारिक न्यायिक प्रकृयाभन्दा बाहिर लैजाने कार्य दिशान्तर हो।[११५] अनुसन्धान अधिकारी, सरकारी वकिल र बाल अदालतले कसूरमा हुने सजायको आधारमा कसूरजन्य आरोप लागेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्ने व्यवस्था रहेको छ। यस अन्तर्गत पाँच हजार रुपयाँसम्म बिगो भएको वा दुई हजारसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्ने कसूरमा अनुसन्धान अधिकारीले दिशान्तरको निर्णय गर्न सक्ने व्यवस्था रहेको छ। यसैगरी दशहजार रुपैयाँसम्म बिगो भएको वा पाँच हजारसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले दिशान्तरको निर्णय गर्न सक्छ। साथै जतिसुकै बिगो भएको वा जतिसुकै जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा बाल अदालतले दिशान्तर गर्न सक्ने व्यवस्था गरिएको छ। तर तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा दिशान्तर गर्न सकिँदैन।[११६] दिशान्तर गर्न सक्ने गरी तोकिएको कैदको हद न्यून रहेको र यो व्यवस्था नयाँ हुनाले यसको प्रयोग एकदम न्यून मुद्दामा भएको देखिन्छ भने बाल इजलासबाट यसको प्रयोग भएको देखिँदैन।[११७]

दिशान्तर गर्दा बालबालिकाको इच्छासमेतलाई विचार गरी देहाय बमोजिमको एक वा एकभन्दा बढी उपयुक्त प्रकृया अवलम्बन गर्न सकिन्छ।[११८]

- बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,
- बालबालिकालाई गल्ती महसुस गर्न लगाउने,
- बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,
- बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने,
- बालबालिकाको हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने,
- बाल कल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने,
- बालबालिकालाई बाबु आमा, परिवारका अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,
- बालबालिकालाई कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने,
- दिशान्तर गर्नु पूर्व बाल मनोविज्ञ र बाल विशेषज्ञबाट बालबालिकाको शारीरिक तथा मानसिक अवस्था र समाजसेवीबाट बालबालिकाको आर्थिक सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनुपर्ने र पीडितलाई भएको हानि नोक्सानीबापत क्षतिपूर्ति भराई दिनुपर्छ। दिशान्तर

---

११४ ऐ. दफा २७।

११५ ऐ. दफा २ को खण्ड (च)।

११६ ऐ. दफा २७।

११७ बालन्यायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु, २०७८, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं।

११८ पूर्व पादटिप्पणी १, दफा २९।

गर्दा अवधिसमेत तोक्नुपर्दछ। दिशान्तर गरिएकोमा कसूरजन्य कार्यसम्बन्धी विवाद अन्त्य भै सो सम्बन्धी औपचारिक न्यायिक प्रकृया समाप्त भएको मानिन्छ।

### ४.२.५.३ बालबालिका संलग्न कसूरको सुनुवाई तथा बाल अदालत गठनसम्बन्धी व्यवस्था

बालबालिकाले गरेको कसूरजन्य कार्यको न्यायिक निरोपण बाल अदालतबाट गरिनुपर्ने न्यायिक मान्यताअनुरुप बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० मा बालबालिकाले गरेको कसूरजन्य कार्यको सुरु कारबाही, सुनुवाई र किनारा गर्न नेपाल सरकारले न्याय परिषदको सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने व्यवस्था रहेको छ। बाल अदालत गठन नभएसम्म प्रत्येक जिल्ला अदालतमा बाल ईजलास गठन गरिने व्यवस्थाअनुरुप बाल ईजलासबाट कानूनको विवादमा परेका बालबालिकाको मुद्दाको निरोपण हुँदै आएको छ। बाल इजलासमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ गरी तीन जना सदस्य रहने व्यवस्था छ। बाल इजलासलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६६ अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकारक्षेत्र समेत रहेको छ।[११९]

### ४.२.५.४ बालबालिकाको फौजदारी दायित्व, सजायको स्वरुप, सजाय स्थगन वा अन्य निर्णय बाल अदालतले गर्न सक्ने

**(क) बालबालिकाको आपराधिक दायित्वः** यस ऐनमा बालबालिकाले व्यहोर्नुपर्ने फौजदारी दायित्वको बारेमा निम्नानुसारको व्यवस्था रहेको छ।

- दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरका बालबालिकाले जरिवाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिने र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिने,[१२०]
- चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरका बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा हुने,[१२१]
- सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने।[१२२]

आपराधिक दायित्वका रूपमा माथिका व्यवस्थाहरू उल्लेख गरिए पनि बाल अदालत/इजलासले फैसला गर्दा बालबालिकालाई सजाय स्वरूप बाल सुधार गृहमा राख्ने गरी फैसला गर्ने र बालबालिकालाई नियन्त्रणमा राखिने भएकाले हिरासतीय प्रकृतिका देखिन्छ। सो बाहेक अन्य फैसलाहरू गैरहिरासतीय प्रकृतिका छन्।

---

[११९] ऐ. दफा ७५।

[१२०] ऐ. दफा ३६(२)।

[१२१] ऐ. दफा ३६(३)।

[१२२] ऐ. दफा ३६(४)।

### (ख) बालबालिकालाई हुन सक्ने सजायका स्वरूप

माथिका आपराधिक दायित्वका शीर्षकमा रहेका आपराधिक दायित्वका व्यवस्था सजायका स्वरूपहरूको समय निर्धारण गर्न मात्र प्रयोग हुन्छ। बाल अदालतले बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी शर्त तोकी वा नतोकी वा देहायमा उल्लिखित सजाय स्वरुप अन्य निर्णय गर्न सक्ने[१२३] व्यवस्था यस ऐनमा रहेको छ।

- परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,[१२४]
- सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,[१२५]
- एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,[१२६]
- परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरु पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरुसँग नै राख्न लगाउने,[१२७]
- सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,[१२८]
- निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने।[१२९]

यस ऐनमा जरिवानाका सम्बन्धमा कुनै व्यवस्था गरिएको छैन। बालबालिकासँग सामान्यतः आफ्नो आम्दानी नहुने भएकाले जरिवाना लिने कार्य उपयुक्त मानिँदैन। तर अन्य प्रचलित कानूनमा दोषीसँग जरिवाना लिने व्यवस्था रहेको छ।

### (ग) सजाय स्थगनका स्वरूप

अदालतले माथि अनुच्छेद (ख) मा जुनसुकै सजाय तोके पनि बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी शर्त तोकी वा नतोकी भएको सजाय स्थगन गर्न सक्ने व्यवस्था रहेको छ।

साथै बालबालिका सम्वन्धी ऐन, २०७५ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ र बालबालिका सम्वन्धी नियमावली, २०७८ कार्यान्वयनमा रहेको छ।

---

[१२३] ऐ. दफा ३६(५)

[१२४] ऐ. दफा ३६(५)(क)

[१२५] ऐ. दफा ३६(५)(ख)

[१२६] ऐ. दफा ३६(५)(ग)।

[१२७] ऐ. दफा ३६(५)(घ)।

[१२८] ऐ. दफा ३६(५)(ङ)।

[१२९] ऐ. दफा ३६(५)(च)।

# परिच्छेद - पाँच

## ५. गैरहिरासतीय उपायको सन्दर्भमा सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण

कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हित कायम गरी बाल न्यायलाई प्रवर्द्धन गर्न र गैरहिरासतीय उपायको अवलम्बन गर्नका लागि उत्प्रेरित गर्न सर्वोच्च अदालतबाट भएका केही प्रतिनिधिमूलक आदेशहरु देहायनुसार रहेका छन्।

### १. अधिवक्ता सन्तोष कुमार महतोविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवारसमेत[१३०]

यस रिट निबेदनमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(१) मा उल्लेख भएअनुसार बाल अदालत स्थापना गरिनुपर्ने दायित्व सरकारको नै देखिएकोले कानूनी व्यवस्थाबमोजिम बाल अदालत स्थापना गर्ने कार्य शीघ्र अगाडि बढाई त्यसको कारवाहीको जानकारी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखालाई गराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतका नाउँमा तथा बाल अदालत स्थापनासम्बन्धी कारवाहीको प्रभावकारी अनुगमन गर्नु भनी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखाको नाउँमा निर्देशनात्मक आदेश जारी भएको।

### २. परिवर्तित नाम ५४ रुकुम पश्चिम (३६) को हकमा अधिवक्ता लक्ष्मी (नानी) थापा वि. रुकुम जिल्ला अदालत[१३१]

यस रिट निवेदनमा निम्न बमोजिमको निर्देशनात्मक आदेश जारी भएको छः

- कसूरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धानका लागि निगरानी कक्षमा राख्न अदालतको अनुमति माग गर्दा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २१(७) बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एक्काइस दिनसम्मको मात्र म्याद थपको माग गर्न, निजहरुको तत्काल बयान गराउन र सोही कसूरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरुको छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउनु भनी सबै जिल्ला सरकारी वकिल कार्यालय र प्रहरी कार्यालयहरुलाई सूचित गर्न महान्यायाधिवक्ताको कार्यालय तथा म्याद थप गर्दा सोही कानूनी व्यवस्था अनुरुपको समयावधि विचार गरी अपरिहार्यताको स्थितिमा मात्र म्याद थप गर्नु भनी सबै जिल्ला अदालतहरुलाई समेत जानकारी दिनु।
- कसूरजन्य कार्यको सिलसिलामा बालबालिकालाई नियन्त्रणमा लिंदा निजहरुको सुरक्षालगायत सर्वोत्तम हितलाई विचार गरी निजका परिवारका सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउन उपयुक्त नभएको अपरिहार्य स्थितिमा मात्र त्यस्ता बालबालिकालाई बालबालिकासम्बन्धी ऐन, २०७५ ले

---

[१३०] ने.का.प. २०६२, अंक ८, नि.नं. ७५७८।

[१३१] सर्वोच्च अदालत, रिट नं. ०७६–WH-०३८०, आदेश मिति २०७७।३।२१।

कल्पना गरे अनुरुपको सुविधा रहेको निगरानी कक्षमा राख्ने व्यवस्था मिलाउनु भनी नेपाल सरकार, गृह मन्त्रालयलाई लेखी पठाउनु।

**३. अधिवक्ता अजयशंकर झा "रुपेश" वि. जिल्ला अदालत कैलाली, धनगढी**[१३२] भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा कैदको सजाय भनेको अन्तिम विकल्प हो। कानूनले कैद सजायबाहेक अन्य विकल्पहरु पनि दिएको छ। निर्णयकर्ताले महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा संक्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नुपर्दछ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा "बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरुप देहायका कुनै उपयुक्त निर्णय गर्नेछन् भनी ऐनको दफा ३६(५) को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा कानूनी व्यवस्था भएको पाइन्छ।

निवेदक रहेको सुधार गृह नै अहिले कोभिड-१९ को महामारीको कारणले असुरक्षित छ र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगन गर्न सक्ने कानूनी व्यवस्था छ भने बालबालिकाको हित र जीवन रक्षार्थ सजायको अन्य कानूनबमोजिमको विकल्पहरुमध्ये हालको कोभिड -१९ को महामारीको सन्दर्भमा उपयुक्त विकल्पहरु रहेकै देखिन्छ। अत: यस्तो अवस्थामा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि परिवर्तित नाम ७१ धनगढी ६५ लाई खोजेको बखत उपस्थित गराउन मञ्जुर गरेमा आवश्यक प्रक्रिया पु-याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (५) अन्तर्गत रहे भएको देखिँदा यी निवेदकको सम्बन्धमा कानूनबमोजिमको उपयुक्त विकल्पसहित पुन: उपयुक्त निर्णय गर्नु" भनी कैलाली जिल्ला अदालतको नाममा परमादेशको आदेश सर्वोच्च अदालतबाट जारी भएको पाइन्छ।

**४. अधिवक्ता अजयशंकर झा "रुपेश" वि. उच्च अदालत विराटनगर, धनकुटा इजलाससमेत**[१३३] भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा "निवेदक बाल सुधारगृह, भक्तपुरमा रहेको र सो बाल सुधारगृहमा क्षमताभन्दा बढी बालबालिका रहेको भन्ने तथ्यसमेत स्थापित हुन आएको छ। निवेदकको निवेदनमा उल्लिखित वर्तमान विषय परिस्थितिलाई मध्यनजर गर्दा बन्दाबन्दीमा भिडभाड कम गर्दै शारीरिक दुरी कायम गरी बाल सुधारगृहमा रहने बालबालिकालाई पनि कोरोना भाइरसको संक्रमणको जोखिमबाट बचाउन तिनीहरुको संरक्षणको लागि उनीहरुलाई आवश्यक पर्ने स्वास्थ्य सुधारको उपयोगितालाई ध्यानमा राखी मानवीय संवेदनशीलतालाई समेत दृष्टिगत गर्दा त्यस्ता बालबालिकाको समेत न्यूनतम मानवीय व्यवहार गरिनुपर्ने देखिएबाट यी रिट निवेदनका हकमा उपयुक्त आदेश जारी गरिनुपर्ने देखिन आयो। तसर्थ माथि विवेचित आधार र कारणहरुसमेतबाट प्रतिवादी नाबालकलाई अदालतको फैसलाले तोकिएको ६ वर्ष र ६ महिना कैदमध्ये अधिकांश कैद भुक्तान गरी अब केवल ७ महिना मात्र बाँकी रहेको र साथै वर्तमान समयमा आकस्मिक रुपमा पर्न आएको कोरोना भाइरसको महामारीले विषम परिस्थिति सिर्जना गर्न सक्ने नकारात्मक असरहरुलाई विचार गरी निजलाई हाल

---

[१३२] मुद्दाः बन्दीप्रत्यक्षीकरण, रिट नं. ०७६-WH-०३२९।

[१३३] बन्दीप्रत्यक्षीकरण, रिट नं. ०७६-WH-०३५९।

अभिभावकको जिम्मा लगाउँदा पनि न्यायको मकसद पूरा हुने हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(घ) मा केन्द्रित रहेर बाँकी कैदपछि असुल गर्ने वा नगर्ने गरी पुन: यी निवेदकको हकमा निर्णय गर्नु भनी भोजपुर जिल्ला अदालतको नाममा आदेश जारी भएको पाइन्छ।

**५. अधिवक्ता अजय शंकर झा "रूपेस" वि. ललितपुर जिल्ला अदालत** [१३४] भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा "कैदको सजाय भनेको अन्तिम विकल्प हो। कानूनमा कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ। निर्णयकर्ताले महामारीको विषम परिस्थितिमा सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नु पर्दछ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका तोकिएका कुनै उपयुक्त निर्णय गर्ने सक्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। निवेदक रहेको सुधार गृह नै अहिले कोभिड १९ को महामारीको कारणले असुरक्षित छ र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगन गर्न सक्ने कानूनी व्यवस्था छ भने बालबालिकाको हित र जीवनको रक्षार्थ सजायको अन्य कानूनबमोजिमको विकल्पहरूमध्ये हालको कोभिड १९ को महामारीको सन्दर्भमा उपयुक्त विकल्पहरू रहेकै देखिन्छ। प्रस्तुत रिट निवेदनको सन्दर्भमा साङ्केतिक नाम बनेपा (क) ले जबरजस्ती करणीसम्बन्धी कसूर गरेको ठहरी ललितपुर जिल्ला अदालतले जबरजस्ती करणीको कसूरमा निजलाई ५ वर्ष ६ महिना कैद हुने फैसलाबमोजिम निज साङ्केतिक नाम बनेपा (क) बाल सुधार गृह, सानो ठिमी, भक्तपुरमा रही रहँदा आजको मितिसम्ममा ४ वर्ष २ महिना १५ दिनभन्दा बढी सजाय भुक्तान गरिसकेको देखिँदा बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि साङ्केतिक नाम बनेपा (क) लाई खोजेको बखत उपस्थित गराउन मन्जुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रही कानूनबमोजिमको उपयुक्त विकल्पसहित पुनः उपयुक्त निर्णय गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी भएको"।

नेपालको संविधान र कानूनद्वारा प्रत्याभूत गरिएका बाल अधिकारको उपभोग र प्रचलनको लागि नेपालको सर्वोच्च न्यायिक निकाय सर्वोच्च अदालतले सकारात्मक भूमिका खेलेको पाइन्छ। सर्वोच्च अदालतले नेपाल सरकारका नाममा जारी गरेका निर्देशनात्मक आदेशहरुमा पटक पटक बाल न्यायको प्रवर्द्धन गर्न बाल अदालतको स्थापनामा जोड दिएको पाइन्छ। साथै कोभिड-१९ को महामारीको समयमा बालअधिकारको संरक्षण र प्रबर्द्धन गर्नका लागि परेका रिट निवेदनमा बाल सुधारगृहमा रहेका बालबालिकाको हकमा गैरहिरासतीय उपायहरु अवलम्बन गर्नको लागि स्पष्ट दिशा निर्देश गरेको पाइन्छ।

---

[१३४] ने.का.प. २०७७, अंक ४, नि.नं. १०४८८।

# परिच्छेद - छ

## ६. गैरहिरासतीय उपाय अवलम्बन गरी बाल इजलासबाट भएका फैसलाहरुबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण


काठमाडौं उपत्यकाभित्र रहेका काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतका बाल इजलासले विगत तीन आ. व. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा कसूर ठहर भएका १३३ वटा फैसलाहरु संकलन गरेका थिए। ती फैसलाहरुमध्ये बालबालिकासम्वन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम शर्त तोकी वा नतोकी सजाय स्थगन गरेका र सजाय स्वरुप अन्य निर्णय गरी सोही दफा ३६(५) को देहाय (क)(ख)(ग)(घ)(ङ) अनुसारका गैरहिरासतीय उपायको अवलम्वन गरी गरिएका ३४ वटा मुद्दाहरु मध्येबाट पनि नमूनाको रुपमा छनौट भएका २२ वटा (६४.७० प्रतिशत) मुद्दाहरुमा भएको फैसलाहरुको अध्ययनबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषणलाई देहायनुसारको स्तम्भ चित्रहरुको माध्यमबाट प्रस्तुत गरिएको छ।

### ६.१ बालबालिका कसूरदार ठहर भएका मुद्दाहरुको प्रकृति र संख्या

काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतको बाल इजलासबाट कसूर ठहर भएका विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ का १३३ वटा मुद्दाहरुको प्रकृति र संख्यालाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. १**

**बालबालिकाले कसूर गरेको ठहर भएका मुद्दाहरुको प्रकृति र संख्या**




यस अध्ययनको क्रममा संकलन गरिएका बालबालिकाले कसूर गरेको ठहर भएका १३३ वटा मुद्दाहरुको प्रकृति हेर्दा २९ वटा (२१.८० प्रतिशत) लागु औषध मुद्दा, २८ वटा (२१.०५ प्रतिशत) चोरी, २२ वटा (१६.५४ प्रतिशत) डाँका, १२ वटा (९.०२ प्रतिशत) जबरजस्ती करणी र जबरजस्ती करणी उद्योग, ११ वटा (८.२७ प्रतिशत) अभद्र व्यवहार, ७ वटा (५.२६ प्रतिशत) नकबजनी चोरी, ६ वटा (४.५१ प्रतिशत) ज्यान मार्ने उद्योग, ४ वटा (३.०० प्रतिशत) बाल विवाह, ३ वटा (२.२५ प्रतिशत) कर्तव्य ज्यान रहेका पाइन्छ। साथै २/२ वटा (१.५० प्रतिशत) मुद्दा सामूहिक जबरजस्ती करणी, अप्राकृतिक मैथुन र विद्युतीय कसूरसम्बन्धी मुद्दा रहेका छन्। त्यसैगरी १/१ वटा (०.७५ प्रतिशत) मुद्दा डाँकाचोरी र गौवध, बाल यौन दुरुपयोग, आपराधिक उपद्रव, बहुबिवाह तथा बालविवाह र लिखतसम्बन्धी मुद्दाहरु रहेको देखिन्छ।

### ६.२ बालबालिका कसूरदार ठहर भएका मुद्दाहरुमा हिरासतीय वा गैरहिरासतीय उपाय अवलम्बनको अवस्था

काठमाडौं जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ मा कानूनको विवादमा परेका बालबालिकाले कसूर गरेको ठहर गरी सजाय निर्धारण भई फैसला भएका जम्मा १३३ वटा मुद्दाहरुको सन्दर्भमा हिरासतीय र गैरहिरासतीय उपाय अवलम्बनको अवस्था देहायनुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. २**

**गैरहिरासतीय उपाय प्रयोग गरिएका मुद्दाको संख्या र हिरासतीय उपाय प्रयोग गरिएका मुद्दाको संख्या**





बालबालिकाले कसूर गरेको ठहर गरी सजाय निर्धारण गरिएको जम्मा १३३ वटा मुद्दाहरुमध्ये ९९ वटा (७४.४३ प्रतिशत) मुद्दामा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(च) मा उल्लेख भए बमोजिम हिरासतीय उपाय (बाल सुधार गृहमा) राख्ने गरी फैसला गरेको पाइयो भने बाँकी ३४ वटा मुद्दा अर्थात् २५.५६ प्रतिशत मुद्दामा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन गर्ने गरी तथा सोही दफा ३६(५) को देहाय (क) मा व्यवस्था भएअनुसार अन्य गैरहिरासतीय उपायको समेत उल्लेख गरी फैसला भएको देखिन्छ।

### ६.३ गैरहिरासतीय उपाय अवलम्बन गरी गरिएका मुद्दामा थुनछेक आदेशको प्रकृति

काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ मा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अनुसार गैरहिरासतीय उपायको प्रयोग गरी फैसला भएको ३४ वटा मुद्दाहरुमध्ये यस अध्ययनमा नमुनाको रुपमा लिएका २२ वटा (६४.७० प्रतिशत) मुद्दामा गरिएका थुनछेक आदेशको प्रकृति देहायनुसारको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. ३**

**गैरहिरासतीय उपाय अवलम्बन गरी गरिएका मुद्दामा थुनछेक आदेशको प्रकृति**





बाल इजलासबाट गैरहिरासतीय उपाय अबलम्बन गरी गरिएको २२ वटा मुद्दाहरुमध्ये थुनछेकको आदेश हुँदा कानूनको विवादमा परेको बालबालिकालाई १८ वटा (८१.८१ प्रतिशत) मुद्दामा अभिभावक/संरक्षकको जिम्मा लगाउने आदेश भएको, ३ वटा (१३.६३ प्रतिशत) मुद्दा अदालतमा मुद्दा दायर भएकै दिन फैसला भएको र बाँकी १ वटा (४.५४ प्रतिशत) मुद्दामा धरौटी माग गर्ने गरी आदेश गरिएको देखियो। नमुनाको रुपमा रहेका उक्त २२ थान मुद्दामध्ये कुनैमा पनि बाल सुधारगृहमा पठाई मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको पाइएन।

### ६.४ गैरहिरासतीय उपायसम्बन्धी व्यवस्था कार्यान्वयन गरिएको मुद्दाको प्रकृति र अवस्था

काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ मा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क)(ख)(ग)(घ) र (ङ) मा व्यवस्था भएअनुसार सजाय स्थगन वा गैरहिरासतीय उपायको अबलम्बन गरी फैसला भएको ३४ वटा मुद्दाहरुमध्ये नमुनाको रुपमा रहेका २२ वटा अर्थात् ६४.७० प्रतिशत मुद्दाको सन्दर्भमा गैरहिरासतीय उपाय अवलम्बन गरिएका मुद्दाका प्रकृति देहायनुसारको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. ४**

**गैरहिरासतीय उपाय अवलम्बन गरिएका मुद्दाका प्रकृति**





गैरहिरासतीय उपाय कार्यान्वयन गरी फैसला भएका २२ वटा मुद्दाहरुमा ६ वटा (२७.२७ प्रतिशत) चोरी, ५ वटा (२२.७२ प्रतिशत) लागु औषध, ३ वटा (१३.६३ प्रतिशत) डाँका चोरी, ३ वटा (१३.६३ प्रतिशत) बालविवाह, २ वटा (९.०९ प्रतिशत) अभद्र व्यवहारसम्बन्धी मुद्दा रहेका छन्। साथै १/१ वटा (४.५४ प्रतिशत) क्रमशः बालविवाह तथा बहुविवाह, बालयौन दुरुपयोग र जबरजस्ती करणीसम्बन्धी मुद्दा रहेको देखिन्छ।

## ६.५ गैरहिरासतीय उपाय अवलम्बन गरिएको मुद्दामा संलग्न रहेको बालबालिकाको उमेर समूह

काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ मा गैरहिरासतीय उपायको अबलम्बन गरी फैसला भएको अध्ययनको नमुनाको रुपमा रहेका २२ वटा मुद्दामा संलग्न रहेका बालबालिकाको उमेर समूहलाई स्तम्भ चित्रमा देहायनुसार प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. ५**

**गैरहिरासतीय उपाय अवलम्बन गरिएको मुद्दामा संलग्न रहेको बालबालिकाको उमेर समूह**





गैरहिरासतीय उपायसम्बन्धी व्यवस्था कार्यान्वयन गरी गरिएको २२ वटा फैसलाहरुमा १५ वटा (६८.१८ प्रतिशत) मुद्दामा कानूनको विवादमा परेका बालबालिका १६-१८ वर्ष उमेर समूहका, ६ वटा (२७.२७ प्रतिशत) बालबालिका १४-१६ वर्ष उमेर समूहका र १ वटा (४.५४ प्रतिशत) बालबालिका १०-१४ वर्ष उमेर समूहका रहेको पाइयो।

## ६.६ गैरहिरासतीय उपाय अवलम्बन गरी फैसला गर्दा उल्लेख भएका आधारहरू

काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट भएका यस अध्ययनमा नमुनाको रुपमा लिएका विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ मा गैरहिरासतीय उपाय अवलम्बन गरी फैसला गर्दा उल्लेख भएका आधारहरुलाई देहायनुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. ६**

**गैरहिरासतीय उपाय अवलम्बन गरी फैसला गरिएको मुद्दामा उल्लेख गरिएका आधारहरू**




बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन हुने गरी बाल इजलासले फैसला गरेका २२ वटा मुद्दाहरुमध्ये ८ वटा (३६.३६ प्रतिशत) फैसलामा कानूनको विवादमा परेका बालबालिकाको


सर्वोत्तम हित, ५ वटा (२२.७२ प्रतिशत) फैसलामा कानूनको विवादमा परेका बालबालिकाको उमेर, अवस्था र कसूर गर्दाको परिस्थिति, २ वटा (९.०९ प्रतिशत) फैसलामा कानूनको विवादमा परेका बालबालिकाको आफूले गरेको कसूरप्रति पश्चाताप गरेका व्यहोरा एवं बालबालिकाको सर्वोत्तम हित र २ वटा (९.०९ प्रतिशत) फैसलामा बालबालिकाले गरेको कसूरको प्रकृति एवं बालबालिकाको सर्वोत्तम हितलाई आधार मानेर फैसला गरेको पाइयो। त्यसैगरी १ वटा (४.५४ प्रतिशत) फैसलामा नियतवश कसूर गर्ने गरी कानूनको विवादमा परेका बालबालिकाको मस्तिष्क विकसित भई नसेकको अवस्थालाई आधार मानेर बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अनुसार सजाय स्थगन गरिएको पाइयो भने २ वटा (९.०९ प्रतिशत) फैसलामा सजाय स्थगन गर्दा कुनै पनि आधार उल्लेख नगरी सजाय स्थगन गरिएको पाइयो।

### ६.७ गैरहिरासतीय उपाय अवलम्बन गर्दा बालबालिकाका लागि तोकिएका शर्तहरु

काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ मा गैरहिरासतीय उपाय अवलम्बन गरी भएका फैसलाहरुमा बालबालिकाका लागि तोकिएका शर्तहरु देहायनुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. ७**

**गैरहिरासतीय उपाय अवलम्बन गरी फैसला गर्दा बालबालिकाका लागि तोकिएका शर्तहरु**





बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन हुने गरी बाल इजलासले गरेका २२ वटा मुद्दामा भएका फैसलामध्ये जम्मा २ वटा मुद्दामा केही शर्तसमेत तोकी फैसला भएको देखिन्छ। जसमध्ये एउटा मुद्दामा कानूनको विवादमा परेका बालबालिकाले १० वर्षभित्रमा अर्को दण्डनीय कसूर गरेको ठहरेमा यस मुद्दामा ठहर भएको सजाय थप हुने गरी र अर्को मुद्दामा बालकको सर्वोत्तम हितसमेतलाई ध्यान दिई अबदेखि विज्यॉंईमा संलग्न नहुने र असल आचरणमा रहने गरी शर्त तोकी सजाय स्थगन गरेको पाइयो।

## ६.८ गैरहिरासतीय उपाय अबलम्बन गरी फैसला भएका मुद्दाहरुमा सजाय स्थगनसम्बन्धी व्यवस्थाको प्रयोगको अवस्था

यस अध्ययनको नमुनाको रुपमा लिइएका २२ वटा मुद्दाहरुमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क)(ख)(ग)(घ) र (ङ) मा व्यवस्था भएअनुसार सजाय स्थगन वा सजायका अन्य स्वरुपसम्बन्धी व्यवस्था प्रयोगको अवस्थालाई देहायनुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. ८**

**सजाय स्थगन र सजायका अन्य स्वरुपसम्बन्धी व्यवस्थाको प्रयोगको अवस्था**





बाल इजलासबाट भएका २२ वटा फैसलाहरुमध्ये २० वटा (९०.९०) प्रतिशत फैसलामा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन गरिएको पाइयो। त्यसैगरी २ वटा (९.०९ प्रतिशत) फैसलामा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क) मा व्यवस्था भएअनुसार परिवारको कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने जस्ता सजायका अन्य स्वरुपको बारेमा समेत उल्लेख गरी सजाय स्थगन गरिएको देखिए पनि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(ख)(ग)(घ) र (ङ) मा उल्लेख भएका सजायका अन्य स्वरुपहरु सम्बन्धी कुनै पनि प्रावधानहरुको भने प्रयोग गरी फैसला गरेको पाइएन।

## ६.९ सजाय स्थगन गरिएका मुद्दाहरूमा ठहर गरिएका कैद सजायको प्रकृति

यस अध्ययनको नमुनाको रुपमा लिइएका काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट विगत तीन आ. व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ मा गैरहिरासतीय उपायको अवलम्बन गरी फैसला गर्दा सजाय स्थगन गरिएका मुद्दाहरूमा बालबालिकालाई ठहर गरिएका कैद सजायको समयावधिलाई देहायनुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**स्तम्भ चित्र नं. ९**

**सजाय स्थगन गरिएका मुद्दाहरूमा ठहर भएका कैद सजायको समयावधि**




गैरहिरासतीय उपाय अबलम्बन गरी सजाय स्थगन गरिएका २२ वटा मुद्दाहरुमध्ये १४ वटा (६३.६३ प्रतिशत) मुद्दामा कानूनको विवादमा परेका बालबालिकालाई ३ महिनासम्म कैद सजाय हुने ठहर भएको, ६ वटा (२७.२७ प्रतिशत) मुद्दामा ३ महिनाभन्दा बढीदेखि ६ महिनासम्म कैद सजाय हुने ठहर भएको र एउटा मुद्दामा ६ महिनाभन्दा बढीदेखि १ वर्षसम्म कैद सजाय हुने ठहर भएको देखिन्छ। साथै अर्को एउटा मुद्दामा ३ वर्षभन्दा बढी कैद सजाय हुने ठहर भएको देखिन्छ।

# परिच्छेद - सात

## ७. बाल इजलासमा कार्यरत न्यायाधीश, प्रोवेशन अधिकारी, समाजसेवी र बालमनोविज्ञसँग लिएको अन्तर्वार्ताको विश्लेषण

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा रहेको गैरहिरासतीय उपायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन प्रभावकारी नहुनाको कारण, कार्यान्वयनमा रहेका समस्या र चुनौती तथा यसको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने उपायहरुका सम्बन्धमा केन्द्रित रही जिल्ला न्यायाधीशहरु, प्रोवेशन अधिकारी (तहसिलदार), बालमनोविज्ञ र समाजसेवीलाई लक्षित गरी तयार गरिएको प्रश्नावलीहरुको आधारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त भएको जवाफमा प्रश्न केन्द्रित मात्र नभई अन्य सान्दर्भिक कुराहरुसमेत रहेका देखिएको हुँदा सो समेतलाई आधार लिई विवेचना गरिएको छ। यस विषयमा निजहरुको विचार, धारणा र दृष्टिकोण देहायबमोजिम रहेको देखिन्छ।

१. बालबालिकासम्बन्धी ऐन, २०७५ मा रहेको कानूनी व्यवस्था राम्रो र स्पष्ट रहेको तर उक्त व्यवस्थाका सम्बन्धमा अभिमुखीकरण, तालिम र अन्तरक्रियाको कमी भएको।

२. ऐनको कार्यान्वयन गर्न व्यावहारिक कठिनाई रहेको र ती व्यावहारिक कठिनाईहरुलाई निम्नलिखित रुपमा उल्लेख गरिएको छः

   क. ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक रहेको नियमावली समयमा निर्माण नहुनु। (यो अध्ययनका क्रम चालु रहेको अवस्था नै मिति २०७९।२।५ मा बालबालिकासम्बन्धी नियमावली, २०७८ जारी भएको),

   ख. पूर्वाधार विकास नगरी कानून कार्यान्वयनमा आएको, जस्तैः ऐनबमोजिम बाल अदालतको गठन नहुनु र प्रोवेशन अधिकारीको नियुक्ति नहुनु बाल अदालतका ठाउँमा बाल इजलास गठन गरी न्यायाधीशलगायत सबै प्रोबेशन अधिकारीहरू तोकी कार्य हुँदै आएको,

   ग. जिल्ला अदालतमा कार्यरत तहसिलदारलाई प्रोबेशन अधिकारी तोकिएकोमा निजहरूको अन्य मुद्दासम्बन्धी कार्यव्यस्तता बढी हुने भएको हुँदा निजहरुले प्रोवेशन अधिकारीको भूमिका प्रभावकारी रुपमा निर्वाह गर्न नसकेको,

   घ. बाल न्याय प्रशासनमा संलग्न हुने न्यायाधीश, तहसिलदार, वाल इजलासमा खटिने अधिकृत कर्मचारीलगायतका सम्बन्धित सरोकारवालाहरुलाई अभिमुखीकरण, प्रशिक्षण र पर्याप्त तालिम दिन नसकिएको,

   ङ. बाल न्याय प्रशासनका लागि प्रोवेशन अधिकारीले गर्नुपर्ने जिम्मेवारीको लागि आवश्यक तयारी तथा व्यवस्था नगरेको,

   च. सजाय स्थगन भै बालबालिका अदालतबाट गई सकेपछि निजका आमावावु वा बालबालिका अदालतको सम्पर्कमा आउन नचाहने,

   छ. सजाय स्थगनमा परेका बालबालिका पुनः कानूनको विवादमा पर्ने गरेको।

३. बाल इजलासबाट मुद्दा फैसला गर्दा बालबालिकासम्बन्धी ऐन, २०७५ मा रहेका गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थामध्ये एक उपायको रुपमा रहेको सोही ऐनको दफा ३६(५) मा रहेको गैरहिरासतीय उपायसम्बन्धी कानूनी व्यवस्थाको प्रयोग कम हुनाको कारणहरु देहायनुसार रहेको भन्ने पाइयो।

क. गैरहिरासतीय उपायसम्बन्धी व्यवस्थाको न्यून अवलम्बन हुनुको कारणमा माथि अनुच्छेद-२ मा उल्लेख गरिएका बुदाँहरु पनि समान रूपमा आकर्षित हुने,

ख. बालबालिकाको परिभाषा परिवर्तन गरी १६ वर्षबाट बढाएर १८ बनाइएको कारण मुद्दाको संख्यामा उल्लेखनीय रुपमा वृद्धि भएको,

ग. जघन्य र गम्भीर प्रकृतिका मुद्दामा संलग्न भएको बालबालिकाको हकमा गैरहिरासतीय उपाय अवलम्बन नगरिएको,

घ. एक पटक कानूनको विवादमा परेका बालबालिका पुनः कानूनको विवादमा परी दोहोरिएर आउने गरेको,

ङ. कानूनको विवादमा परेका बालबालिकाले गरेको कसूरको प्रकृति, गाम्भीर्यता र समाजको सुरक्षाको कारण पनि कम प्रयोग हुने गरेको,

च. कानूनको विवादमा परेका वालबालिका र सोही मुद्दामा संलग्न वयस्कको बिचमा उमेर अन्तर धेरै नभएको अवस्थामा सजाय स्थगन गर्दा नकारात्मक असर पर्ने भएको,

छ. थुनछेक आदेशअनुसार अभिभावकको जिम्मा लगाएका बालबालिकाहरुको मुद्दा फैसला हुँदासम्म प्रायः सम्पर्कमा नहुने,

ज. बालबालिका जिम्मा लगाउँदा अभिभावकको उपस्थिति नै नहुने र भए पनि कम मात्रामा हुने गरेको तथा केही बालबालिकाका अभिभावकलाई जिम्मा लिन अनुरोध गर्दा पनि स्वीकार नगर्ने।

४. गैरहिरासतीय उपायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयन हुन नसक्नुका कारणहरू निम्नानुसार रहेको भनी उल्लेख गरिएको पाइन्छ।

क. बाल अदालत वा बाल इजलासको निर्णयको अनुगमन गर्ने सम्बन्धी कार्य प्रोवेशन अधिकारीले गर्ने व्यवस्था भए तापनि ऐनमा रहेको ब्यवस्थाबमोजिम प्रोवेशन अधिकारीको नियुक्ति हुन नसकेको,

ख. प्रत्येक जिल्ला अदालतमा कार्यरत तहसिलदारलाई प्रोवेशन अधिकारी तोकिएको र निजहरुले अन्य कार्य ब्यस्तताको कारणले गर्दा यस सम्बन्धी काममा आवश्यक समय दिन सक्ने अवस्था नरहेको,

ग. समाजसेवी र वालमनोविज्ञलाई अनुगमनमा परिचालन गर्ने कानूनी आधार नरहेको र उनीहरुलाई कुनै पनि पुनर्ताजगी तालिम कार्यक्रममा सहभागी गराउन नसकिएको।

५. गैरहिरासतीय उपाय अवलम्बन गरी छुटेका कुनै पनि प्रकृतिका मुद्दामा संलग्न रहेका बालबालिकाको अवस्था र स्थितिको बारेमा अनुगमन गर्ने गरिएको भन्ने देखिएन। साथै यस किसिमका बालबालिकाको अवस्था र स्थितिको बारेमा अनुगमन गर्ने स्पष्ट व्यवस्था र संयन्त्रसमेत नभएको भन्ने समेत उल्लेख भएको देखियो। यस सम्बन्धमा भएका प्रयासहरूका सम्बन्धमा निम्नबमोजिमका अवस्था तथा धारणा पाइयोः

क. मुद्दाको मिसिलमा अभिभावक वा संरक्षकसमेतको ठेगाना र फोन नम्वर राख्ने गरिएको भए पनि उक्त उल्लिखित ठेगानामा समेत सम्पर्क हुन नसकेको,

ख. बालबालिकाको अभिभावक वा संरक्षकले निजहरुको सम्पर्क फोन नं. र ठेगानासमेत परिवर्तन गर्ने गरेको र परिवर्तन भएको कुरा अदालतलाई जानकारी दिने नगरेको। निजहरु अदालतलगायतमा सम्पर्कमा रहन इच्छुक नहुने भन्ने समाजसेवीहरु र प्रोवेशन अधिकारीसमेतको भनाई रहेको,

ग. अनुसन्धानकर्ताहरुले अध्ययन अनुसन्धानको क्रममा तहसिलदारबाट प्राप्त सम्पर्क नम्बरको आधारमा सजाय स्थगन गरिएको बालबालिकाको आमाबुवा तथा संरक्षक अभिभावकलाई सम्पर्क गर्न खोज्दा पनि सम्पर्क गर्न नसकिएको।

६. तीन वटा जिल्ला अदालतहरुमध्ये कुनै अदालतमा कानूनको विवादमा परेका बालबालिकाको हकमा छुट्टै अभिलेख राख्ने गरिएको र कुनै अदालतमा यस सम्बन्धी छुट्टै अभिलेख राख्ने नगरिएको हुँदा अभिलेख प्रणालीमा एकरुपतासमेत रहेको नपाइएको।

# परिच्छेद - आठ

## ८. अध्ययनको नतिजा, निष्कर्ष र सुझाव

### ८.१ अध्ययनको नतिजा

काठमाडौं उपत्यकामा रहेका काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला अदालतका बाल इजलासबाट विगत ३ आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा कसूर ठहर भएका मुद्दाहरुको अध्ययनबाट प्राप्त सूचना, तथ्याङ्क र सम्बन्धित पदाधिकारीहरुसँग लिएको अन्तर्वार्ताको आधारमा प्राप्त नतिजा निम्नानुसार रहेको छः

१. काठमाण्डौ उपत्यकाका तीन वटा जिल्ला अदालतहरुका बाल इजलासबाट कानूनको बिवादमा परेका बालबालिकाले कसूर गरेको ठहर गरी सजाय निर्धारण गरिएका १३३ वटा मुद्दाहरुको अध्ययनबाट २९ वटा (२१.८० प्रतिशत) लागु औषध मुद्दा, २८ वटा (२१.०५ प्रतिशत) चोरी, २२ वटा (१६.५४ प्रतिशत) डाँका, १२ वटा (९.०२ प्रतिशत) जबरजस्ती करणी र जबरजस्ती करणी उद्योग, ११ वटा (८.२७ प्रतिशत) अभद्र व्यवहार, ७ वटा (५.२६ प्रतिशत) नकबजनी चोरी, ६ वटा (४.५१ प्रतिशत) ज्यान मार्ने उद्योग, ४ वटा (३.०० प्रतिशत) बाल विवाह, ३ वटा (२.२५ प्रतिशत) कर्तव्य ज्यान, २/२ वटा (१.५० प्रतिशत) मुद्दा सामूहिक जबरजस्ती करणी, १/१ वटा (०.७५ प्रतिशत) मुद्दा डाँकाचोरी र गौवध, बाल यौन दुरुपयोग, आपराधिक उपद्रव, बहुबिवाह तथा बालविवाह र चोरी/लिखतसम्बन्धी मुद्दाहरुमा बालबालिकाहरु संलग्न रहेको पाइयो।

२. कानूनको विवादमा परेका बालबालिकाले कसूर गरेको ठहर गरी सजाय निर्धारण भै फैसला भएका जम्मा १३३ वटा मुद्दाहरुमध्ये ३४ वटा (२५.५६ प्रतिशत) मुद्दामा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन गर्ने गरी तथा सोही दफा ३६(५) को देहाय (क) मा व्यवस्था भएअनुसार अन्य गैरहिरासतीय उपायसमेतको उल्लेख गरी फैसलाबाट भएको देखिन्छ।

३. गैरहिरासतीय उपायको अबलम्बन गरी फैसला भएको ३४ वटा मुद्दाहरुमध्येबाट नमुनाको रुपमा छानिएका २२ वटा मुद्दाहरुमा थुनछेक आदेश हुँदा कानूनको विवादमा परेको बालबालिकालाई १८ वटा (८१.८१ प्रतिशत) मुद्दामा अभिभावक/संरक्षकको जिम्मा लगाउने आदेश भएको, ३ वटा (१३.६३ प्रतिशत) मुद्दा अदालतमा मुद्दा दायर भएकै दिन फैसला भएको र बाँकी १ वटा (४.५४ प्रतिशत) मुद्दामा धरौटी माग गर्ने गरी आदेश गरिएको पाइयो। नमुनाको रुपमा रहेका उक्त २२ थान मुद्दामध्ये कुनैमा पनि बाल सुधार गृहमा पठाई मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको पाइएन।

४. बाल इजलासबाट गैरहिरासतीय उपाय अवलम्बन गरी फैसला भएका २२ थान मुद्दाहरुमध्ये ६ वटा (२७.२७ प्रतिशत) चोरी, ५ वटा (२२.७२ प्रतिशत) लागु औषध, ३ वटा (१३.६३ प्रतिशत) डाँका चोरी, ३ वटा (१३.६३ प्रतिशत) बालविवाह, २ वटा (९.०९ प्रतिशत) अभद्र व्यवहार, १/१ वटा (४.५४ प्रतिशत) क्रमशः बालविवाह तथा बहुविवाह, बालयौन दुरुपयोग र जबरजस्ती करणीसम्बन्धी मुद्दा रहेको पाइयो।

५. अध्ययन गरिएको २२ वटा मुद्दाहरुमा बालबालिकाको उमेर समूह हेर्दा १५ वटा (६८.१८ प्रतिशत) मुद्दामा बालबालिका १६-१८ वर्ष उमेर समूहका, ६ वटा (२७.२७ प्रतिशत) बालबालिका १४-१६ वर्ष उमेर समूहका र १ वटा (४.५४ प्रतिशत) बालबालिका १०-१४ वर्ष उमेर समूहका रहेको पाइयो। यसबाट सजाय स्थगन भएका दुई तिहाईभन्दा बढी बालबालिका १६ देखि १८ वर्ष समूहका रहेको देखियो।

६. अध्ययन गरिएका २२ वटा मुद्दाहरुमध्ये ८ वटा (३६.३६ प्रतिशत) फैसलामा कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हित, ५ वटा (२२.७२ प्रतिशत) फैसलामा कानूनको विवादमा परेका बालबालिकाको उमेर, अवस्था र कसूर गर्दाको परिस्थिति, २ वटा (९.०९ प्रतिशत) फैसलामा कानूनको विवादमा परेका बालबालिकाको आफूले गरेको कसूरप्रति पश्चाताप गरेका व्यहोरा एवं बालबालिकाको सर्वोत्तम हित र २ वटा (९.०९ प्रतिशत) फैसलामा बालबालिकाले गरेको कसूरको प्रकृति एवं बालबालिकाको सर्वोत्तम हितलाई आधार मानेर फैसला गरेको पाइयो। त्यसैगरी १ वटा (४.५४ प्रतिशत) फैसलामा नियतवश कसूर गर्ने गरी कानूनको विवादमा परेका बालबालिकाको मस्तिष्क विकसित भई नसेकको अवस्थालाई आधार मानेर बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अनुसार सजाय स्थगन गरिएको पाइयो भने २ वटा (९.०९ प्रतिशत) फैसलामा सजाय स्थगन गर्दा कुनै पनि आधार उल्लेख नगरी सजाय स्थगन गरिएको पाइयो।

७. अधिकांश मुद्दामा सजाय स्थगन गर्दा कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिई उनीहरुको उमेर, अवस्था र कसूरको प्रकृति, कसूर गर्दाको परिस्थिति, कसूरप्रति पश्चाताप गरेको भन्ने कुरालाई मध्यनजर गरी सजाय स्थगन गरेको देखियो।

८. अध्ययन गरिएका २२ वटा फैसलाहरुमध्ये सबै जसो मुद्दामा बालबलिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन गरिएको पाइयो। यसरी सजाय स्थगन गर्दा २० वटा (९१ प्रतिशत) मुद्दामा शर्त नतोकी, १ वटा (४.५४ प्रतिशत) मुद्दामा शर्त तोकेर र १ वटा (४.५४ प्रतिशत) मुद्दामा परिवारको कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने समेतका सजायका अन्य स्वरुपबारे उल्लेख गरी सजाय स्थगन गरेको पाइयो।

९. अध्ययन गरिएका २२ वटा मुद्दामा भएका फैसलाहरुमध्ये जम्मा २ वटा मुद्दामा केही शर्तसमेत तोकी फैसला भएको देखिन्छ। जसमध्ये एउटा मुद्दामा कानूनको विवादमा परेका बालबालिकाले १० वर्षभित्रमा अर्को दण्डनीय कसूर गरेको ठहरेमा यस मुद्दामा ठहर भएको सजाय थप हुने गरी र अर्को मुद्दामा बालकको सर्वोत्तम हितसमेतलाई ध्यान दिई अबदेखि विज्याँईमा संलग्न नहुने र असल आचरणमा रहने गरी शर्तसमेत तोकी सजाय स्थगन गरेको पाइयो।

१०.अध्ययन गरिएका २२ वटा मुद्दाहरुको फैसलामा सबैभन्दा वढी (६३.६३ प्रतिशत) सजाय स्थगन तीन महिना वा सोभन्दा कम कैद सजाय भएका मुद्दाहरुमा गरेको पाइयो। साथै ३ वर्षभन्दा माथि कैद सजाय भएको ४.५४ प्रतिशत मुद्दामा सजाय स्थगन गरेको पाइयो।

११.बाल इजलासमा कार्यरत न्यायाधीश, प्रोवेशन अधिकारी (तहसिलदार), समाजसेवी र बालमनोविज्ञसँग लिएको अन्तर्वार्ताको विश्लेषणसमेतको आधारमा प्राप्त नतिजा निम्नानुसार रहेको पाइयोः

क. बाल इजलासमा मुद्दा हेर्ने न्यायाधीशको दोहोरो कार्य जिम्मेवारीले गर्दा बाल इजलासका मुद्दामा पर्याप्त समय दिन नसकेको।

ख. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७९ मा ब्यवस्था भएबमोजिम प्रत्येक जिल्लामा एकजना प्रोवेशन अधिकारीको नियुक्ति हुन नसकेको। नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जिल्ला अदालतमा कार्यरत तहसिलदारलाई प्रोवेशन अधिकारीको समेत कार्य गर्ने गरी तोकिएकोमा तहसिलदारको अन्य कार्य व्यस्तताले तहसिलदारलाई प्रोवेशन अधिकारीको भूमिका प्रभावकारी रुपमा सम्पादन गर्न कठिनाई भएको।

ग. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क) देखि (ङ) सम्मका गैरहिरासतीय उपायहरूको प्रर्वद्धन नभएको।

घ. बाल न्याय प्रशासनमा संलग्न हुने न्यायाधीश तथा अन्य कर्मचारीहरुलाई अभिमुखीकरण, तालिम र अन्तर्क्रिया कार्यक्रमको कमी रहेको।

ङ. अभिभावक वा संरक्षकको जिम्मा लगाइएका बालबालिकाको औपचारिक रुपमा अनुगमन गर्ने नगरिएको। अनुगमन गर्ने सम्बन्धी स्पष्ट व्यवस्था र संयन्त्र नहुँदा अनुगमन गर्न समेत कठिनाई रहेको।

च. गम्भीर किसिमको कसूरमा संलग्न रहेको ठहर गरी कैद सजाय निर्धारण गरिएका बालबालिकाको हकमा समेत सजाय स्थगन भएको अवधिभर निज बालबालिकाको अवस्था र स्थितिको बारेमा अनुगमन गर्ने नगरिएको। समाजसेवी र बालमनोबिज्ञको कार्य विवरण, सेवा सुविधा आदिका सम्बन्धमा स्पष्ट व्यवस्था नभएको।

छ. बाल अदालतको निर्णय कार्यान्वयनको स्थितिबारे समेत अनुगमन गर्नको लागि छुट्टै अभिलेख राख्ने गरेको नदेखिँदा यसबाट ती बालबालिकाको कसूरजन्य कार्यमा पुनः संलग्नताको बारेमा समेत जानकारी हुन सक्ने अवस्था नरहेको।

## ८.२ निष्कर्ष र सुझाव

कानूनको बिवादमा परेका बालबालिकालाई सही बाटोमा ल्याई निजहरुलाई परिवार, समाज र राष्ट्रप्रति जिम्मेवार नागरिक बनाउनु बाल न्यायको उद्देश्य हो। कानूनको विवादमा परेका बालबालिकालाई निजहरुबाट भएको कसूरजन्य कार्यको अनुसन्धानको क्रमदेखि नै गैरहिरासतीय उपाय अपनाई अनुसन्धान गर्ने, दिशान्तरण गर्ने एवम् न्यायिक कारवाहीको क्रममा समेत पुर्पक्ष गर्दा, सजाय स्थगन गर्दा वा सजाय स्वरुप तोकिएबमोजिमका अन्य कार्य गर्ने गरी निर्णय गर्दा गैरहिरासतीय उपाय अवलम्बन गर्न सकिने कानूनी व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ ले गरेको छ।

कानूनको बिवादमा परेका बालबालिकासम्बन्धी करिब एक चौथाई मुद्दामा मात्र बाल इजलासबाट निर्णय हुँदा गैरहिरासतीय उपायहरुको अवलम्बन गरेको देखिन्छ। ती गैरहिरासतीय उपायहरुमध्ये एक उपायको रुपमा रहेको सजाय स्थगन गर्ने सम्बन्धी व्यवस्थामध्ये पनि अधिकांश मुद्दामा शर्त नतोकी सजाय स्थगन गरेको देखियो। केही मुद्दामा शर्त तोकी बाबुआमाका जिम्मा लगाउने गरेको देखिए पनि तत्पश्चात् ती बालबालिकाको स्थिति र अवस्थाको बारेमा कुनै किसिमको अनुगमन गर्ने गरेको देखिएन। साथै सजाय स्वरुप गर्न सकिने अन्य गैरहिरासतीय उपायहरूको प्रर्वद्धन भएको पाइएन।

बाल न्यायको क्षेत्रमा विकास भएको नवीनतम अवधारणालाई समेत आत्मसात् गरी गैरहिरासतीय उपाय अपनाउनुपर्ने गरी ऐनमा रहेको व्यवस्था विविध कारणले गर्दा प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको देखिएन। बालबालिकासम्बन्धी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयनको लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

१. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) मा गरिएको कैद सजाय स्थगनसम्बन्धी व्यवस्था कैद सजायको एक उत्तम बिकल्प भएको हुँदा यस व्यवस्थाको व्यावहारिक प्रयोगमा देखिएका कानूनी, आचरणगत र व्यावहारिक समस्या तथा चुनौतीलाई समेत सम्बोधन गर्न निम्नानुसारको कानूनी तथा संस्थागत संरचनाको निर्माण यथाशक्य चाँडो गर्नुपर्नेः

   (क) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० को उपदफा (१) मा नेपाल सरकारले न्याय परिषदको सिफारिसमा आवश्यक संख्यामा बाल अदालतको गठन गर्न सक्ने व्यवस्था रहेको बाल अदालत गठन गर्नुपर्ने अन्तर्वार्ताहरुबाट सुझाव प्राप्त भएको र सर्वोच्च अदालतले समेत यथाशीघ्र बाल अदालतको गठन गर्न निर्देशनात्मक आदेश दिएको देखिँदा बाल अदालतको गठन यथाशीघ्र गर्नुपर्ने।

   (ख) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७९ मा प्रोवेशन अधिकारीको नियुक्ति गर्ने व्यवस्था रहेको भए पनि हालसम्म प्रोवेशन अधिकारीको नियुक्ति हुन नसकी जिल्ला अदालतमा कार्यरत तहसिलदारलाई प्रोवेशन अधिकारी तोकिएको छ। अदालतको नियमित कार्यभारको कारण निजहरुलाई सो भूमिका प्रभावकारी रुपमा निर्वाह गर्न कठिनाई रहेको देखिदा यथाशीघ्र प्रोवेशन अधिकारीको नियुक्ति गर्नुपर्दछ। तत्कालको लागि अन्य वैकल्पिक व्यवस्था गरी कुनै अधिकारीलाई जिम्मेवारी दिनुपर्ने। कम्तीमा पनि बढी कार्यभार हुने अदालतहरुमा यस्तो व्यवस्था अविलम्ब गर्नुपर्ने।

   (ग) बालन्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम २६ बमोजिम अनुसूची ८ मा तोकिएको बाल अदालतले गर्ने फैसलाको ढाँचाको १८ नम्वरपछि "सजाय स्थगन भएको वा सजाय स्वरुप अन्य कुनै निर्णय भएकोमा सो सजाय अवधिमा तोकिएको शर्त पालन गरे नगरेको अनुगमन गर्ने प्रकृया र जिम्मेवारी के कसको हुने हो सो कुरासमेत उल्लेख गर्ने" भन्ने कुरा सो नियमावलीमा संशोधन गरी थप गर्नुपर्ने।

   (घ) बालबालिकासम्बन्धी ऐन, २०७५ को मर्म र भावनाअनुरुप हुने गरी दफा ३६(५) बमोजिम सजाय स्थगन गरिएको र सजायस्वरुप अन्य निर्णय गरिएकोमा बालबलिकाले सो शर्त र निर्णयको पालना गरे नगरेको तथा बालबालिकाको स्थिति र अवस्थाको बारेमा अनुगमन गर्ने कार्यको लागि

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा रहेको प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धित काम, कर्तब्य, अधिकारलाई स्पष्ट गर्न अलग्गै निर्देशिका जारी गरी व्यवस्थित गर्नुपर्दछ।

(ङ) बालबालिकासम्बन्धी ऐन,२०७५ को दफा ३६(५) को उपदफा (क)(ख)(ग)(घ) र (ङ) मा उल्लेख गरिएको सजाय स्वरुपका अन्य निर्णयको कार्यान्वयनको लागि आवश्यक रहेको क्षेत्रगत निर्देशिका बनाई लागु गर्नुपर्दछ। साथै तत् तत् निकाय वा संस्थालाई समेत तोकिएबमोजिमको सेवा उपलब्ध गराउन सक्षम हुने गरी नेपाल सरकारले आवश्यक समन्वय र स्रोत साधन उपलब्ध गराउनु पर्दछ। यस सम्बन्धमा रहेको अन्तर्राष्ट्रिय अभ्यासलाई समेत मध्यनजर गरी अन्य सजायका स्वरुपको क्षेत्र बढाउनु आवश्यक छ।

(च) शर्त तोकी वा नतोकी वा सजाय स्वरुप बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) (क) देखि (ङ) मा उल्लिखित प्रावधानबमोजिम गर्ने गरी सजाय स्वरुप गैरहिरासतीय उपाय अवलम्बन गरिएका बालबालिकालाई तोकिएको कैद सजायको अवधि भुक्तान नहुँदासम्मको लागि जिल्ला बाल न्याय समितिको सचिवालयले समेत अनुगमन गर्ने स्पष्ट अख्तियारी प्रदान गर्नुपर्दछ।

२. बाल न्यायसम्बन्धी विषयमा अभिमुखीकरण तालिम तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरी दक्षता अभिवृद्धि गर्नेः

(क) बालन्याय, बालबालिकाको हकमा गैरहिरासतीय उपाय र यसको प्रयोगको विषयलाई समेटी न्याय सम्पादनमा संलग्न हुने न्यायाधीशहरुलाई लक्षित गरी अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम र कार्यशाला संचालन गर्ने।

(ख) जिल्ला अदालतमा कार्यरत प्रोवेशन अधिकारी (तहसिलदार) लाई तोकिएको हुँदा निजहरुको बाल न्याय सम्पादन प्रकृयामा रहने भूमिका, काम, कर्तव्य र जिम्मेवारी स्पष्ट गरी अभिमुखीकरण गर्ने।

(ग) न्यायिक प्रकृयामा संलग्न हुने इजलास अधिकृत तथा सम्बन्धित मुद्दा शाखाका कर्मचारीलाई समेत संलग्न गराई बाल न्यायको नवीनतम अवधारणा र मान्यता, नेपाल कानून, अभ्यास र कार्य सम्पादनमा निजहरुको भूमिका र दायित्वसमेतका विषयमा प्रशिक्षण कार्यक्रम संचालन गर्ने।

(घ) बाल न्याय प्रशासनमा संलग्न हुने समाजसेवीहरु र वालमनोविज्ञहरुलाई निश्चित समयको अन्तरालमा छलफल, समीक्षा र पुनर्ताजगी तालिम दिने प्रबन्ध गर्ने।

(ङ) तालिम प्रदायक संस्थाहरुले पनि बाल न्यायसम्बन्धी विषयमा केन्द्रित पाठ्यक्रम बनाई प्रशिक्षण कार्यक्रम संचालन गर्ने र न्याय तथा कानूनको विषयमा संचालन गरिने अन्य तालिम कार्यक्रममा पनि यो विषय समावेश गर्ने।

३. गैरहिरासतीय उपाय अवलम्बन गर्ने गरी फैसला भएका बालबालिकाको गोपनीयता कायम हुने गरी प्रत्येक जिल्ला अदालतले छुट्टै अभिलेख बनाइ केन्द्रीय अभिलेख प्रणालीमा आबद्ध हुने प्रणाली विकास गर्ने।

४. बाल इजलासको मुद्दा हेर्ने न्यायाधीशहरुले आफ्नो सकृयताले कार्यान्वयन गर्न सक्ने कुराहरुमा अग्रसरता लिई सजाय स्थगन गर्ने गरी फैसला गर्दा नै सो स्थगन गरिएको सजायको बारेमा अनुगमन गर्ने तरिका र अनुगमन गर्ने अधिकारी स्पष्ट रुपमा उल्लेख हुन सकेमा र बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउँदा नै निजहरुलाई जिम्मेवार बनाउने विषय उल्लेख हुन सकेमा अनुगमन प्रकृयालाई व्यवस्थित गर्न सघाउ पुग्ने देखिँदा त्यसतर्फ ध्यानाकर्षण हुनुपर्ने।

५. **अनुगमन गर्ने प्रणालीको विकास गर्नेः** गैरहिरासतीय उपाय अवलम्बन गर्ने गरी फैसला भएका मुद्दाहरुमा संलग्न रहेका बालबालिकाको सजाय स्थगनमा उल्लिखित शर्तको पालना भए नभएको तथा निज बालबालिकाको अवस्था, अन्य व्यवहार, पढाई लेखाइको स्थिति, घर परिवार र समाजमा निजको सम्बन्धसमेतका विषयमा आवधिक रुपमा प्रोवेशन अधिकारीले निजको अभिभावकसँग समेत बुझी अनुगमन प्रतिवेदन अदालतले लिने प्रबन्ध मिलाउने।

६. **समाजसेवी र बालमनोविज्ञको भूमिकालाई स्पष्ट र प्रभावकारी बनाउनेः** बाल न्यायको न्यायिक प्रकृयामा समाजसेवी र वालमनोविज्ञको काम, कर्तव्य, जिम्मेवारी र भूमिका स्पष्ट गरी निजहरुको कार्य विवरण तयार गर्ने र बालबालिकालाई सजाय स्थगन गरिएको अवधिसम्म आवधिक रुपमा अनुगमन गरी तोकिएको ढाँचामा अदालतमा प्रतिवेदन दिने प्रबन्ध मिलाउने।

७. **अभिभावक वा संरक्षकलाई जिम्मेवार बनाउनेः** बाबुआमा, अभिभावक वा संरक्षकलाई निजहरुको जिम्मा लगाइएकोमा निजहरुले कैद सजाय स्थगन गरिएको समयावधिसम्म आवधिक रुपमा बालबालिकाको स्थिति र अवस्थाको बारेमा तोकिएबमोजिमको जानकारी दिनुपर्ने व्यवस्था गर्ने। साथै निजहरुको सम्पर्क नं. र बसोबास गरी आएको ठेगाना परिवर्तन भएमा अनिवार्य रुपमा जानकारी दिनुपर्ने गरी अभिभावक वा संरक्षकलाई जिम्मेवार बनाउने। यस कार्यको लागि स्थानीय तहको समेत सहयोग लिने संस्थागत प्रवन्ध गर्ने।

८. **समुदायसँगको सम्बन्ध सुदृढ गर्नेः** कानूनको विवादमा परी सजाय स्थगन भएका बालबालिकालाई आवश्यकताअनुसार समुदायसँगको सम्बन्ध सुदृढ गर्न र उनीहरुको सामाजिक पुनः सम्मिलनलाई सहज बनाउन मनोवैज्ञानिक, सामाजिक परामर्श तथा भौतिक सहायता उपलब्ध गराउन तथा कानूनी सचेतना मूलक कार्यक्रम संचालन गर्न स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरुसँग मिलेर कार्य गर्नुपर्ने।

९. **कानूनी सचेतना कार्यक्रम संचालन गर्नेः** कानूनको विवादमा परेका बालबालिकाप्रति समाजले हेर्ने दृष्टिकोणलाई सकारात्मक बनाउन बाल न्यायको बारेमा कानूनी सचेतना कार्यक्रम संचालन गर्ने।

# अनुसूची १

## अन्तर्वार्ता प्रश्नावली नं. १

## राष्ट्रिय न्यायिक प्रतिष्ठान

## गैरहिरासतीय उपायसम्बन्धी व्यवस्था कार्यान्वयनको सन्दर्भमा अन्तर्वार्ता प्रश्नावली

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन वा सजायस्वरुप दफा ३६(५)(क)(ख)(ग)(घ)(ङ) मा भएका व्यवस्थाहरु बाल इजलासबाट कार्यान्वयन भएको वा नभएको, भएको भए कार्यान्वयनका अवस्था र प्रकृतिको तथ्याङ्क संकलन गरिने उद्देश्यले यो प्रश्नावली तयार गरिएको हो। उपरोक्त विषयमा यस प्रश्नावलीअनुसार सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध छ। यस प्रश्नावलीबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरु विशुद्ध अनुसन्धान र प्राज्ञिक प्रयोजनको लागि मात्र प्रयोग गरिनुका साथै सूचनादाताको पहिचान गोप्य राखिनेछ।

**जिल्ला अदालतको नामः** श्री

**माननीय जिल्ला न्यायाधीशको नामः.................................**

१. गैरहिरासतीय उपायसम्बन्धी अवधारणा वा कानूनी व्यवस्थाका सन्दर्भमा यहाँको विचार प्रस्तुत गरिदिनुहुन अनुरोध छ।

.......................................................................................................................

२. बालबालिकासम्बन्धी ऐन, २०७५ लागु भएपश्चात आ.व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ भित्र श्री काठमाण्डौ जिल्ला अदालत, भक्तपुर जिल्ला अदालत र ललितपुर जिल्ला अदालतमा कानूनको विवादमा परेका बालबालिकाको विभिन्न मुद्दाहरुमा अभियोग मागदावीअनुसार कसूर ठहर भएका जम्मा १३३ वटा मुद्दाहरुमध्ये ३४ वटा अर्थात २५.५६% मुद्दाहरुमा मात्र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को प्रयोग गरिएको पाइएको छ। यसरी न्यून संख्यामा मात्र सो दफाको प्रयोग तथा कार्यान्वयन हुनुको कारणहरु बुदाँगत रुपमा खुलाई दिनुहुन अनुरोध छ।

.......................................................................................................................

३. अभियोग मागदावीबमोजिम कसूर ठहर गरी फैसला गर्दा सजाय स्थगन गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिकालाई सजाय स्थगनको अवधिभित्र उनीहरुको स्थिति वा अवस्थाको सम्बन्धमा औपचारिक रुपमा अनुगमन/निगरानी/निरीक्षण गर्ने गरिएको वा नगरिएको व्यहोरा खुलाई दिनुहुन अनुरोध छ।

३.१ छ भने, कति मुद्दामा, कति पटक, कसद्वारा।

.......................................................................................................................

४. बाल न्याय प्रशासनसँग सम्बन्धित प्रशिक्षण/कार्यशाला/अन्तर्क्रिया आदिमा सहभागी हुनुभएको छ भने सोको संक्षिप्त व्यहोरा बुँदागत रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ।

.......................................................................................................................

४.१ छ भने, कसले आयोजना गरेको (अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरको)।

.......................................................................................................................

५. गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने उपायहरुको सम्बन्धमा बुँदागत रुपमा उल्लेख गरिदिनुहुन अनुरोध छ।

.......................................................................................................................

६. गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयनका चुनौतीहरू उल्लेख गरिदिनुहुन अनुरोध छ।

.......................................................................................................................

## अन्तर्वार्ता प्रश्नावली नं. २

## राष्ट्रिय न्यायिक प्रतिष्ठान

### गैरहिरासतीय उपायसम्बन्धी व्यवस्था कार्यान्वनयको सन्दर्भमा अन्तर्वार्ता प्रश्नावली

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन वा सजायस्वरुप दफा ३६(५)(क)(ख)(ग)(घ)(ङ) मा भएका व्यवस्थाहरु बाल इजलासबाट कार्यान्वयन भएको वा नभएको, भएको भए कार्यान्वयनका अवस्था र प्रकृतिको तथ्याङ्क संकलन गरिने उद्देश्यले यो प्रश्नावली तयार गरिएको हो। उपरोक्त विषयमा यस प्रश्ननावलीअनुसार सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध छ। यस प्रश्नावलीबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरु विशुद्ध अनुसन्धान र प्राज्ञिक प्रयोजनको लागि मात्र प्रयोग गरिनुका साथै सूचनादाताको पहिचान गोप्य राखिनेछ।

**जिल्ला अदालतको नामः** श्री

**श्रेस्तेदार/तहसिलदार/प्रोवेशन अधिकृतको नामः.........................................**

१. गैरहिरासतीय उपायसम्बन्धी अवधारणा वा कानूनी व्यवस्थाका सन्दर्भमा तपाइको विचार उल्लेख गरिदिनुहोस्। (जिम्मेवारी तोकिएको प्रक्रियासम्बन्धी सूचना)।

.........................................................................................................................................

२. बालबालिकासम्बन्धी ऐन, २०७५ लागु भएपश्चात आ.व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ भित्र श्री काठमाण्डौ जिल्ला, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतबाट कानूनको विवादमा परेका बालबालिकाका विभिन्न मुद्दाहरुमा अभियोग मागदावीअनुसार कसूर ठहर भएका जम्मा १३३ वटा मुद्दाहरुमध्ये ३४ वटा मुद्दामा मात्र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को प्रयोग गरिएको पाइएको छ। यसरी न्यून संख्यामा सो दफाको प्रयोग तथा कार्यान्वयन हुनुको कारणहरु बुदाँगत रुपमा उल्लेख गरिदिनुहोस्।

.........................................................................................................................................

३. सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिकालाई सजाय स्थगनको अवधिभित्र उनीहरुको स्थिति वा अवस्थाको सम्बन्धमा औपचारिक रुपमा अनुगमन/निगरानी/निरीक्षण गर्ने गरिएको वा नगरिएको व्यहोरा बताई दिनुहोस् ।

.........................................................................................................................................

३.१ छ भने, कहिले कहिले, कति पटक, कुन कुन मुद्दामा।

.........................................................................................................................................

४. बालबलिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क)(ख)(ग)(घ)(ङ) बमोजिम सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिका पुनः कानूनको विवादमा परेको अवस्था पाउनु भएको वा नभएको सम्बन्धी व्यहोरा खुलाई दिनुहोस्।

.........................................................................................................................................

४.१ अनुगमन नगरेका भए, जानकारी पाएको माध्यम वा स्रोतसमेत।

..........................................................................................................................

५. बाल न्याय प्रशासनसँग सम्बन्धित प्रशिक्षण/कार्यशाला/अन्तरक्रिया आदिमा सहभागी हुनुभएको छ भने सोको संक्षिप्त व्यहोरा बुँदागत रुपमा उल्लेख गरिदिनुहोस्।

..........................................................................................................................

५.१ छ भने, कसले आयोजना गरेका (अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरको)।

..........................................................................................................................

६. गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने उपायहरुको सम्बन्धमा बुँदागत रुपमा उल्लेख गरिदिनुहोस्।

..........................................................................................................................

७. गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयनका चुनौतीहरू उल्लेख गरिदिनुहुन अनुरोध छ।

..........................................................................................................................

८. श्रेस्तेदार/तहसिलदार/प्रोवेशन अधिकृतका भूमिका तथा जिम्मेवारीका सम्बन्धमा तपाइँको धारणा बताइदिनुहोस्। (कुनै धारणा भए)

..........................................................................................................................

## अन्तर्वार्ता प्रश्नावली नं. ३

## राष्ट्रिय न्यायिक प्रतिष्ठान

## गैरहिरासतीय उपायसम्बन्धी व्यवस्था कार्यान्वयनको सन्दर्भमा अन्तर्वार्ता प्रश्नावली

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम सजाय स्थगन वा सजायस्वरुप दफा ३६(५)(क)(ख)(ग)(घ)(ङ) मा भएका व्यवस्थाहरु बाल इजलासबाट कार्यान्वयन भएको वा नभएको, भएको भए कार्यान्वयनका अवस्था र प्रकृतिको तथ्याङ्क संकलन गरिने उद्देश्यले यो प्रश्नावली तयार गरिएको हो। उपरोक्त विषयमा यस प्रश्ननावलीअनुसार सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध छ। यस प्रश्नावलीबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरु विशुद्ध अनुसन्धान र प्राज्ञिक प्रयोजनको लागि मात्र प्रयोग गरिनुका साथै सूचनादाताको पहिचान गोप्य राखिनेछ।

**जिल्ला अदालतको नामः** श्री

**१. समाजसेवी/बालमनोविज्ञ वा बाल बिशेषज्ञको नामः.........................................**

१.१ आवद्ध भएको मितिः

१.२ संलग्न भएको मुद्दाको संख्याः

१.३ संलग्न भएको तहगत अवस्थाः

क) सामाजिक अध्ययन प्रतिवेदनको तह।
ख) अदालतमा रायको तह।
ग) फैसलाका कार्यान्वयनको तह।
घ) बालबालिकाको पुनर्स्थापना वा सुधारको तह।

२. गैरहिरासतीय उपायसम्बन्धी अवधारणा वा कानूनी व्यवस्थाको सन्दर्भमा तपाईंको विचार उल्लेख गरिदिनुहोस्।

.......................................................................................................................

३. यहाँले गैरहिरासतीय उपायसम्बन्धी राय वा सल्लाह दिनु भएको मुद्दाको संख्या उल्लेख गरिदिनुहोस्।

.......................................................................................................................

४. बालबालिकासम्बन्धी ऐन, २०७५ लागु भएपश्चात आ.व. २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ भित्र श्री काठमाण्डौ जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतबाट कानूनको विवादमा परेका बालबालिकाको विभिन्न मुद्दाहरुमा अभियोग मागदावीअनुसार कसूर ठहर भएका जम्मा १३३ वटा मुद्दाहरुमध्ये ३४ वटा मुद्दामा मात्र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को प्रयोग गरिएको पाइएको छ। यसरी न्यून संख्यामा सो दफाको प्रयोग तथा कार्यान्वयन हुनुको कारणहरु बुँदागत रुपमा उल्लेख गरिदिनुहोस्।

.......................................................................................................................

५. सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिकालाई सजाय स्थगनको अवधिभित्र उनीहरुको स्थिति वा अवस्थाको सम्बन्धमा औपचारिक रुपमा अनुगमन/निगरानी/निरीक्षण गर्ने गरिएको वा नगरिएको व्यहोरा उल्लेख दिनुहोस्।

.................................................................................................................................

५.१ छ भने, कहिले कहिले, कति पटक, कुन कुन मुद्दामा।

.................................................................................................................................

६. सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएको बालबालिकामा सुधार आएको वा नआएको सम्बन्धी व्यहोरा उल्लेख गरीदिनुहोस्।

.................................................................................................................................

६.१ अनुगमन नगरेका भए जानकारी पाउनु भएको माध्यम।

.................................................................................................................................

७. सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएको बालबालिका पुनः कानूनको विवादमा परेको अवस्था पाउनु भएको वा नभएको सम्बन्धी व्यहोरा खुलाइदिनुहोस्।

.................................................................................................................................

७.१ अनुगमन नगरेका भए जानकारी पाउनु भएको अन्य माध्यम।

.................................................................................................................................

८. वाल न्याय प्रशासनसँग सम्बन्धित प्रशिक्षण/कार्यशाला/अन्तर्क्रिया आदिमा सहभागी हुनुभएको छ भने सोको संक्षिप्त व्यहोरा उल्लेख गरिदिनुहोस्।

.................................................................................................................................

८.१ छ भने, कसले आयोजना गरेका (अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरको)।

.................................................................................................................................

९. सजाय स्थगन वा गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने कार्य तथा उपायहरुको सम्बन्धमा बुँदागत रुपमा उल्लेख गरिदिनुहोस्।

.................................................................................................................................

१०. गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयनका चुनातीहरू उल्लेख गरिदिनुहोस्।

.................................................................................................................................

# अनुसूची २

**बाल इजलासमा कार्यरत न्यायाधीश, प्रोवेशन अधिकारी (तहसिलदार), समाजसेवी र बालमनोविज्ञसँग लिएको अन्तर्वार्तामा उल्लेख गर्नु भएका विषयवस्तु।**

**१. जिल्ला अदालतका न्यायाधीशहरु**

**तालिका नं. १**

| क्र.सं. | प्रश्न | जवाफ |
|---|---|---|
| १. | गैरहिरासतीय उपायसम्बन्धी अवधारणा र नेपालको कानूनी व्यवस्थाको बारेमा यहाको धारणा। | • यो व्यवस्था अवधारणागत र कानूनी रुपमा स्पष्ट रहेको, बालबालिकाको सर्बोत्तम हितको लागि यो व्यवस्था राम्रो रहेको,<br>• तर व्यावहारिक रुपमा प्रयोगमा कठिनाइ रहेको। सजाय स्थगन गर्दा मुद्दाको प्रकृति, कसूर गर्दाको शैली, कानूनको विवादमा परेका बालबालिकाको उमेर, शैक्षिक अवस्था, निजको सुरक्षा र स्वास्थ्य अवस्थासमेत मध्यनजर गरेर अपनाउने गरिएको,<br>• तहसिलदारको जिम्मेवारी वढी भएको हुँदा कार्य ब्यस्तताको कारणले निजले प्रोबेशन अधिकृतको जिम्मेवारी प्रभावकारी रुपमा गर्न कठिनाई हुने हुँदा निजहरुलाई प्रोवेशन अधिकृत तोक्नु राम्रो होईन,<br>• कानून समय सापेक्ष आएको छैन, यद्यपि नोबेल कोरोना भाइरस (Covid-१९) को महामारीको समयमा यो व्यवस्था केही प्रभावकारिता देखिएको,<br>• बाबुआमा वा संरक्षकको जिम्मामा छाडिएका बालबालिकाको अवस्था सुध्रिएको देखिएको छैन। कानूनको विवादमा परेका बालबालिकाको मुद्दा संख्या धैरै भएको जिल्लामा बाल अदालत गठन गर्न आवश्यक रहेको,<br>• अपवादको रुपमा विशेष अवस्थामा वावु आमाले छोराछोरीलाई जिम्मा लिएर आफूसँग राख्न नचाहने गरेको पनि देखिएको। |

| | | |
|---|---|---|
| २. | बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को सजाय स्थगनसम्बन्धी व्यवस्थाको प्रयोग न्यून मात्रामा हुनुको कारणहरु। | • पूर्वाधार विकास नगरी कानून ल्याएको,<br>• सरोकारवाला निकायका पदाधिकारीहरुलाई प्रशिक्षणको अभाव,<br>• Follow Up को Part अलि कमजोर रहेको,<br>• बालबालिकाको उमेर १६ वर्षबाट बढाएर १८ वनाउँदा न्यून कार्यान्वयन भएको यो उमेर समूहका बालबालिका जघन्य र गम्भीर प्रकृतिको मुद्दासमेत संलग्न हुने हुँदा यस प्रकृतिका मुद्दाको चापमा वृद्धि,<br>• बालबालिका पुनः कानूनको विवादमा परी दोहोरिएर आउने,<br>• कानूनको विवादमा परेका बालबालिका समाजमा हुने त्रास तथा आशंकाबाट मुक्त राख्नुपर्ने अवस्थाका कारण,<br>• कानूनको विववादमा परेका वालबालिका र सोही मुद्दामा संलग्न वयस्कको विचमा उमेर अन्तर धेरै नभएको अवस्थामा सजाय स्थगन गर्दा नकारात्मक असर पर्ने भएको कारण,<br>• बालबालिका जिम्मा लगाउँदा अभिभावकको उपस्थिति नै नहुने भएको कारण पनि कम मात्रामा हुने,<br>• थुनछेकमा अभिभावकको जिम्मा लगाएका बालबालिका फैसला हुँदासम्म वेपत्ता भैसकेको हुने,<br>• अदालतको आफ्नै छवि र जनविश्वासले गर्दा सजाय स्थगन गर्न नसकेको। |
| ३. | अभियोग मागदावीबमोजिम कसूर ठहर गरी फैसला गर्दा सजाय स्थगन गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिकालाई सजाय स्थगनको अवधिभित्र उनीहरुको स्थिति वा अवस्थाको | • अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका अभिभावकको औपचारिक रुपमा अनुगमन गर्ने नगरिएको, |

| | | |
|---|---|---|
| | सम्बन्धमा औपचारिक रुपमा अनुगमन/ निगरानी/निरीक्षण गर्ने गरिएको वा नगरिएको। | • न्यायाधीशको प्राथमिकतामा मुद्दा फछ्र्यौट पर्ने हुँदा अनुगमनको पाटोमा ध्यान दिन नसकिएको,<br>• अनुगमन गर्ने संयन्त्र नहुँदा अनुगमन कसले गर्ने सो स्पस्ट गरी अनुगमनको लागि छुट्टै संयन्त्र खडा गरिनुपर्ने,<br>• २०७८।०७९ मा काठमाडौं जिल्ला अदालतबाट एउटा मुद्दामा स्कुलवाट ४ महिनासम्म प्रतिवेदन दिने भनि आदेश भएकोमा प्राप्त प्रतिवेदनअनुसार पढाईमा सुधार भएको भन्ने देखिएको भनी उल्लेख भएको। |
| ४. | बाल न्याय प्रशासनसँग सम्बन्धित प्रशिक्षण/कार्यशाला/अन्तर्क्रिया आदिमा यहांले सहभागी हुने अवसर पाउनु भए नभएको। | • छलफलमा संलग्न जिल्ला न्यायाधीशमध्ये एक जना वालन्यायमा नै LL.M गर्नु भएको,<br>• अन्यले वालन्यायसम्वन्धी रा. न्या. प. वाट संचालित वालन्याय प्रशासनसँग सम्वन्धित प्रशिक्षण कार्यक्रममा सहभागी हुनु भएको। |
| ५. | गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयनमा रहेका समस्या र चुनौतीहरू। | • बालबालिकाको उमेर १६ वर्षवाट १८ वनाइएको र यस उमेर समूहका ब्यक्ति बढी मात्रामा गम्भीर र जघन्य कसूरमा संलग्न हुने,<br>• पुर्वाधार विकास नगरी कानून कार्यान्वयन गर्न गाह्रो हुनु,<br>• तहसिलदारलाई प्रोवेशन अधिकृत तोकिनु,<br>• सम्बन्धित सरोकारवालाहरुलाई तालिम नदिइनु,<br>• समाजसेवी र वालमनोविज्ञको भूमिका स्पस्ट नहुनु,<br>• मुद्दासँग सम्वन्धित बालबालिकाको आमावावु वा बालबालिका सम्पर्कमा नआउने,<br>• सानातिना मुद्दामा सजाय स्थगनमा परेका बालबालिका पटक पटक कानूनको विवादमा पर्ने गरेको,<br>• अनुगमन प्रणालीको बारेमा स्पष्ट व्यवस्था र अनुगमन गर्ने संयन्त्र नहुनु। |

| | | |
|---|---|---|
| ६. | गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने उपायहरु। | • अनुगमन कसले गर्ने हो स्पष्ट गरी हरेक जिल्लामा अनुगमन गर्ने छुट्टै संयन्त्र बनाउनु पर्ने, अदालतवाट गर्ने हो भने छुट्टै एकाई वनाउनु पर्ने,<br>• न्यायाधीश, तहसिलदार, बाल इजलासका कर्मचारीहरुलाई तालिम दिनुपर्ने,<br>• कानूनबमोजिम प्रोवेशन/प्यारोल अधिकृतको नियुक्ति गरिनुपर्ने,<br>• बाल इजलासमा मुद्दा हेर्ने १ नं न्यायाधीशको इजलास अधिकृतलाई प्रोवेशन अधिकृतलाई तोक्नुपर्ने,<br>• वढी कार्यवोझ नभएको जिल्लामा मात्र तहसिलदारलाई प्रोवेशन अधिकृत तोक्नुपर्ने,<br>• समाजसेवी, वालमनोविज्ञको भूमिका स्पस्ट गरी निजहरुलाई पुनःताजगी तालिम दिनुपर्ने,<br>• वाल अदालतको गठन गरिनुपर्ने। हाललाई बढी मुद्दा रहेको जिल्ला काठमाण्डौमा वाल अदालत Piloting को रुपमा गठन गरिनुपर्ने,<br>• कानून बनाउनु भन्दा अगाडि पूर्वाधार खडा गरिनुपर्ने। |

## २. प्रोवेशन अधिकृत (तहसिलदार)

**तालिका नं. २**

| क्र.सं. | प्रश्न | जवाफ |
|---|---|---|
| १. | बाल न्याय प्रशासनमा गैरहिरासतीय उपायसम्बन्धी अवधारणा र नेपालको कानूनी व्यवस्थाको बारेमा यहाँको धारणा। | • सैद्धान्तिक र कानूनी रुपमा स्पष्ट रहेको,<br>• तर तहसिलदारलाई कुनै विषय विज्ञता/तालिम विना प्रोबेशन अधिकारीको जिम्मेवारी तोकिनु व्यावहारिक रुपमा जोखिमपूर्ण रहेको,<br>• यो विषयमा ज्ञान भएको व्यक्तिलाई जिम्मेवारी दिनु उपयुक्त हुने, |

| | | |
|---|---|---|
| | | • तहसिलदारको अन्य कार्यब्यस्तताले गर्दा यस सम्बन्धमा चाहिने जति ध्यान पुऱ्याउन नसकिएको। |
| २. | कानूनको विवादमा परेका बालबलिकालाई कसूर ठहर गरी निर्धारण गरिएको कैद सजाय स्थगन गर्न सकिने सम्बन्धी व्यवस्था (बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को प्रयोग न्यून संख्याका मुद्दामा मात्र हुनाको कारण। | • मुद्दाहरु जटिल प्रकृतिका भएर,<br>• गम्भीर र जघन्य मुद्दामा यो उपाय अवलम्बन नगरिएको,<br>• सम्बन्धित कार्यान्वयनकर्ता सरोकारवालाहरुलाई तालिमको आवश्यकता रहेको,<br>• पुरानो मनोभावनाबाट माथि उठ्न नसकेको,<br>• बालबालिकाको शारीरिक वनावट,<br>• सामाजिक सुरक्षा,<br>• कतिपय बालबालिकाका अभिभावकले जिम्मा लिन अनुरोध गर्दा स्वीकार नगर्ने। |
| ३. | सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिकालाई सजाय स्थगनको अवधिभित्र उनीहरुको स्थिति वा अवस्थाको सम्बन्धमा औपचारिक रुपमा अनुगमन/निगरानी/ निरीक्षण गर्ने गरिएको वा नगरिएको। | • अनुगमन गर्ने गरेको छैन। |
| ४. | बालबलिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५)(क)(ख)(ग)(घ)(ङ) बमोजिम सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिका पुनः कानूनको विवादमा परेको अवस्था पाउनु भएको वा नभएको। | • प्रतिवेदन नबुझाएको हुदा थाहा नभएको,<br>• पुनः कानूनको विवादमा परी आएको हालसम्म नपाएको। |
| ५. | बाल न्याय प्रशासनसँग सम्बन्धित प्रशिक्षण/ कार्यशाला/अन्तरक्रिया आदिमा सहभागिता भए नभएको। | • यस किसिमको छुट्टै कुनै पनि तालिम नपाएको। |

| | | |
|---|---|---|
| ६. | गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयनका समस्या र चुनौतीहरू। | • समग्रतामा तहसिलदारलाई प्रोवेशन अधिकृतको जिम्मेवारी दिनु,<br>• मुद्दाको चापको आधारमा जिम्मेवारी तोकिनु पर्नेमा सो नगरिएकोले थप बोझ बढेको,<br>• विना तालिम, आफ्नै जिम्मेवारी बढी भएको व्यक्ति तहसिलदारलाई प्रोवेशन अधिकृतको थप जिम्मेवारी तोकेर काम लगाउनु,<br>• विषय विज्ञता बिना प्रोवेशन अधिकृत तोकिनु,<br>• अनुगमन प्रणाली चुस्त नहुनु,<br>• कानूनी अडचन केही हदसम्म रहेको,<br>• अनुगमन तथा निरीक्षण गर्ने कार्यमा समस्या रहेको। |
| ७. | गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने उपायहरु। | • सम्बन्धित सबै सरोकारवाला न्यायाधीश, बाल इजलासका अधिकृतसमेतलाई तालिम दिनुपर्ने,<br>• मुद्दाको चाप हेरेर तहसिलदारलाई प्रोवेशन अधिकृत तोकिनुपर्ने,<br>• प्रोवेशन अधिकृतको पद छुट्टै तोकिनु पर्ने र सकेसम्म चाँडो तोकिनु पर्ने,<br>• मनोविज्ञान पढेको भएमा प्रभावकारी कार्यान्वयनको लागि अझ सहज हुने,<br>• व्यावहारिक तरिकाले जिम्मेवारी तोकिनुपर्ने,<br>• अनुगनमको पाटोलाई प्रभावकारी बनाउनु पर्ने,<br>• अभिभावकबाट सहयोग प्राप्त गर्न नसकिएको,<br>• अनुगमन तथा निरीक्षण हुने नगरेको,<br>• प्रोवेशन अधिकृत तोकिएको तर कुनै प्रशिक्षण, अन्तरक्रिया नगरिएको,<br>• थप आर्थिक सुविधा नभएको। |

| | | |
|---|---|---|
| ८. | श्रेस्तेदार/तहसिलदार/प्रोवेशन अधिकृतका भूमिका तथा जिम्मेवारीका सम्बन्धमा यहाको धारणा। | प्रोवेशन अधिकृतका भूमिका जिम्मेवार भूमिका हो। यसको लागि छुट्टै साधन स्रोत, दरबन्दी हुनु आवश्यक हुन्छ। तहसिलदारलाई यो भूमिका दिइएको, तर निजलाई यस सम्बन्धी कुनै तालिम/अभिमुखीकरण दिइएको छैन। यसले समस्या निम्त्याएको छ। सजाय स्थगन गर्दा अभिभावकको जिम्मा लगाउँदा बालबालिकामा सुधार भएको पाइएको छ। सुधारकेन्द्रबाट आउँदा बालबालिकाले आफूले अपराध गरेको महसुस गर्ने, तर अभिभावकसँग वस्दा त्यस्तो महसुस नहुने र पुनः त्यस्तो गल्ती नदोहोऱ्याउने सम्भावना बढी हुने देखिएको। |

## ३. समाजसेवी /बालमनोविज्ञ

**तालिका नं. ३**

| क्र.सं. | प्रश्न | जवाफ |
|---|---|---|
| १. | कार्य अनुभव प्रतिबेदन दिएको मुद्दा संख्या र मुद्दामा संलग्न भएको तहगत अवस्था। | • विगत ७ देखि १५ वर्षको कार्यानुभव रहेको,<br>• संलग्न मुद्दाको संख्या ६०० भन्दा बढी (दुईजना),<br>• २५० भन्दा बढी मुद्दामा प्रतिबेदन दिन संलग्न भएको (एक जना),<br>• संलग्न भएको तहगत अवस्थाः थुनछेकपछि, सामाजिक अध्ययन प्रतिवेदन दिने क्रममा। |
| २. | गैरहिरासतीय उपायसम्बन्धी अवधारणा वा कानूनी व्यवस्थाको बारेमा यहाँको धारणा। | • राम्रो रहेको तर यसको कार्यान्वयनको पाटो भने कमजोर रहेको,<br>• व्यावहारिक कठिनाई धेरै रहेको जस्तैः पक्ष विपक्षको रुपमा हेर्ने गरेको, डर धाक धम्की आउने गरेको, कुन मुद्दामा फैसला भयो, कहिले भयो सो कुरा नै जानकारी नहुने, अदालतमा पीडित र पीडक एकै ठाउँमा बस्नुपर्ने जस्ता समस्या रहेका कानूनमा भएका व्यवस्था मात्रै कार्यान्वयन गराउन सके धेरै हुने। |

| | | |
|---|---|---|
| ३. | गैरहिरासतीय उपायसम्बन्धी राय वा सल्लाह दिनु भएको मुद्दाको संख्या। | • २५० भन्दा बढी मुद्दामा प्रतिबेदन दिन संलग्न भएको। वर्षको लगभग ८०/९० वटा मुद्दा हेर्ने गरेको, |
| ४. | बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(५) को प्रयोग न्यून मुद्दामा हुनुका कारणहरु। | • मुद्दाका प्रकृतिमा देखिएका जटिलता,<br>• बालबालिका पुनः कानूनको विवादमा पर्नु (चोरी, लागु औषध मुद्दामा बढी बालबालिका दोहोरिएर आउने गरेको),<br>• स्थगन गर्ने मनोभावनामा कमी,<br>• कानूनको फितलो कार्यान्वयन,<br>• सचेतना कार्यक्रमको कमी,<br>• समाजसेवीको प्रतिवेदन र भूमिकालाई महत्व नदिइनु,<br>• पछि मात्रै कानून आएको हुँदा प्रचार प्रसारमा कमी भएको,<br>• सम्बन्धित सरोकारवालाहरुलाई संलग्न गराई तालिम, सेमिनार र गोष्ठी नहुनु। |
| ५. | सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका बालबालिकालाई सजाय स्थगनको अवधिभित्र उनीहरुको स्थिति वा अवस्थाको सम्बन्धमा औपचारिक रुपमा अनुगमन/ निगरानी/ निरीक्षण गर्ने गरिएको वा नगरिएको। | • औपचारिक रुपमा अनुगमन गर्ने गरिएको छैन,<br>• अभिभावकहरुमा अदालतको कसैसँग पनि भेट्न नचाहने प्रवृति देखिएको, अभिभावकले बालबालिकालाई जिम्मा लिएपछि सम्पर्कमै नरहने,<br>• उपलब्ध गराएको सम्पर्क नम्वर परिवर्तन गर्ने तथा बसोबास गरेको स्थान नै परिवर्तन गर्ने हुँदा अनुगमनमा समस्या देखिएको। |
| ६. | सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएको बालबालिकाको अवस्थामा सुधार आएको वा नआएको। | • यस विषयमा अनुगमन गर्ने नगरिएको हुँदा अभिभावकको जिम्मामा छाडिएका बालबालिकामा सुधार आए नआएको जानकारी हुन नसकेको,<br>• कोभिडको समयमा केन्द्रीय बाल कल्याण समन्वय समितिबाट Follow-up गर्न भनिएकोमा सो अनुसार अनुगमन गर्दा कतिपयमा सुधार आएको पाइएको, |

| | | |
|---|---|---|
| | | • केन्द्रीय बाल कल्याण समन्वय समितिबाट अनुगमन गरेकोमा सो क्रममा सम्पर्क गरिएका धेरै जसो अभिभावकले बालबालिकामा सुधार आएको जनाउनु भएको (एक जनाको जवाफ),<br>• बालबालिकाको अभिभावक र बालबालिकासंग भेट गर्नु मै समस्या रहेको,<br>• मुद्दाको प्रक्रियामा आउँदा मात्र भेट हुने हो। मुद्दा टुङ्गिएपछि सम्पर्क हुन नसक्ने हुँदा खासै जानकारी नहुने। |
| ७. | सजाय स्थगन वा सजायका अन्य स्वरुप प्रयोग गरी अभिभावक वा संरक्षकको जिम्मामा छाडिएको बालबालिका पुनः कानूनको विवादमा परेको अवस्था पाउनु भएको वा नभएको।<br>अनुगमन गर्ने गरेको नभए जानकारी पाउनु भएको माध्यम। | • अभिभावक वा संरक्षकको जिम्मामा छाडिएका केही बालबालिका पुनः कानूनको विवादमा परी आउने गरेको पाइएको,<br>• सबैभन्दा बढी लागु औषध, चोरीमा आउने गरेको,<br>• सडक बालबालिका बढी आउने गरेको र प्रहरीको निगरानीमा (Notice) मा पनि तिनीहरु नै बढी पर्ने हुँदा पनि दोहोरिएर आउने गरेका हुन सक्ने,<br>• पहिले चोरीमा समातिएका बालबालिका पछि डाँका मुद्दामा संलग्न रहेको भेटिने गरेको (कुनै कुनै मुद्दामा),<br>• जानकारी पाएको माध्यम प्रतिवेदन बनाउँदा, आफू बसेको क्षेत्रबाट अनौपचारिक कुराकानी गरेर तथा बालबालिकाको अभिभावक, आफन्त, इष्टमित्रसँग भेट हुँदा कुराकानीको क्रममा जानकारी पाएको। |
| ८. | वाल न्याय प्रशासनसँग सम्बन्धित प्रशिक्षण/कार्यशाला/अन्तर्क्रिया आदिमा सहभागी हुनुभएको नभएको। | • केन्द्रीय बाल कल्याण समन्वय समितिबाट २ महिने समाजसेबी, बालमनोविज्ञको तालिम लिएको,<br>• राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट संचालित प्रशिक्षण कार्यक्रममा संलग्न रहेको,<br>• पुनर्ताजगी प्रशिक्षण नपाएको। |
| ९. | गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू। | • सम्बन्धित सरोकारवालामा तालिमको अभाव, विशेषज्ञताको अभाव,<br>• उत्प्रेरणाका कुनै पनि तत्व नहुनु, |

| | | |
|---|---|---|
| | | • Follow-up को कमी,<br>• सचेतना कार्यक्रमको कमी,<br>• बालबालिका जिम्मा लिने अभिभावक, संरक्षक, संस्था आदिलाई आफ्नो आर्थिक, नैतिक, सामाजिक दायित्व वोध गराउनमा समस्या हुने,<br>• धेरै मुद्दाहरुमा आर्थिक कारण जोडिएको हुँदा सो विषयलाई सम्बोधन गरिनुपर्ने,<br>• कानूनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसक्नु,<br>• उमेर हद १६ वाट १८ बनाउँदा थप चुनौती थपिएको, पुर्वाधारको विकास बिना उमेर हद बढाइएको,<br>• प्रतिवेदन बुझाउँदा पहिले नै निर्धारित प्रतिवेदन बनाउन दवाव आउने गरेको,<br>• सरोकारवालाहरुमा इच्छा शक्तिको कमी देखिएको,<br>• बालबालिका भेट गरी प्रतिवेदन दिन समस्या रहेको, वयान, अभियोगपत्र बुझ्न नपाएको,<br>• बालबालिका बकपत्रमा आउँदा संस्थाबाट आएको छ भने बकपत्र गर्दा दवाव पनि आउने गरेको,<br>• प्रतिवादीको रोहवरमा पनि वकपत्र गर्नु परेको,<br>• वालमनोविज्ञ, समाजसेवीलाई पक्ष विपक्षको नजरले हेर्ने गरेको (धम्कीपूर्ण फोन गर्ने गरेको) कुनै कुनै मुद्दामा त पछिसम्म प्रहरी सुरक्षा चाहिने अवस्था रहेको। |
| १०. | सजाय स्थगन वा गैरहिरासतीय उपायसँग सम्बन्धित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने कार्य तथा उपायहरु। | • कानूनको कार्यान्वयन प्रभावकारी रुपमा हुनुपर्ने,<br>• बाल अदालत गठन हुनुपर्ने, |

| | | |
|---|---|---|
| | | • अनुगमनको पाटो ओझेलमा परेको हुँदा त्यसलाई सबल बनाउनु पर्ने र यसका लागि छुट्टै संयन्त्र खडा गरिनुपर्ने।<br>• समाजसेवीको भूमिका स्पष्ट हुनुपर्ने र उत्प्रेरणालाई बढावा दिनुपर्ने,<br>• नगरपालिका, स्थानीय निकायसँग मिलेर कानूनी सचेतनामूलक कार्यक्रमहरु गरिनुपर्ने,<br>• जिम्मा लिने व्यक्ति भरपर्दो हुनुपर्ने,<br>• बालबालिकालाई मनोसामाजिक परामर्श दिने र कम्तीमा ६ महिनामा एक पल्ट प्रतिवेदन बुझाउने,<br>• लागु औषध दुर्व्यसनमा फसेको बालबालिकालाई परामर्शको पाटो दरिलो बनाउनु पर्ने,<br>• उपत्यकाको हकमा गुठीलाई जिम्मा लिने वातावरण मिलाउनु पर्ने,<br>• स्थानीय निकायसँग मिलेर जनचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिनुपर्ने,<br>• सुरुदेखि मुद्दा हेरेको व्यक्ति जस्तै समाजसेवी, बालमनोविज्ञलाई Follow-up को जिम्मेवारी दिनुपर्ने,<br>• सुधारगृहमा राखिने बालबालिकाबिचमा पनि सुधार भए नभएको अनुगमन गर्ने औपचारिक माध्यमको प्रवन्ध जतिसक्दो चाँडो हुनुपर्ने। |

# सन्दर्भ ग्रन्थ सूची


## अन्तर्राष्ट्रिय दस्तावेज

- बाल अधिकारसम्बन्धी महासन्धि, १९८९।
- बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ नियमावली), १९८५।
- गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली), १९९०।
- संयुक्त राष्ट्रसंघीय बालअधिकार समिति र यसका सामान्य टिप्पणी नं. २४।

## राष्ट्रिय व्यवस्था

- नेपालको संविधान।
- मुलुकी अपराध संहिता, २०७४।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्वन्धी नियमावली, २०७५।
- बालबालिकासम्बन्धी ऐन, २०७५।
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६।
- बालबालिकासम्वन्धी नियमावली, २०७८।
- भारतको बालन्याय (बालबालिकाको हेरचाह तथा संरक्षण) ऐन, २०१५।
- बेलायतको बालबालिकासम्बन्धी ऐनहरू, १९८९ र २००४।
- बेलायतको अपराध र अव्यवस्था नियन्त्रणसम्बन्धी (क्राइम एण्ड डिसअर्डर) ऐन, १९९८।
- बेलायतको युवा न्याय तथा फौजदारी प्रमाण ऐन, १९९९।
- बेलायतको फौजदारी न्याय र अध्यागमन ऐन, २००८।
- बेलायतको अपराध र अव्यवस्था ऐन, १९९८।
- बेलायतको फौजदारी अदालतको अधिकार (सजायसम्बन्धी) ऐन, २०००।
- बेलायतको सजाय निर्धारण गर्ने ऐन, २०२०।

## पुस्तक अध्ययन प्रतिवेदन र स्रोत सामग्री


- Ved Kumari, The Juvenile Justice System: Critical Analyses, Universal /Lexis Nexis (2016).
- Ministry of Justice, Costs Per Place and Costs Per Prisoner (London: Ministry of Justice, 2015).
- नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७५, प्रकाशकः नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, हरिहरभवन, पुल्चोक, ललितपुर।
- नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७६, प्रकाशकः नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् श्रीमहल, पुल्चोक, ललितपुर।
- नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७, प्रकाशकः नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, हरिहरभवन, पुल्चोक, ललितपुर।
- बाल न्याय तथा बाल अधिकार (स्रोत सामग्री) २०७७, प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैंजू, काठमाण्डौ।
- बाल न्यायसम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु (२०७८), प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौ।


## शब्दकोष


- Oxford Advanced Learner's Dictionary (Eighth Edition). OXFORD UNIVERSITY PRESS.
- BLACK'S LAW DICTIONARY (Eighth Edition). THOMSON WEST.


## वेवसाइट


- Sentencing Children and Young People: Overarching Principles and Offence Specific Guidelines for Sexual Offences and Robbery Definitive Guideline, 1 June 2017, https://www.sentencingcouncil.org.uk/wp-content/uploads/Sentencing-Children-and-young-people-Definitive-ide_FINAL_WEB.pdf.
- Youth Justice Statistics 2020/21 England and Wales, 2021, p.7, https://assets.publishing.service.gov.uk/ government/ uploads/system/uploads/attachment_data/file/1054236/Youth_Justice_Statistics_2020-21.pdf.
- Ian Balkeman, The Youth Justice System of England and Wales, https://www.unafei.or.jp/publications /pdf/RS_ No78/No78_13VE_Blakeman.pdf.
- The Legal Aid Sentencing and Punishment of Offenders Act 2012 (LASPOA) removed restrictions on the repeated use of the referral order with the aim of promoting its use for the delivery of restorative justice conference.
- Juvenile Justice and Delinquency Prevention Act Reauthorization 2018, p. 1 and 2, https://ojjdp.ojp.gov/sites/g/ files/ xyckuh 176/files/media/document/jjdpa-as-amended_0.pdf.
- Getting to Zero: A 50-State Study of Strategies to Remove Youth from Adult Jails, https://drive.google.com/file/ d/1LLSF8uBlrcqDaFW3ZKo_k3xpk_DTmItV/view.

- https://nji.gov.ng/images/Workshop_Papers/2017/Orientation_Newly_Appointed_Magistrates/s5.pdf.
- https://www.collinsdictionary.com/dictionary/english/noncustodial-sentence.
- https://nji.gov.ng/images/Workshop_Papers/2017/Orientation_Newly_Appointed_Magistrates/s5.pdf.
- https://researchbriefings.files.parliament.uk/documents/POST-PN-0613/POST-PN-0613.pdf.
- https://www.sentencingcouncil.org.uk/sentencing-and-the-council/types-of-sentence/types-of-sentences-for-young-people/.
- https://www.gov.uk/government/organisations/youth-custody-service.
- अन्य वेवसाइटहरु
- *Government of Nepal v. Kumar Prasad*, Criminal Appeal No. 0009 of the year 2073, Decision Date- 2074/04/26 B.S. (2017.08.10).
- अन्य सान्दर्भिक नेपाली तथा विदेशी फैसलाहरु।

प्रकाशन संख्याः ११०

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं
फोन नं.: ९७७–१–४०२७४४९ / ४०२७४५१
फ्याक्स नं.: ९७७–१–४०२७१४०
पोष्ट बक्स नं.: २४८६५
Email.: info@njanepal.org.np
URL: www.njanepal.org.np